# अध्याय एक

# शोधको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि वस्तुमा रहेको गुण वा विशेषताहरुको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । मूल्याङ्कन शब्द 'मूल्य+अङ्क+अन' मिलेर बनेको छ । यसको अर्थ मूल्य निर्धारण गर्नु हुन्छ । शैक्षिक क्षेत्रमा विद्यार्थी सिकाइ उपलब्धि सम्बन्धी जानकारी प्राप्त गर्न प्रयोग गरिएको सबै प्रकारका विधि र तिनीहरुबाट प्राप्त जानकारीका आधारमा सिकाइ गुणस्तरको लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो ।

भाषिक सिप परीक्षण तथा मूल्याङ्कनका लागि भाषिक मूल्याङ्कनका साधनहरु निर्माण गरिएको हुन्छ । भाषिक मूल्याङ्कनका साधनहरु विभिन्न खालका हुन्छन् । ती मूल्याङ्कनका आधारमा निर्धारित हुन्छन् । सामान्यतः भाषिक सिपको मात्र नभई शैक्षिक मूल्याङ्कनका लागि लिखित प्रश्नकै उपयोग बढी गरेको पाइन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा विद्यार्थीको प्राप्तिको स्थिति मापन गर्ने उपयुक्त औजार प्रश्नपत्र नै हो । माध्यमिक शिक्षा परीक्षामा मात्र नभई अन्य तहमा पनि प्रयोगात्मक प्रणाली अनुसार मूल्याङ्कन गर्ने परिपाटी प्रायः छैन भने पनि हुन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा प्रश्नपत्रलाई नै प्रमुख साधन बनाई विद्यार्थीले भाषिक सिप के कति सिके भन्ने कुराको लेखाजोखा गर्ने प्रचलन देखिन्छ ।

भाषिक मूल्याङ्कनका सन्दर्भमा प्रश्न निर्माणलाई एउटा प्रविधि मानिएको छ । भाषा शिक्षणका सिलसिलामा विभिन्न प्रकृतिका प्रश्नहरु भाषिक अभ्यासका लागि महत्त्वपूर्ण सामग्री समेत बनेका हुन्छन् । मूल्याङ्कनीय प्रश्नहरु भाषा पाठ्यक्रमका समग्र विषय वस्तुलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा छनोटपूर्ण तरिकाले निर्माण गर्नु पर्ने हुन्छ । यस्तो भाषिक मूल्याङ्कन प्रणालीका सन्दर्भमा विद्यार्थीहरुको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने उपयुक्त औजार प्रश्नपत्र नै हो । यो जति गुणयुक्त हुन्छ, त्यति नै भर पर्दो र मूल्याङ्कनीय अपेक्षासँग सम्बन्धित हुन्छ । त्यसैले उद्देश्यपरकता, विश्वसनीयता, वैधता, विभेदकारिता, व्यवहार योग्यता जस्ता बाह्य र आन्तरिक गुणले ओतप्रोत भएका शुद्ध, स्पष्ट, निश्चित आयतन युक्त एवम् स्तरयुक्त प्रश्नको निर्माण गर्नु आवश्यक मानिन्छ ।

औपचारिक सन्दर्भमा भाषिक परीक्षणको सुरूवातदेखि नै लिखित परीक्षाको प्रयोगबाट मूल्याङ्कन गर्ने प्रचलन थियो, जुन आजसम्म पनि यथावत् नै छ । सम्पूर्ण विषयको मूल्याङ्कन प्रकृति प्रायः लिखित प्रणालीमै आधारित देखिन्छ; जसमा नेपाली भाषा विषयको त झन् लिखित परीक्षामै आधारित भएर मूल्याङ्कन गर्ने परिपाटी हालसम्म जीवित नै छ । प्रवेशिका परीक्षाको सन्दर्भलाई हेर्दा मूल्याङ्कन प्रणाली सुरूमा देशभरि एकै प्रकारका प्रश्नहरुका आधारमा गर्ने गरिएको पाइन्छ; तर वि.स. २०५९ पछि भने यसलाई संशोधन गरी क्षेत्रीय स्तरमा छुट्टाछुट्टै प्रकृतिका प्रश्नहरु निर्माण गरी प्रयोग गर्न थालिएको देखिन्छ । यसरी वि.स.२०६२ सम्म कक्षा ९ र १० का दुबै पाठ्यक्रमलाई आधार बनाएर प्रश्नपत्र निर्माण गरिदै आएकोमा वि.स. २०६३ देखि कक्षा १० को पाठ्यक्रमलाई मात्र आधार बनाएर प्रश्नहरु निर्माण गर्न थालिएको पाइन्छ । यस्तै वि .स. २०७३ को शिक्षा ऐनमा प्रस्तुत भए अनुसार कक्षा ९-१२ लाई माध्यमिक तह मानी प्रवेशिका परीक्षा कक्षा १२ को अन्त्यमा राष्ट्रिय स्तरको हुने र कक्षा १० को अन्त्यमा माध्यमिक शिक्षा परीक्षा हुने अनि प्रश्नपत्र विकास क्षेत्र अनुसार हुने व्यवस्था भए अनुसार वि.स. २०७३ मा विद्यालय शिक्षा परीक्षा सञ्चालन गरिएको देखिन्छ । यस्ता परीक्षाका लागि भाषिक प्रश्नपत्र निर्माण गर्दा उद्देश्यपरकता, विश्वसनीयता, वैधता, विभेदकारिता जस्ता गुणले ओतप्रोत भएका शुद्ध, स्पष्ट र निश्चित आयतन युक्त प्रश्नको निर्माण गरिएको हुन पर्दछ ।

पाँचै विकास क्षेत्रमा समान गुण भएका एउटै कठिनाइ स्तरका प्रश्नपत्र निर्माण गरी विद्यार्थीहरुको मूल्याङ्कन गर्न अहिलेसम्म माध्यमिक शिक्षा परीक्षामा उपयोग गरिएका प्रश्नपत्रको तुलना गरी प्रश्नपत्रको उपयुक्तताको आँकलन गरिएको पाइँदैन । प्रश्नपत्र पाठ्यक्रम अनुरूप भए नभएको, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र निर्माण गरिएको वा नगरिएको, प्रश्नपत्र निर्माणका आन्तरिक र बाह्य पक्षलाई ख्याल गरे नगरेको तथा सबै विकास क्षेत्रमा सोधिएका प्रश्नपत्रको कठिनाइ स्तरमा एकरूपता भए नभएको आदि पक्षको जानकारी लिनु आवश्यक देखिन्छ । त्यसैले प्रस्तुत शोध माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नपत्रको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

विद्यार्थीहरुले भाषिक सिपगत उपलब्धिहरु हासिल गरे नगरेको परीक्षण गर्न शैक्षिक सत्रको अन्त्यमा लिखित परीक्षा लिने गरिन्छ । जसका लागि निर्माण गरिने प्रश्न पाठ्यक्रम अनुरूप भए नभएको परीक्षण गरिनु पर्दछ । विद्यार्थीहरुका रुचि, आवश्यकता, स्तर अनुरूपका प्रश्नहरु निर्माण

गरिनुपर्दछ । प्रश्नहरु विश्वसनीय, वैध र स्तर युक्त छन् कि छैनन् ? आन्तरिक र बाह्य वैधताका दृष्टिले प्रश्नहरु उपयुक्त छन् कि छैनन् ? जस्ता कुराको जानकारी प्रश्नपत्रको विश्लेषणबाट मात्र थाहा पाउन सकिन्छ । हाल माध्यमिक शिक्षा परीक्षामा प्रत्येक विकास क्षेत्रका अलग-अलग प्रश्नहरुको निर्माण गरी सञ्चालन गरिने हुँदा हरेक विकास क्षेत्रमा सोधिएका प्रश्नहरुमा एकरूपता छ कि छैन ती प्रश्नहरु कठिनाइ स्तरका दृष्टिले ठिक छन् कि छैनन् भनी अध्ययन गर्न आवश्यक देखिन्छ । त्यसैले माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरुमा रहेका निम्न अनुसारका समस्याहमा केन्द्रित रहेर शोधपत्र तयार पारिएको छ :

क) माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरु आन्तरिक र बाह्य वैधताका आधारमा निर्माण गरिएका छन् ?

ख) माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरु विशिष्टीकरण तालिकाका आधारमा निर्माण गरिएका छन् ?

ग) उक्त प्रश्नहरुमा के कस्ता समानता वा भिन्नताहरु रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरुको तुलनात्मक अध्ययन गर्नु नै प्रस्तुत शोधको मूल उद्देश्य हो । यसै मूल उद्देश्यको केन्दीयतामा प्रस्तुत शोधका उद्देश्यहरु निम्नानुसार छन् :

क) सैद्धान्तिक आधारमा २०७३ सालका माध्यमिक शिक्षा परीक्षामा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरुको अध्ययन गर्नु

ख) विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नहरुको विश्लेषण गर्नु र

ग) प्रत्येक विकास क्षेत्रका प्रश्नहरुको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि अनुसन्धान, अध्ययन वा खोजकार्य आफैमा महत्त्वपूर्ण विषय हो । औचित्य विना कुनै पनि कार्यको थालनी गरिँदैन । त्यस्तै माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययनको पनि आफ्नै महत्त्व रहेको छ । हाम्रो जस्तो मुलुकमा भाषिक

सम्प्राप्तिको स्थिति मापन गर्ने एउटै मात्र औजारका रूपमा प्रश्नपत्र रहेको देखिन्छ । तसर्थ यस्ता प्रश्नपत्रहरु निर्माण गर्दा विश्वसनीयता, वैधता, विभेदकारिता, व्यापकता तथा व्यवहार उपयोगिता जस्ता आन्तरिक र बाह्य गुणहरुले युक्त, स्तरयुक्त शुद्ध र स्पष्ट जस्ता कुरामा ख्याल गर्नु पर्छ । यस किसिमका परीक्षामा सोधिने प्रश्नपत्रहरु सैद्धान्तिक दृष्टिले उपयुक्त छन् कि छैनन्, प्रश्नहरु विशिष्टीकरण तालिका अनुसार छन् कि छैनन्, प्रश्नहरुमा एकरूपता छ कि छैन ? जस्ता विषयमा यो शोध केन्द्रित भएकाले प्रस्तावित अध्ययन महत्त्वपूर्ण हुने छ । माध्यमिक शिक्षा परीक्षाका प्रश्नहरुसँग सम्बन्धित केही अधययनहरुलाई हेर्दा प्रत्येक अध्ययनले प्रश्न निर्माण सम्बन्धी केही न केही त्रुटि देखाएकाले सो कुराको जानकारी पाई आगामी दिनमा यस्ता त्रुटिहरुको सुधार गरी विद्यार्थी, शिक्षक तथा परीक्षासँग सम्बन्धित अन्य निकायलाई समेत सहयोग पुऱ्याउने भएकाले अध्ययन औचित्यपूर्ण रहेको विश्वास गरिएको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध निम्नलिखित कुरामा सीमित रहेको छ :

क) विद्यालय शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका अनिवार्य नेपाली विषयका नियमित तर्फका प्रश्नहरुको मात्र अध्ययन गरिने छ ।

ख) प्रश्नहरुको सैद्धान्तिक आधारमा मात्र अध्ययन गरिने छ ।

ग) विशिष्टीकरण तालिकाका आधारमा मात्र प्रश्नहरुको अध्ययन गरिने छ ।

घ) प्रश्नहरुको आन्तरिक र बाह्य विशेषताका आधारमा मात्र तुलना गरिने छ ।

## १.६ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउनका लागि विभिन्न अध्याय र त्यस अन्तर्गत शीर्षक र उपशीर्षक दिएर संरचित गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्याको समीक्षा र सैद्धान्तिक अध्ययन

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरुको अध्ययन विश्लेषण

अध्याय पाँच : सैद्धान्तिक आधारमा भाषिक प्रश्नपत्रहरुको विश्लेषण

अध्याय छ : आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नहरुको तुलना

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

व्यक्तिवृत ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

प्रश्नपत्रको निर्माण एक जटिल र महत्त्वपूर्ण कार्य हो । प्रश्नपत्रहरु विश्वसनीय, वैध एवम् व्यवहारिक बनाउन प्रश्नपत्रको विश्लेषण गरी प्रश्न निर्माणमा सुधार ल्याउन आवश्यक देखिन्छ । यसै क्रममा प्रश्नपत्रको विश्लेषण सम्बन्धी विभिन्न शोधपत्रहरुको तयार पारिएको छ भने विद्वान्हरुले प्रश्नको विश्लेषणसँग सम्बन्धित पुस्तकहरु प्रकाशन गरेको पाइन्छ । विभिन्न शोध तथा पुस्तकहरुको अध्ययन गर्दा प्रश्नपत्र निर्माण सम्बन्धी केही न केही त्रुटि यथावत नै रहेको देखिन्छ । प्रश्नपत्र विश्लेषण सम्बन्धी विभिन्न शोधपत्रको अध्ययन गर्दा हाल सम्म माध्यमिक शिक्षा परीक्षा नेपाली भाषा विषयका प्रश्नपत्रको अध्ययन नभएको पाइयो । विभिन्न शोध तथा प्रश्न निर्माण सम्बन्धी विषयवस्तु समेटिएका पुस्तकहरुको अध्ययन गर्दा माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययनमा पर्याप्त सहयोग पुग्ने देखिन्छ । तसर्थ प्रश्न विश्लेषण सम्बन्धी तमाम शोध कार्य तथा पुस्तकहरु भएता पनि केही प्रमुख पुस्तक तथा शोध कार्यको पुनरावलोकन निम्नानुसार गर्न सकिन्छ :

### २.१.१ पुस्तक पुनरावलोकन

प्रश्नपत्र निर्माणमा देखिएका त्रुटिहरुर्ला हटाउने उद्देश्यले प्रश्नपत्रको विश्लेषण गरिन्छ । प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्न निर्माण सम्बन्धी के कस्ता त्रुटिहरु देखिन्छन् र यस्ता त्रुटिहरुलाई निराकरण गर्न कस्ता कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ भन्ने कुराहरुको चर्चा गरिएका पुस्तकहरु थुप्रै भेटिन्छन् । यी पुस्तकहरु मध्ये केही पुस्तकहरुको पुनरावलोकन निम्नानुसार गर्न सकिन्छ :

शर्मा र पौडेल (२०६९) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* पुस्तक प्रकाशित गरिएको पाइन्छ । यसमा भाषिक मूल्याङ्कनको परिचय र प्रविधि अन्तर्गत भाषिक मूल्याङ्कनको प्रयोजन, भाषिक मूल्याङ्कनका सिद्धान्तहरु, मूल्याङ्कन परिपाटी, प्रकार, उपाय तथा प्रचलित युक्ति, मूल्याङ्कनमा प्रश्चमार्जन प्रभाव, विशिष्टीकरण तालिकाको निर्माण र  प्रयोग प्रश्न निर्माणका चरण, अभ्यास, विषयगत तथा वस्तुगत प्रश्नहरु आदिको बारेमा विस्तृत रूपमा व्याख्या तथा

विश्लेषण गरिएको पाइन्छ । यसको अध्ययनबाट प्रश्नपत्रहरुको विश्लेषण गर्नेमा प्रयाप्त सहयोग पुग्ने देखिन्छ ।

पौडेल (२०७०), द्वारा *भाषिक परीक्षण पुस्तक* प्रकाशित गरिएको पाइन्छ । यसमा भाषिक परीक्षणको सैद्धान्तिक अवधारणा, भाषिक परीक्षणको ऐतिहासिक आधारहरु, भाषिक परीक्षणका युक्ति र साधनहरु, भाषिक  परीक्षण योजना र साधनको निर्माण र कार्यान्वयन, भाषिक प्रश्न निर्माण विश्लेषण जस्ता शीर्षकमा रहेर व्याख्या गरिएको छ । उक्त पुस्तकको अध्याय पाँचमा भाषिक प्रश्न निर्माण र विश्लेषण अन्तर्गत, विषयगत प्रश्न, वस्तुगत प्रश्न, प्रश्ननिर्माणका चरणहरु, परीक्षण प्रशासन र कार्यान्वयन, भाषिक प्रश्न निर्माण तथा विश्लेषणका आधारहरु एवम् उ.मा.वि. तहको विशिष्टीकरण तालिका समेत प्रस्तुत गरिएको पाइन्छ । यसको अध्ययनबाट प्रश्नपत्रको विश्लेषणमा प्रयाप्त सहयोग पुग्ने देखिन्छ ।

जबरा र अन्य (२०७०), द्वारा *शिक्षामा मापन तथा मूल्याङ्कन* पुस्तक प्रकाशित गरिएको पाइन्छ । यसमा परीक्षणको प्रमाणीकरण शीर्षक अन्तर्गत प्रश्नपत्रको लेखन, प्रश्नपत्रको पुनरावलोकन, सम्पादन र प्रश्न निर्माणका क्रममा ध्यान दिनु पर्ने कुराहरुलाई उल्लेख गरिएको पाइन्छ । त्यसै गरी यसमा प्रश्नका प्रकार, प्रश्नको कठिनाइ स्तर, प्रश्नको उपलब्धिको स्वरूप आदिको समेत चर्चा गरिएको पाइन्छ ।

ढुङ्गेल र दाहाल (२०७०), द्वारा *नेपाली भाषा शिक्षण* पुस्तक प्रकाशन गरेको पाइन्छ । यसमा भाषिक परीक्षणका साधनहरु, प्रश्न निर्माणका चरणहरु, भाषिक परीक्षणका ऐतिहासिक आधारहरु, भाषिक परीक्षण योजना र साधनको निर्माण शीर्षकमा विस्तृत रूपमा चर्चा गरिएको छ । साथै मापनका आधारहरु भन्ने शीर्षक अन्तर्गत प्रश्न निर्माण सम्बन्धी सैद्धान्तिक अवधारणाको प्रस्तुत गर्दै प्रश्न निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरु प्रश्नका प्रकार र माध्यमिक तहको विशिष्टीकरण तालिका समेतको व्यापक चर्चा गरिएको  पाइन्छ । यसको अध्ययनबाट प्रश्नपत्रको विश्लेषणमा प्रयाप्त सहयोग पुग्ने देखिन्छ ।

खनाल र अन्य (२०७१), द्वारा *शिक्षामा मापन तथा मूल्याङ्कन* पुस्तक प्रकाशित गरेको पाइन्छ । यसमा मूल्याङ्कन सम्बन्धी धारणा, परीक्षाका किसिम, विषयगत र वस्तुगत प्रश्न निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरु, प्रश्न विश्लेषण, निबन्धात्मक प्रश्नको व्याख्या, प्रस्तुत प्रश्नका प्रकारहरु, प्रश्न विश्लेषण छनोट, परीक्षाको ढाँचा सञ्चालन निर्देशन एवम् नतिजा व्याख्या जस्ता विषयवस्तुको व्याख्या एवम् विश्लेषण गरेको पाइन्छ । उक्त पुस्तकमा शैक्षिक मापन तथा

मूल्याङ्कनका लागि स्पष्ट धारणा समेत पेस गरेको पाइन्छ । यसको अध्ययनबाट प्रश्नपत्रको विश्लेषणमा प्रयाप्त सहयोग पुग्ने देखिन्छ ।

प्रश्नपत्र विश्लेषणसँग सम्बन्धित यी विभिन्न पुस्तकहरुको अध्ययन गर्दा प्रश्न निर्माण गर्ने विभिन्न प्रक्रिया तथा तौर तरिकाहरु समावेश गरिएको देखिन्छ । यी पुस्तकहरुमा प्रश्न विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक अवधारणाहरुको चर्चा गरिएको, विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग तथा प्रश्न निर्माणका चरणहरुको बारेमा विस्तृत रूपमा व्याख्या गरिएको पाइन्छ । त्यसैले माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययन शीर्षकको शोध तयार गर्दा उक्त पुस्तकहरुबाट प्रसस्त सहयोग पुग्ने देखिन्छ ।

## २.१.२ शोधको पुनरावलोकन

प्रश्नपत्र विश्लेषणको तुलनात्मक अध्ययनसँग सम्बन्धित भएर यस पूर्व विभिन्न शोधपत्रहरु तयार पारिएको देखिन्छ । उक्त शोधकार्यको अध्ययन गर्दा प्रश्नपत्रको निर्माणमा विभिन्न त्रुटिहरु रहेको देखिन्छ । प्रश्नपत्रलाई सैद्धान्तिक दृष्टिले उपयोगी बनाउन प्रश्नहरु वैज्ञानिक, व्यवस्थित, वस्तुनिष्ठ तथा व्यवहारिक गुणले युक्त बनाउने विभिन्न सुझावहरु प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रहरु प्रस्तावितन शीर्षकका लागि यस पूर्वका शोधकार्यहरुले पर्याप्त सहयोग पुऱ्याउने आधार स्रोतहरुको रूपमा देखिन्छ । प्रश्नपत्रको विश्लेषणसँग सम्बन्धित यस्ता केही शोधकार्यहरु सम्पन्न गरिए पनि माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नपत्रको तुलनात्मक अध्ययन शीर्षकमा अहिलेसम्म कुनै पनि शोधकार्य तयार पारिएको देखिँदैन । त्यसको विश्लेषणसँग सम्बन्धित थुप्रै शोधकार्य भए पनि केही प्रमुख शोधपत्रको निम्न अनुसार पुनरावलोकन गर्न सकिन्छ :

बस्नेत (२०६२) द्वारा *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधकार्यमा भाषिक प्रश्न निर्माणका आधारहरुको सैद्धान्तिक पक्षको आकलन गर्ने, प्रश्नपत्रका बाह्य तथा आन्तरिक वैधताको अध्ययनबाट प्राप्त कमजोरीहरु औल्याइ सुधारात्मक उपायहरु दिने जस्ता उद्देश्यहरु राखिएका छन् । यस शोधमा सामग्री सङ्कलन क्षेत्रीय अध्ययन विधिद्वारा गरिएको पाइन्छ । यस अध्ययनबाट निष्कर्षका रूपमा वर्ण विन्यास तथा विश्वसनीयतामा ज्यादा महत्त्व दिइएको, भाषिक सिपमा जोडदिने प्रश्नहरु कम समावेश गरिएको जस्ता कुरा उल्लेख गरिएको पाइन्छ ।

पोखरेल (२०६४), द्वारा *प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नको तुलनात्मक अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा नेपाली विषयका प्रश्नहरुको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, विभिन्न कोणबाट उक्त प्रश्नको विश्लेषण गर्नु, प्रश्नमा रहेका कमी कमजोरीहरु पत्ता लगाउनु जस्ता उद्देश्यहरु रहेका छन् । पुस्तकालय कार्य विधिको उपयोग गरी सामग्री सङ्कलन गरी द्वारा उक्त शोध तयार पारिएको छ । प्रस्तुत शोधमा समावेश प्रतिनिधि प्रश्नहरुमा तह उल्लेख नगरिएको, वर्ण विन्यासगत त्रुटि रहेको, भाषिक दृष्टिले कमजोर प्रकृतिका प्रश्नहरु रहेको आदि निष्कर्षहरु प्रस्तुत गरिएको पाइन्छ ।

गौतम (२०६६) द्वारा *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधको उद्देश्य प्रश्नपत्रको सङ्कलन गर्नु, ती प्रश्नको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु र प्रश्नपत्र सुधारका लागि सुझाब दिनु जस्ता उद्देश्यहरु राखिएको छ । पुस्तकालय अध्ययन विधिद्वारा सामग्री सङ्कलन गरी तयार पारिएको छ । उक्त शोधको निष्कर्ष रूपमा निर्देशनगत त्रुटि रहेको प्रश्नहरु एस.एल.सी. परीक्षाबाट प्रभावित भएको, विशिष्टीकरण तालिकाको निर्देशनलाई ख्याल नगरी प्रश्न निर्माण गरिएको पाइन्छ भने हचुवाको भरमा प्रश्न निर्माण गर्ने प्रक्रियाको अन्त्य गर्नु पर्ने सुझाब प्रस्तुत गरिएको छ ।

शाह (२०६६), द्वारा *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको छ । उक्त शोधका उद्देश्यहरुमा भाषिक प्रश्न निर्माणका आधारहरु पहिल्याउनु, वैधता र विश्वसनीयताका आधारमा प्रश्न विश्लेषण गर्नु, प्रश्नका सबल र दर्बल पक्षहरु छुट्याउनु तथा आवश्यक सुझाब पेस गर्नु आदि रहेका पाइन्छन् । पुस्तकालय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरेर तयार पारिएको देखिन्छ । उक्त शोधमा केही जिल्लाका नाम उल्लेख नगरिनु, पृष्ठ निर्देशनमा एकरुपता नभएको, अङ्क वितरणमा समानता नरहेको, पढाइ र लेखाइ सिप परीक्षणमा सीमित रहेको जस्ता कमजोरी रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

निरौला (२०६७), द्वारा *प्रवेशिका परीक्षा २०६६ मा सोधिएका नेपाली विषयका प्रश्नहरुको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको देखिन्छ । प्रस्तुत शोधमा प्राथमिक स्रोत र द्वितीय स्रोत तथा भाषा पाठ्य पुस्तक, पत्रपत्रिका जस्ता अध्ययन विधिबाट सामग्री सङ्कलन गरी शोध तयार

पारिएको देखिन्छ । प्रस्तुत शोधमा भाषिक प्रश्नको अध्ययन गर्नु विशिष्टीकरण तालिकाका आधारमा प्रश्नको अध्ययन गर्नु प्रत्येक विकास क्षेत्रका प्रश्नको तुलनात्मक अध्ययन गर्नु, प्रश्नमा रहेका सबल र दर्बल पक्षहरु छुट्याउनु जस्ता उद्देश्यहरु रहेका छन् । यस अध्ययनमा स्पष्ट निर्देशनको अभाव रहेको पाइयो । विषयगत वैधताका दृष्टिले प्रश्नहरु उपयुक्तता नै रहेको तथा प्रश्न निर्माणमा हिज्जेमा केही असावधानी रहेको जस्ता निष्कर्षहरु निकालिएको पाइन्छ ।

श्रेष्ठ (२०६९), द्वारा *एस.एल.सी. पूर्व योग्यता परीक्षा २०६८ मा निजी तथा सरकारी विद्यालयले प्रयोग गरेका नेपाली प्रश्नहरुको तुलनात्मक अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधको उद्देश्य प्रश्नपत्र निर्माणका आन्तरिक र बाह्य विशेषताहरुका आधारमा प्रश्नपत्रको सैद्धान्तिक विश्लेषण गर्नु, विशिष्टीकरण तालिक अनुसार प्रश्नपत्र तयार गरे नगरेको कुरा पत्ता लगाई प्रश्नपत्रको सबल र दुर्बल पक्षहरुको पहिचान गर्नु तथा सुधारका लागि सुझाब दिनु रहेको पाइन्छ । पुस्तकालय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी शोधपत्र तयार पारिएको छ । उक्त शोधको निष्कर्षको रूपमा वर्ण विन्यासगत त्रुटि रहेको, प्रश्नपत्रमा उपयुक्त चिह्न प्रयोग नगरिएको, विषयवस्तुको व्यापकता र सङ्कलनमा  वस्तुगत प्रश्नलाई बढुवा दिनु पर्ने र पृष्ठाङ्क दिनु पर्ने जस्ता पक्षको लागि सुझाबहरु  पेश गरिएको छ ।

थापा (२०७२), द्वारा स्नातक तहको अनिवार्य नेपाली विषयका पुराना र नयाँ प्रश्नहरुको तुनात्मक अध्ययन शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको देखिन्छ । उक्त अध्ययनको लागि पुस्तकालयीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी शोधपत्र तयार पारिएको छ । उक्त शोधमा स्नातक तह नेपाली विषयका पुराना र नयाँ प्रश्नहरु, प्रश्न निर्माणका आन्तरिक र बाह्य आधार अनुरूप निर्माण भए नभएको तुलनात्मक रूपमा हेर्नु, विशिष्टीकरण तालिकाका आधारमा पुराना र नयाँ पाठ्यक्रममा आधारित प्रश्नको अध्ययन गर्नु जस्ता उद्देश्यहरु राखिएको छ । यस अध्ययनले प्रश्न निर्देशन स्पष्ट नभएको पाठ्यक्रम अनुरूपताका दृष्टिले प्रश्नहरु कमजोर रहेको एवम् भाषिक दृष्टिले समेत कमजोर प्रकृतिका प्रश्नहरु रहेको निष्कर्ष प्रस्तुत गरेको पाइन्छ ।

भट्ट (२०७२), द्वारा *वि.एड. प्रथम वर्ष २०६८ र २०६९ मा साधारण नेपाली विषयका प्रश्नपत्रको तुलनात्मक अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधको उद्देश्य विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्रको निश्चित गर्नु, आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नपत्रको विश्लेषण गरी तुलनात्मक अध्ययन गर्नु र प्रश्नपत्रमा रहेका कमी कमजोरीहरुको पहिचान गर्दा सुझाब दिनु रहेका छन् । सामग्री सङ्कलनका लागि पुस्तकालय विधि प्रयोग गरिएको

छ । उक्त शोधमा प्रश्नपत्रमा पृष्ठ सङ्ख्या उल्लेख गरिएको, एउटै प्रश्नलाई दुई पेजमा राखिएको, निर्देशन चिह्न प्रयोग नगरिएको र प्रश्नवाचक चिह्न (?) दिनु पर्ने ठाउँमा पूर्ण विराम चिह्न (।) प्रयोग गरिएको हुँदा प्रश्नपत्रको सुधारका लागि विभिन्न सुझावहरु प्रस्तुत गरिएको छ ।

जैसी (२०७३), द्वारा *सेती अञ्चल कक्षा आठका जिल्ला स्तरीय परीक्षाका प्रश्नपत्रहरुको तुलनात्मक अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको देखिन्छ । उक्त अध्ययनका लागि पुस्तकालय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी शोध तयार पारिएको देखिन्छ । उक्त शोधमा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु, प्रश्नपत्रहरुका बिच समानता र भिन्नता पहिल्याउनु जस्ता उद्देश्यहरु राखिएको छ । यस अध्ययनले प्रश्न अनुच्छेदको क्रम नमिलेको पाइनु, विशिष्टीकरण तालिकाको ख्याल नगरी प्रश्नपत्र निर्माण गरिनु, तथा प्रश्नपत्रले पाठ्यक्रमका सम्पूर्ण उद्देश्यहरुलाई समावेश गर्न नसक्नु एवम् भाषिक दृष्टिले समेत कमजोर प्रकृतिका प्रश्नहरु रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

रिमाल (२०७३), द्वारा *उ.मा.वि.तह अनिवार्य नेपाली विषयक प्रश्नपत्रको विश्लेषण* शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधकार्यमा प्रश्नपत्रको बाह्य र आन्तरिक वैधताका आधारमा उक्त प्रश्नको विश्लेषण गर्नु तथा विशिष्टीकरण तालिकाको आधारमा प्रश्नहरुको विभिन्न कोणबाट तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरु रहेका छन् । उक्त अध्ययनमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि र तुलनात्मक विधिलाई मुख्य विधिका रूपमा प्रयोग गरिएको छ । उक्त प्रश्नपत्रमा पृष्ठ सङ्ख्या धेरै रहेको, निवन्धात्मक र संक्षिप्त उत्तरात्मक प्रश्नहरुका बिच समुचित अनुक्रम नमिलेको, शीर्ष भागमा अङ्ग्रेजीमा लेखिनु भाषिक दृष्टिकोणले नमिलेको भन्दै सुधारका लागि सुझावहरु प्रस्तुत गरिएको छ ।

माथि उल्लेखित विभिन्न शोधहरुको अध्ययन गर्दा प्रश्नहरुको विश्लेषणसँग सम्बन्धित भएर केही शोधपत्र तयार पारिएको भएता पनि माध्यमिक शिक्षा परीक्षा अनिवार्य नेपाली विषयका प्रश्नहरुको अध्ययन भएको देखिँदैन । माथि उल्लेखित शोधपत्रको अध्ययनले प्रस्तुत शोधलाई शीर्षक चयनदेखि रूप विधान सम्म यावत् पक्षमा प्रशस्त सहयोग पुऱ्याएका छन् । यसै कुरालाई मध्येनजर गर्दै माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य गर्नु उपयोगी देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

कुनै पनि वस्तुमा रहेको गुण वा विशेषताको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । हरेक कार्यक्रमको अन्तिम अवस्थामा त्यसबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनले उपलब्धिको लेखाजोखा गर्नुका साथै समग्र कार्यक्रम कार्यान्वयन प्रक्रिया र उद्‌देश्यको समेत लेखाजोखा गर्दछन् । यस अर्थमा भन्ने हो भने मूल्याङ्कनले कुनै पनि कार्य वा कार्यक्रमको सम्पूर्ण पक्षको प्रभावकारिता र उपयुक्तताको परीक्षण गर्दछ । यसबाट कार्यक्रमका लागि पृष्ठपोषण प्राप्त हुन्छ । शिक्षण सिकाइबाट प्राप्त उपलब्धिहरु अपेक्षा गरे अनुरुप छन् वा छैनन्, उद्‌देश्य परिपूर्ति हुन सके वा सकेन भन्ने कुरा लगायत शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री र उद्‌देश्यकै उपयुक्तताको परीक्षण गर्ने आधार शैक्षिक मूल्याङ्कनबाट प्राप्त हुने गर्छ ।

भाषिक सिपहरुको मूल्याङ्कन नै भाषिक मूल्याङ्कन हो । यसको सम्बन्ध भाषा शिक्षणसँग हुन्छ । भाषाका विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ (लामिछाने, २०६५ : २५) । भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँग जोडिएको हुन्छ । भाषा शिक्षण भाषिक सिपहरुको शिक्षण भएकाले भाषिक मूल्याङ्कन पनि भाषिक सिपको अपेक्षासितै शिक्षणको अभिन्न प्रक्रिया बनेको हुन्छ । सिपगत अपेक्षासँग सान्दर्भिक हुने भाषा तात्त्विक सुझ वा ज्ञानका सीमित सैद्धान्तिक प्रसङ्गमा बाहेक यो मूलतः भाषाका ग्रहण (सुनाइ, पढाइ) र अभिव्यक्ति (बोलाइ, लेखाइ) पक्षसँग सम्बन्धित कला र सिपको लेखाजोखा गरी पृष्ठ पोषण दिनमा केन्द्रित हुन्छ । यसको मूल उद्‌देश्य विद्यार्थीहरुको भाषिक क्षमता स्तर, आँकलन गर्नु मात्र नभई शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता परीक्षण गर्नु तथा भाषा सिकाइमा देखिएका कठिनाइ र समस्याका क्षेत्रहरु पहिचान गरी निराकरणात्मक शिक्षण सिकाइमा सहयोग गर्नु पनि रहेको हुन्छ (शर्मा र पौडेल, २०६८ : २६१) । भाषा शिक्षणको क्रममा निश्चित उद्‌देश्य र लक्ष्यहरु विद्यार्थीहरुमा हासिल गराउनका निम्ति मूल्याङ्कनको बारम्बार उपयोग गरी विद्यार्थीको प्रगतिदर, क्षमता, स्तर आदिको विकास गर्न भाषिक मूल्याङ्कन आवश्यक पर्दछ ।

भाषिक मूल्याङ्कनका लागि परीक्षा एक अनिवार्य सर्त हो । परीक्षा लिखित, मौखिक र प्रयोगात्मक गरी तिन किसिमका हुन्छन् । वर्तमान समयमा लिखित परीक्षा बढी प्रचलित छ । लिखित परीक्षाको प्रश्नपत्रमा पनि वस्तुगत र विषयगत गरी दुई प्रकारका प्रश्नहरु समेटिएका हुन्छन् । वस्तुगत प्रश्न अन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने तथा बहु

वैकल्पिक प्रश्न र विषयगत प्रश्न अन्तर्गत निबन्धात्मक प्रश्न र संक्षिप्त उत्तरात्मक प्रश्नहरु समावेश गरिएको हुन्छ । यस्ता प्रश्नहरु विद्यार्थीको स्तर, क्षमता, रुचि, आवश्यकता आदिलाई आधार मानेर निर्माण गर्नु पर्दछ भने यी प्रश्नहरु दोहोरो अर्थ नलाग्ने, स्पष्ट, वैज्ञानिक, व्यवस्थित, वस्तुनिष्ठ तथा विश्वसनीयता, वैधता, व्यावहारिकता, विभेदकारिता जस्ता गुणहरुले युक्त हुनु पर्दछ ।

भाषिक सिप परीक्षणको लागि भाषिक मूल्याङ्कनका साधनहरु निर्माण गरिन्छ । यस्ता साधनहरुको विश्वसनीयता वैधता र प्रभावकारितामा नै भाषिक शिक्षणको उपलब्धिमा निर्भर रहन्छ । भाषा शिक्षणको सुरुवातसँगै कुनै न कुनै रूपमा भाषिक मूल्याङ्कन गर्ने परिपाटी पनि विकास भएको पाइन्छ । तर अहिलेसम्म आइ पुग्दा पनि भाषिक मूल्याङ्कन दोषमुक्त हुन सकेको छैन । यसलाई वैज्ञानिक, व्यवस्थित तथा वस्तुनिष्ठ बनाउन भाषिक मूल्याङ्कनका साधनहरुको आन्तरिक र बाह्य पक्षको विश्लेषण गर्नु पर्ने हुन्छ ।

## २.३ प्रश्न निर्माण र विश्लेषणका सैद्धान्तिक आधारहरु

प्रश्न निर्माणका सिद्धान्तहरुमा आधारित भएर कुनै पनि भाषा पाठ्यक्रमको मर्म अनुरूप प्रश्नहरुमा हुनु पर्ने गुण र व्यावहारिकताका दृष्टिकोणले प्रश्नहरुको निर्माण र विश्लेषण गरिन्छ (पौडेल, २०६८ : ९१) । यसका निम्ति सुनिश्चित तह र कक्षाका निवर्तमान भाषिक प्रश्न वा प्रश्नहरुलाई प्रतिनिधि नमुना छनोट गरेर सैद्धान्तिक दृष्टिले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने तरिका अपनाइन्छ । यसरी प्रश्नहरुको अध्ययन विश्लेषण गर्दा प्रश्न विश्लेषणमा मात्र सीमित नभई समग्र प्रश्नपत्रको बाह्य पक्षको वैधता समेत केलाउने कार्य गरिन्छ । यस आधारमा प्रश्नपत्र निर्माण र विश्लेषण प्रश्नको उपयुक्तता, व्यावहारिकता, संक्षिप्तता, निश्चितता र स्पष्टता आदिका आधारमा गरिन्छ । प्रश्न निर्माण तथा विश्लेषणका सैद्धान्तिक आधारहरुको चर्चा निम्नानुसार गर्न सकिन्छ :

### २.३.१ प्रश्न निर्माण र विश्लेषणका बाह्य आधार

प्रश्न निर्माण र विश्लेषणको बाह्य आधार भनेको समग्र प्रश्न र प्रश्नपत्रमा हुनु पर्ने स्वरूपगत औपचारिकता, वैधता र उपयुक्तताका दृष्टिले निर्वाह गर्नु पर्ने सिप र व्यवहारका कुराहरु हुन् (पौडेल, २०७० : ११०) । प्रश्नको आकृतिगत वैधता केलाउने कार्य बाह्य आधार अन्तर्गत गरिन्छ । प्रश्नपत्र स्पष्ट, स्तरीय एवम् आकर्षक हुन नसके बाह्य आकृति प्रभावकारी बन्न सक्दैन ।

यसको बाह्य आधार नै दोषपूर्ण हुन जाने हुँदा शैक्षिक अपेक्षाहरु नै अपूर्ण रहने स्थितिको सिर्जना हुन सक्छ । प्रश्न निर्माण तथा विश्लेषणका बाह्य आधारहरु निम्न छन् :

### २.३.१.१ निर्देशन

कुनै पनि प्रश्नको उत्तर के दिने, कसरी दिने, कति दिने भन्ने कुराको आशयको जानकारीलाई निर्देशनले बताउँछ । परीक्षार्थीले प्रश्नपत्रको उत्तर दिने मूल आधार निर्देशनको भूमिका महत्त्वपूर्ण हुने भएकाले स्पष्ट, दोहोरो अर्थ नलाग्ने, शुद्ध एवम् वस्तुनिष्ठ जस्ता गुणले युक्त हुनु पर्दछ । यदि प्रश्नका निर्देशनमा  दोहोरो अर्थ लाग्ने, अस्पष्ट, अशुद्ध भएमा विद्यार्थीहरु अन्यौलमा पर्न सक्छन् । आवश्यकता अनुसार परीक्षणीय उद्देश्यलाई सार्थक बनाउन निर्देशन हुनु पर्दछ । निर्देशन अन्तर्गत प्रश्न निर्देशन, शीर्ष निर्देशन, चिह्न स्पष्ट निर्देशन विकल्प निर्देशन जस्ता कुराहरु रहन्छन् ।

प्रश्न निर्देशनभित्र हरेक प्रश्न वा प्रश्न समूहका आशय, उद्देश्य, प्रक्रिया र सीमाहरुको विविधतायुक्त निर्देशनहरु पर्दछन् । निर्देशनविनाको प्रश्नपत्र अस्पष्ट अन्योलपूर्ण, अपूर्ण र अवैध समेत बन्न सक्छ । एउटा प्रश्नभित्र विभिन्न उपप्रश्नहरु समेत हुन सक्ने भएकाले यस्तो अवस्थामा प्रश्नगत निर्देशन अझ आवश्यक हुन्छ । यसभित्र प्रश्न सङ्केत, निर्देशन चिह्न आकृति विकल्प निर्देशन तथा भाषिक शुद्धता र स्पष्टता जस्ता कुराहरुमा विशेष सचेतताको आवश्यकता पर्दछ ।

### २.३.१.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणले प्रश्नपत्रमा ठुलो महत्त्व राख्दछ । प्रश्नको अङ्कभार अनुसार समय निर्धारण गरिने हुनाले यी दुईका विचमा सन्तुलन हुनु जरुरी छ । अङ्क र समय सन्तुलन नमिलेका प्रश्नहरुले बाह्य वैधतामा मात्र नभई आन्तरिक वैधतामा पनि आँच पुऱ्याउने खालका हुन सक्छन् ।

प्रश्नपत्रको प्रकृति अनुसार समय निर्धारण गरिनु पर्दछ । लामो उत्तर दिनु पर्ने प्रश्नलाई बढी अङ्कभार र समय तथा छोटा उत्तर दिनु पर्ने प्रश्नलाई कम अङ्कभार र समय छुट्याइयो भने अङ्क विभाजन र समय निर्धारण उपयुक्त हुन सक्छ ।

### २.३.१.३ प्रस्तुति अनुक्रम/स्तरण

प्रस्तुति अनुक्रम वा स्तरण भनेको प्रश्नको प्रवृत्ति र कठिनाइ स्तरलाई ख्याल गरी सो अनुरूपको स्थानमा निर्धारण र वितरण गर्ने तरिका हो । प्रश्नपत्रमा विभिन्न प्रकृतिका प्रश्नहरु हुन सक्छन्; जस्तै : विषयगत वस्तुगत आदि । यसभित्र पनि विभिन्न खालका प्रश्नहरु हुन सक्छन् । जस्तैः वस्तुगत, ठिक बेठिक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने र वहुवैकल्पिक आदि विषयगत; विचारात्मक विस्तारात्मक; वर्णनात्मक, संक्षिप्त उत्तरात्मक, शुद्धीकरणमूलक र विभिन्न रचना सम्बन्धी आदि ।

प्रस्तुति अनुक्रम मिलाउदा प्रश्नपत्रका प्रकृति अनुसार समूहमा छुट्याई समूह 'क' समूह 'ख' समूह 'ग' गरेर सरल-जटिलताको क्रममा राख्नु पर्ने हुन्छ । प्रश्नपत्रमा प्रस्तुति अनुक्रम मिलाउँदा विशिष्टीकरण तालिका अनुसार प्रश्नको अनुक्रम मिलाउनु पर्ने हुन्छ । अनुक्रम क्रमशः शब्द भण्डार, हिज्जे, व्याकरण, बोध, अनुच्छेद लेखन, सारांश लेखन, कथा, चिट्ठी, निबन्ध, संक्षिप्त उत्तर, तार्किक उत्तर आउने प्रश्न राख्नु पर्दछ (रिजाल, २०७३ : २१) । यो प्रक्रियामा प्रश्नहरु समावेश गर्नु नै प्रस्तुति अनुक्रम वा स्तरण हो ।

### २.३.१.४ प्रश्नपत्रको स्वरूप

आकृति र आकार प्रकारलाई प्रश्नपत्रको स्वरूप मान्न सकिन्छ । प्रश्नपत्रको स्वरूपभित्र शीर्षभाग, मध्यभाग र अन्त्य भाग तथा किनारा सबै पर्दछन् । यसक्रममा विषय, कक्षा तह परीक्षाको किसिम, पूर्णाङ्क, समय शीर्षक निर्देशन, अङ्क, आकर्षक छपाई, कागज, आकार, अक्षर अन्तराल, रङ्ग भाषा आदि समग्र कुराले प्रश्नको स्वरूप तयार भएको हुन्छ । यिनै आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु पर्ने हुन्छ ।

### २.३.१.५ भाषा

प्रश्नपत्रमा हुनु पर्ने महत्त्वपूर्ण गुणमध्ये भाषा एक महत्त्वपूर्ण पक्ष हो । प्रश्नपत्रमा प्रयोग भएको भाषा स्पष्ट, शुद्ध र सरल हुनु पर्दछ । प्रश्न, अस्पष्ट हुन गई भाषा त्रुटिपूर्ण भएमा अर्थ गलत लाग्न सक्छ । भाषा गलत, दोहोरो अर्थ लाग्ने खालको भएमा यसको स्वरूपगत वैधताका साथै आन्तरिक वैधता समेत खलबलिन सक्छ । भाषा वर्ण विन्यास, पद योग, पद वियोग वर्ण वा

अक्षराकार, लोप, चिह्न प्रयोग र विभक्तिको प्रयोग सङ्गति र शासन आदि सम्बन्धी त्रुटि रहन सक्छन् । प्रश्नपत्रको निर्माण तथा विश्लेषण गर्दा यी आधारहरुलाई ख्याल गर्नु पर्दछ ।

## २.४ प्रश्नपत्र निर्माण तथा विश्लेषणका आन्तरिक आधारहरु

कुनै प्रश्न एवम् प्रश्नपत्रको स्वरूप आन्तरिक वैधताले निर्धारण गर्दछ । कतिपय स्थितिमा प्रश्नपत्रको बाह्य स्वरूपले आन्तरिक स्वरूपलाई पनि प्रभावित पार्न सक्दछ तर बाह्य वैधता भनेको प्रश्न वा प्रश्नपत्रमा हुनु पर्ने औपचारिक वा प्राविधिक तत्त्व मात्र हो भने आन्तरिक वैधता असल प्रश्नपत्रका लागि नभई नहुने अनिवार्य तत्त्व हो । प्रश्नको आन्तरिक बनोटले नै प्रश्नपत्रको दिशा निर्धारित गर्दछ र समग्र परीक्षणका वास्तविक उद्देश्य हाँसिल गर्न गराउन सुनिश्चित प्रक्रिया एवम् मार्ग निर्देशन गर्दछ । अतः कुनै पनि प्रश्नपत्रको उद्देश्यपरकता, प्रभावकारिता, प्रक्रियागत, स्तरयुक्तता तथा वैषयिक उपयुक्तता आदिको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययन गरेर मात्र निक्यौंल गर्न सकिन्छ ।

त्यसैले कुनै पनि भाषिक प्रश्न निर्माण र विश्लेषणको महत्त्वपूर्ण आन्तरिक आधार वा वैधताका दृष्टिले प्रश्नपत्रको अध्ययन विश्लेषण गरी उपयुक्त अनुपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त, गुणयुक्त र स्तरयुक्त प्रश्नहरुको निर्माण गर्ने सुझ प्राप्त गर्न सकिन्छ (पौडेल, २०७० : ११५) । त्यसैले परीक्षणलाई उद्देश्यपूर्ण एवम् सार्थक दिशामा लगेर वास्तविक परीक्षण गर्न सक्ने वा नसक्ने भाषिक प्रश्नहरुको मर्मलाई यसै आन्तरिक आधारमा केलाएर हेर्ने गरिन्छ । आन्तरिक आधार अन्तर्गत प्रश्नहरु निर्माण तथा विश्लेषणका आधाहरुलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

### २.४.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति उपयोगमा ल्याउने प्रश्नहरुले पाठ्यक्रमको समग्रताको प्रतिनिधित्व गर्न सक्नु पर्दछ । प्रश्नहरु भाषा विषय परीक्षणका दृष्टिले प्रतिनिधिमूलक हुनु पर्दछ । प्रश्नपत्रहरुले पाठ्यक्रमको भाषा र मर्मलाई आत्मसात् गर्न नसके सम्पूर्ण शैक्षिक प्रक्रिया नै अलमलमा पर्ने हुन्छ । पाठ्यक्रमका उद्देश्य, विधि र क्षेत्र निर्धारित, अङ्कभार आदि अनुसार प्रश्नपत्रको विश्लेषण गरिन्छ । यसभित्र उपशीर्षकहरु विधा वा विषय वस्तुको उद्देश्य र प्रश्न विषय वस्तुको सीमा र प्रश्न अङ्कभार, प्रश्न सन्तुलन, विधागत समय र प्रश्न सापेक्षता आदि रहन्छन् (रिमाल, २०७३ : २२) ।

### २.४.२ भाषिक पक्षको संयोजन र सन्तुलन

भाषिक पक्षभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रहरुमा समावेश गरिने पढाइ सिप लिखित रचना सिप, शब्द भण्डार क्षमता तथा व्याकरणिक ज्ञान र प्रयोग क्षमताहरु पर्दछन् । यी कुराहरु विशेषत लिखित परीक्षाका भाषिक पक्षसँग सम्बन्धित कुराहरु हुन् । यी विविध पक्षका आधारमा प्रश्नपत्र उपयुक्त छन् या छैनन् भनी प्रश्नपत्रको विश्लेषण गर्न सकिन्छ ।

### २.४.३ प्रश्नमा हुनु पर्ने गुणहरु

प्रश्न वा प्रश्नपत्रको आन्तरिक पक्ष सबल वा दुर्बल हुनुमा प्रश्नपत्रमा हुनु पर्ने गुणहरुले सर्वाधिक भूमिका खेलका हुन्छन् । व्यावहारिकता, विभेदकारिता वैधता, विश्वसनीयता जस्ता कुराहरु प्रश्नपत्रका गुणहरु मानिन्छ । प्रश्नपत्रका आन्तरिक पक्ष सबल र दुर्बल हुनुमा यिनै गुणहरुले भूमिका खेलेको हुन्छन् । यी गुणहरु स्तरीय प्रश्नपत्रका लागि अपेक्षित हुन्छन् । उचित तवरले प्रश्नमा हुनु पर्ने गुणहरुको समायोजन हुन सकेमा मात्र प्रश्नपत्रको गुणस्तरमा वृद्धि हुन सक्छ । प्रश्नहरुको अध्ययन यिनै आन्तरिक गुणहरुका आधारमा गर्न सकिन्छ ।

#### क) विश्वसनीयता

जति पटक परीक्षा लिए पनि अथवा भिन्न भिन्नै परीक्षकहरुले अङ्क मापन गरे पनि एउटै वा समान किसिमको लब्धाङ्क प्राप्त हुने प्रश्नको गुणलाई नै विश्वसनीयता भनिन्छ (पौडेल, २०७० : ११९) । मापन गर्न पटक पटक प्रयोग गर्दा नतिजामा देखा पर्ने एकरूपताको वा अवस्थालाई विश्वसनीयता भनिन्छ (पराजुली र अन्य, २०६५  १५०) । विश्वसनीयताले साधनको स्थिरता एकरूपता, समरूपता, सम्बन्धी गुण, भविष्यवाणी गर्ने सक्ने क्षमता र शुद्धताबारे जानकारी दिन्छ । विषयगत प्रश्नहरुको सापेक्षतामा वस्तुगत प्रश्नमा विश्वसनीयता बढी हुन्छ । परीक्षण पुनः परीक्षण विधि, समानन्तरता प्रारूप विधि, परीक्षण विधि, आन्तरिक एकरूपता विधि जस्ता पर्दछन् । यी विधिहरुको उचित प्रयोग गरेर विश्वसनीयता मापन गर्न सकिन्छ । प्रश्नपत्रमा यस्ता गुणहरु छन् छैनन् भनी केलाएर हेर्न प्रश्न विश्लेषण गर्नु पर्ने हुन्छ ।

परीक्षाको विश्वसनीयता मापन गर्ने थुप्रै किसिमका विधिहरु प्रचलनमा आएको पाइन्छ, जस्तो अन्तर सङ्गतिमूलक विधि, परीक्षण पुनः परीक्षण विधि, कुडर रिचर्सन विधि, अर्ध विभाजन विधि, समानान्तर बनोट विधि र कर्नव्याक अल्फा विधि आदि । उक्त विभिन्न विधिहरुलाई

परीक्षणको उद्देश्य र प्रकार अनुसार छनोट गरेर उपयोग गर्न सकिन्छ । आधारभूत रूपमा परीक्षण पुनः परीक्षण विधि, समानान्तर बनोट परीक्षण विधि र अन्तर सङ्गतिमूलक विधिलाई नै मूल रूपमा उपयोग गर्ने गरेको पाइन्छ; जसलाई संक्षिप्तमा निम्नानुसार चिनाउन सकिन्छ :

### अ) परीक्षण पुनः परीक्षण विधि

कुनै छोटो समयको अन्तरालमा एउटै परीक्षण सामग्री र प्रविधिलाई सञ्चालन गरी दुबै परीक्षणबाट प्राप्त सूचनाको तुलनात्मक अध्ययन गरेर सहसम्बन्धात्मक गुणाङ्क पत्ता लगाई जति धेरै सह सम्बन्ध देखियो त्यति उच्च विश्वसनीय मान्ने विधि नै परीक्षण पुनः परीक्षण विधि हो । भाषिक प्रश्नपत्रको विश्लेषणमा यस विधिलाई उपयोगमा ल्याउन सकिन्छ ।

### आ) समानान्तर प्रारूप विधि

एकै स्वरूप र स्तरका फरक फरक परीक्षण सामग्रीको सहयोगले भिन्न भिन्नै परीक्षण गर्दा प्राप्त भएका सूचनाका आधारमा मापनीय सह-सम्बन्धात्मक गुणाङ्कको परख गरी जति धेरै सह सम्बन्ध देखियो त्यति उच्च विश्वसनीय मानिने विधि समानान्तर प्रारूप विधि हो । प्रश्नपत्रको गुण पहिचान गर्न समानान्तर प्रारूप विधिद्वारा विश्लेषण गर्न सकिन्छ ।

### इ) अर्ध विभाजन विधि

एउटै प्रश्नावलीलाई दुई भागमा विभाजन गरेर फरक फरक समयमा वा फरक फरक समूहमा परीक्षण गर्दा प्राप्त भएका अन्तर सङ्गतिमूलक सूचनाका आधारमा सह सम्बन्धात्मक उच्चता र न्यूनताको परख गरी विश्वसनीयताको मापन गरिने विधिलाई अर्ध विभाजन विधि भनिन्छ । भाषिक प्रश्नको विश्वसनीयता पहिचान गर्न अर्ध विभाजन परीक्षण विधिद्वारा प्रश्नपत्र विश्लेषण गर्न सकिन्छ ।

### ई) कुडर रिचर्डसन विधि

परीक्षण पुनः परीक्षण विधि, समानान्तर प्रारूप विधि, अर्ध विभाजन विधिहरुमा विश्वसनीयता निकाल्न अत्यधिक समय लाग्छ । किनभने यिनको सञ्चालन दुई पटक गर्नु पर्ने वा जोर विजोर नम्बरका प्रश्नहरु छुट्याई अलग-अलग योगफल निकाल्नु पर्छ । कुडर रिचर्सन विधिमा भने प्रत्येक प्रश्नहरुको अङ्कन गर्ने र ठिक उत्तरलाई 'एक' अङ्क र बेठिक उत्तरलाई 'शून्य'

अङ्क दिनु पर्छ र यही आधारमा प्रत्येक प्रश्नको कठिनाइ स्तर निकाल्न सकिन्छ । त्यसैले अन्य विधिका कमजोरीहरुलाई हटाएर विश्वसनीयता निकाल्न कुडर रिचर्सन विधि आएको हो ।

यसरी विभिन्न ढङ्गले विश्वसनीयताको गुणाङ्क परख गर्न सकिन्छ । जे होस् परीक्षालाई वास्तविक र ठोस निष्कर्षमा पुऱ्याउन र वैध एवम् अपेक्षित उद्देश्यमा पुऱ्याउन विश्वसनीयताको महत्त्वपूर्ण भूमिका देखिन्छ । त्यो भूमिका भाषा परीक्षणका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । वैध परीक्षणका वास्तविक सूचनाद्वारा नै भाषिक मूल्याङ्कनले जीवन्तता प्राप्त गर्ने भएकाले त्यसको पूर्ण आवश्यक सर्त विश्वसनीयता हो र त्यो विश्वसनीयता भाषा परीक्षणमा अनिवार्य रूपमा अभिव्यक्त हुन आवश्यक मानिन्छ ।

## ख) वैधता

कुनै पनि परीक्षणको मापन कति उपयुक्त सन्दर्भिक र मान्य छ, त्यसलाई वैधता भनिन्छ । फ्रिंक र अन्यका अनुसार "परीक्षाले के कुरा मापन गर्ने उद्देश्य राखेको छ र सो कुरा कति मात्रामा मापन गऱ्यो वैधताको सूचकांकले बताउँछ" (शर्मा र शर्मा, २०६६ : २१०) । जुन विषय र उद्देश्यको परीक्षण र मापन गर्नका लागि प्रश्न बनाइएको हो त्यही कुराको सफल र प्रमाणिक वा मानक हुन सक्ने प्रश्नको गुणलाई नै बैधता भनिन्छ (पौडेल, २०७० : ११९) । एउटा असल र वैज्ञानिक परीक्षामा नभई हुने गुण वैधता हो । भाषा निर्देशन परीक्षाको लम्बाई, विषय वस्तुको समेटाइ, कठिनाइ स्तर, सांस्कृतिक र सामाजिक भिन्नता आदिले समेत वैधतालाई प्रभाव पार्दछन् । यिनै आधारलाई ख्याल गरी प्रश्नपत्र विश्लेषण गरिन्छ ।

### अ) विषयगत वैधता

प्रश्नले परीक्षणमा समावेश गरिएको सम्पूर्ण विषय वस्तुको प्रतिनिधित्व गर्दछ भने त्यस्तो जाँचलाई वैधता रहेको मानिन्छ (जबरा र अन्य, २०६८ : १९०) । परीक्षाको सहसम्बन्ध स्थापित गरी वैधता पत्ता लगाइन्छ भने त्यस्तो वैधतालाई विषयगत वैधता भनिन्छ । साधनमा देखिने तोकिएको कार्यक्षत्रको सार्थकतालाई विषयगत वैधता भनिन्छ । विद्यार्थीको स्तर अनुसारको प्रश्न, शुद्ध भाषा, सरल र स्पष्ट निर्देशन, सम्पूर्ण पाठ्यक्रमलाई ओगटन सक्ने प्रश्न पाठ्भार, पाठंयाश र अङ्कभारको समान अनुरूपता, पाठ्यक्रमको अनुक्रम र परिमिततालाई मापन गर्न सक्ने खालका परीक्षण प्रश्न निर्माणमा ध्यान दिनु पर्छ । प्रश्नपत्रको विश्लेषण गर्दा यी गुणहरुले युक्त छ छैन भनी अध्ययन गर्नु पर्दछ ।

### आ) अनुमानात्मक वैधता

प्राप्ताङ्कका आधारमा विद्यार्थीको भविष्यको उपलब्धिको अनुमान गर्न सक्ने मापनको साधनको गुणलाई अनुमानात्मक वैधता भनिन्छ । कुनै जाँचको प्राप्ताङ्कले व्यक्ति विशेषको क्षेत्रमा सफल र असफलताको अनुमान गर्न सक्दैन भने त्यस्ता प्रश्नलाई अनुमानात्मक वैधताका दृष्टिले अवैध मानिन्छ । नमुना प्रश्नपत्रमा त्यस्तो भविष्यवाणी गर्न सक्ने क्षमता छ छैन भनी प्रश्नपत्रको विश्लेषण गर्नु पर्ने हुन्छ ।

### इ) समवर्ती वैधता

एक परीक्षण र अर्को परीक्षणबिचको सम्बन्धका आधारमा वैधता नाप्नुलाई समवर्ती वैधता भनिन्छ । अहिलेको परीक्षण पछिको परीक्षणको प्राप्ताङ्कमा निकटवर्ती समानता भयो भने त्यस्तो प्रश्नपत्रमा समवर्ती वैधता हुन्छ (थापा, २०७२ : २०) ।

### ई) रचनात्मक वैधता

रचनात्मक वैधता भन्नाले सम्बन्धित विषय वस्तुको ज्ञान र सिपको परीक्षणबाट परीक्षार्थीमा अन्तर निहित भावना प्रवृत्ति र क्षमताको समेत परीक्षण गर्न सकिने स्थिति मान्न सकिन्छ; अथवा विद्यार्थीका अन्तर मनसँग सम्बन्धित तार्किक, बौद्धिक, सांवेगिक, सामाजिक, मौलिक सिर्जनात्मक प्रतिभा वा पक्षको समेत प्रकाश पार्न सक्ने गुणले युक्त परीक्षण नै रचनात्मक वैधतधाको मर्म हो । त्यसैले रचनात्मक वैधताले असाधारण, सैद्धान्तिक र प्रायोगिक समस्याहरुको झलक प्रस्तुत गरी विषयगत, अनुमानात्मक र मापदण्डात्मक वैधताका जटिल प्रश्नहरुको समाधान गर्न सहयोग पुऱ्याउने हुनाले अन्य वैधताका दृष्टि‍े पनि महत्त्वपूर्ण र आधारभूत गुण बनेको हुन्छ । भाषिक परीक्षणका दृष्टिले पनि रचनात्मक वैधता निकै सान्दर्भिक र महत्त्वपूर्ण गुण बनेको पाइन्छ ।

### उ) आकृतिगत वैधता

एनस्टसीले मापनका लागि देखिने सतही पन नै आकृति हो भने तापनि केही विद्वानहरुले आकृतिगत वैधतालाई वैधताको सङ्केत समेत गरेका छन् । तर पनि परीक्षाका दृष्टिले वास्तविक परीक्षाको आभास दिने, सूचनात्मक गुण अथवा विद्यार्थीहरुका निम्ति वास्तविक परीक्षाको प्रलोभन दिने अर्जीका रूपमा यसलाई लिन सकिन्छ ।

झट्ट हेर्दा परीक्षाको अभास हुने र सोही अनुरूप परीक्षार्थीहरु त्यसप्रति लोभिन सकुन् भन्ने अभिप्राय नै आकृतिगत वैधताको मर्म हो (पौडेल, २०६८ : ३८) । विद्यार्थीले प्रश्नपत्र झट्ट हेर्दा आकर्षक, स्पस्ट रूपमा किनारा छोडिएको  प्रश्नहरु, स्पष्ट देख्न सकिने तथा विद्यार्थीको सोचलाई सकारात्मक प्रभाव पार्ने आकृतिको प्रश्नपत्र भएमा त्यसलाई आकृतिगत वैधता मानिन्छ । यसलाई परीक्षाको बाह्य वैधताको रूपमा लिन सकिन्छ ।

## ग) व्यावहारिकता

परीक्षणीय प्रश्नहरु वैज्ञानिक मात्र नभई व्यावहारिक पनि हुनु पर्दछ । यसले भाषिक क्षमताको परीक्षण गर्ने स्तरीय र उपयुक्त प्रश्नहरुलाई दर्साउँछ । व्यावहारिक प्रश्न बनाउन परीक्षा सञ्चालन उपयुक्त, समय सापेक्षता, स्पष्टता, मितव्ययी, सिपमूलकता जस्ता पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले उक्त कुरामा ध्यान दिनु पर्दछ । प्रश्नमा व्यावहारिकताको गुण रहनु अनिवार्य आवश्यकता हुन्छ । मापनका साधन निर्माण र प्रयोगमा समय, श्रम, खर्च जस्ता कुरालाई व्यावहारिक बनाउनु पर्दछ र प्रश्नपत्रको विश्लेषणमा यी कुराहरुको अध्ययन गर्नु पर्दछ ।

## घ) विभेदकारिता

विभेदकारिता भनेको विभिन्न उपलब्धि स्तर भएका परीक्षार्थी छुट्ट्याउन सक्ने गुण हो । वैयक्तिक भिन्नताका कारणले प्रत्येक विद्यार्थीको बौद्धिक क्षमता, तार्किक क्षमता, सिपगत कुशलता तथा शैलीगत सिर्जनशीलताको स्तर फरक फरक हुन सक्छ । अतः तेज, मध्यम र मन्द आदि उपलब्धि स्तर भएका सबै खालका विद्यार्थीहरुको स्तर र स्थान निर्धारण गर्न सक्ने क्षमता परीक्षाका प्रश्नहरुले राख्न आवश्यक छ । विभेदकारिताको गुण प्रश्नहरुमा तब मात्र सिर्जना हुन सक्छ जब प्रश्नमा विश्वसनीयता र वैधताका उच्च गुण रहन्छन् । मौलिकता झल्कने खालका रचनात्मक गुण भएका प्रश्नहरु यसमा महत्त्वपूर्ण हुन्छन् तर पाठ्य पुस्तकबाट हुबहु निकालिएका तथा पहिचान प्रतिस्मरण र कण्ठस्थीकरणलाई प्रोत्साहन दिने खालका प्रश्नहरुले विभेदकारिताको गुणमा स्वतः ह्रास ल्याउँछन् । तसर्थ प्रश्नपत्रको विश्लेषण गर्दा यी गुणहरुलाई ख्याल गरी अध्ययन गरिनु पर्दछ ।

### २.४.४ प्रश्नका विविध पक्षहरु

मौखिक र प्रयोगात्मक परीक्षा असम्भव भएको अवस्थामा लिखिति परीक्षाको विकल्प रहँदैन । यस अवस्थामा पाठ्य पुस्तकका सम्पूर्ण विषय वस्तुलाई समेटेर प्रश्न निर्माण गर्न कठिन हुन्छ । लिखित परीक्षाका सन्दर्भमा थोरै समयमा धेरै कुराको परीक्षण हुन सक्ने र विषय वस्तुको व्यापकतालाई यथोचित निर्वाह गर्न सकिने वस्तुगत प्रश्नहरु समेत निर्माण गरेर परीक्षण गर्नु जरुरी हुन्छ ।

वर्णनात्मक, विवेचनात्मक, तुलनात्मक, सश्लेषणात्मक जस्ता प्रश्नहरु विषयगत प्रवृत्तिका प्रश्नहरु हुन् । उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास, व्याकरण तत्त्वको पहिचानात्मक परीक्षण गर्न वस्तुगत प्रश्नहरु समावेश गरिएका हुन्छन् । भाषिक परीक्षणको उच्च सन्तुलन मिलाई राख्न विषयगत र वस्तुगत दुबै प्रकृतिका प्रश्नहरुको निर्माण गरिनु पर्दछ । यसरी निर्मित भाषिक प्रश्नहरुलाई सैद्धान्तिक र व्यावहारिक ढङ्गले विश्लेषण गरी स्तर युक्त एवम् त्रुटि रहित प्रश्न निर्माण गर्न र उपयुक्त परीक्षण गरी भाषा शिक्षणलाई सुधारात्मक पृष्ठ पोषण दिई परिमार्जन गर्नतर्फ सचेत रहनु आवश्यक छ ।

### २.४.५ भाषा

प्रश्नका आन्तरिक गुण वा वैधतालाई प्रभाव पार्ने प्रमुख तत्त्व भाषा पनि हो । भाषा प्रयोगको शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरलता र जटिलताले प्रश्न प्रभावित हुन्छ (पौडेल, २०६८ : १२४) । प्रश्न सोधाइको घुमाउँरोपन, जटिल शब्द र वाक्य संयोजन, वर्ण विन्यासले त्रुटि ल्याएका अर्थ भिन्नता, चिह्न प्रयोगका दृष्टिले गरिएका गलत सूचना तथा संगतिगत अशुद्धताले देखिएका हचुवा आदिलाई आन्तरिक वैधताका दृष्टिले केलाउन सकिन्छ । भाषा प्रयोगमा देखिने यस्ता लापरवाही प्रवृत्तिले प्रश्नको आन्तरिक वैधतामा आघात पर्दछ । तसर्थ सरल, स्पष्ट, शुद्ध र स्तर अनुकूल भाषा प्रयोग गरी प्रश्न निर्माण गर्न अत्यन्त जरूरी हुन्छ ।

## अध्याय तिन

# अध्ययन विश्लेषण विधि र प्रक्रिया

कुनै पनि कार्य पुरा गर्नका लागि अपनाइने तौर, तरिका, ढङ्ग ढाँचालाई अध्ययन विधि भनिन्छ । प्रस्तुत शोधमा वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक अध्ययन विधिद्वारा व्याख्या विश्लेषण गरी प्राप्त तथ्याङ्कको वस्तुपरक अध्ययनद्वारा ठोस निष्कर्षमा पुग्नका लागि विभिन्न तालिकाहरु प्रसतुत गरिएको छ  साथै सैद्धान्तिक अध्ययनबाट प्राप्त तथ्याङ्कहरुलाई आवश्यकता अनुसार वर्णनात्मक पद्धतिको सीमाभित्र समेटी प्रश्नपत्रको तुलनात्मक अध्ययन गरिएको छ ।

प्रस्तुत शोधमा प्रश्नपत्रहरु सैद्धान्तिक आधारमा र विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण गरिएको छ । त्यस्तै देशका प्रत्येक विकास क्षेत्रका प्रश्नहरुको आन्तरिक र बाह्य विशेषताका आधारमा तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## ३.१ सामग्रीको स्रोत

प्रस्तुत अनुसन्धान कार्यलाई सम्पन्न गर्न तथा उक्त कार्यलाई व्यवस्थित वस्तुनिष्ठ र प्रमाणिक बनाउनका लागि प्राथमिक तथा द्वितीय सामग्रीको उपयोग गरिएको छ । माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नपत्रलाई यस अध्ययनको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

### ३.१.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययन कार्यलाय सम्पन्न गर्नका लागि प्राथमिक सामग्री अन्तर्गत वि.स. २०७३ सालमा सञ्चालित माध्यमिक शिक्षा परीक्षा नेपाली विषयका पाँच विकास क्षेत्रका प्रश्नपत्रहरुको तुलनात्मक अध्ययन गर्न सबै विकास क्षेत्रका प्रश्नपत्रहरु सङ्कलन गरिएको छ र तिनैलाई प्राथमिक स्रोत बनाइएको छ ।

### ३.१.२ द्वितीय स्रोत

प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका लागि द्वितीयक सामग्रीका रूपमा विभिन्न पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, विशिष्टीकरण तालिका, शोधपत्र, लेख, रचना तथा शोध निर्देशकको सल्लाहलाई द्वितीयक स्रोत र सामग्रीका रूपमा लिइएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत शोधकार्यका लागि विद्यालय शिक्षा परीक्षा २०७३ सालमा उपयोग गरिएका पाँच विकास क्षेत्रका एक एक वटा प्रश्नपत्रहरुलाई नै जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ उपकरण निर्माण

प्रस्तुत अध्ययनमा प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्रीहरु संकलन गरी शोध कार्य निर्माण गरिएको छ । यस क्रममा माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नपत्रहरु तथा प्रश्नपत्र विश्लेषणका लागि माध्यामिक तहको नेपाली भाषाको विशिष्टीकरण तालिकालाई मूख्य आधार मानी प्रश्नपत्र विश्लेषण गर्दा तालिकाहरु समेत विश्लेषण गरी व्याख्या विश्लेषण गरिएको छ । यसरी प्रश्नपत्र विश्लेषणका सैद्धान्तिक आधार अन्तर्गत उपआधारहरुलाई समेत शोध निर्माणको उपकरणको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया र विधि

प्रस्तुत अध्ययपनमा प्राथमिक तथा द्वितीय स्रोतका सामग्रीहरुबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा २०७३ सालमा सञ्चालित माध्यमिक शिक्षा परीक्षामा सोधिएका पाँच विकास क्षेत्रका नेपाली विषयका एक एक वटा प्रश्नपत्र यस अध्ययनको विषय बनेका छन् भने, द्वितीयक स्रोतको रूपमा पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, शोधपत्र, प्रश्नपत्र विश्लेषण सम्बन्धी सैद्धान्तिक आधार, विशिष्टीकरण तालिका आदिलाई मानिएको र तिनैलाई सङ्कलन गरेर पुस्तकालयीय अध्ययन विधि र तुलनात्मक विधिद्वारा प्रस्तुत शोधकार्य अगाडि बढाएको छ ।

## ३.५ अध्ययन विश्लेषण र प्रक्रिया

प्रश्नपत्रको विश्लेषणसँग सम्बन्धित पाठ्य पुस्तक सन्दर्भ पुस्तक पत्रपत्रिका लेख रचनाबाट प्रश्न विश्लेषणका सैद्धान्तिक आधारहरुको जानकारी लिइएको छ । सोको आधारमा माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएका नेपाली भाषाका प्रश्नहरुको सङ्कलन गरेर, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको अध्ययन गरी ती प्रश्नपत्रहरुको आन्तरिक र बाह्य आधारमा अध्ययन गरी तुलनात्मक अध्ययन समेत गरेर विश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

## अध्याय चार

# विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार माध्यमिक शिक्षा परीक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका विभन्न पक्षहरुका आधारमा क्रमशः विश्लेषण गर्न सकिन्छ :

## ४.१ शब्द भण्डारका आधारमा प्रश्नपत्रको अध्ययन

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत शब्दभण्डारका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**शब्द भण्डार सम्बन्धी**

**तालिका नं १**

| प्रश्पत्र | प्रश्नका प्रकार | विधा | प्रश्नको तह | | | | प्रश्नको सङ्ख्या र अङ्कभार | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्या.सि | उ.द | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार |
| पूर्वाञ्चल | शब्द भण्डार | शब्दार्थ | १ | | - | | १ | १ | ४ |
| | | शब्द ज्ञान | १ | | - | | १ | १ | ३ |
| | | वाक्यमा प्रयोग | - | | १ | | १ | १ | ५ |
| मध्यमाञ्चल | शब्द भण्डार | शब्दार्थ | १ | | - | | १ | १ | ४ |
| | | शब्द ज्ञान | १ | | - | | १ | १ | ३ |
| | | वाक्यमा प्रयोग | - | | १ | | १ | १ | ५ |
| पश्चिमाञ्चल | शब्द भण्डार | शब्दार्थ | १ | | - | | १ | १ | ४ |
| | | शब्द ज्ञान | १ | | - | | १ | १ | ३ |
| | | वाक्यमा प्रयोग | - | | १ | | १ | १ | ५ |
| मध्य पश्चिमाअञ्चल | शब्द भण्डार | शब्दार्थ | १ | | - | | १ | १ | ४ |
| | | शब्द ज्ञान | १ | | - | | १ | १ | ३ |
| | | वाक्यमा प्रयोग | - | | १ | | १ | १ | ५ |
| सुदूर पश्चिमाञ्चल | शब्द भण्डार | शब्दार्थ | १ | | - | | १ | १ | ४ |
| | | शब्द ज्ञान | १ | | - | | १ | १ | ३ |
| | | वाक्यमा प्रयोग | - | | १ | | १ | १ | ५ |

माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएका पाँचै विकास क्षेत्रका प्रश्नहरुको शब्द भण्डारका आधारमा अध्ययन गर्दा क) शब्दार्थ, ख) शब्द ज्ञान र ग) वाक्यमा प्रयोग सम्बन्धी क्षेत्रहरुको समावेश गरिएको देखिन्छ ।

**क) शब्दार्थका आधारमा**

शब्दार्थ सम्बन्धी प्रश्न प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रहरुको प्रश्न नं. १ मा सोधिएको छ । यसमा ज्ञानसँग सम्बन्धित समूह 'क' मा आठ वटा शब्दहरु (तत्सम ४, तद्भव २ र आगन्तुक २) दिइएको छ भने समूह 'ख' मा ती शब्दको पहिचानका निम्ति ११ वटा शब्दहरु राखिएको छ । यसमा समूह 'क' मा दिएका शब्दको अर्थ समूह 'ख' बाट पहिचन गरी उत्तर पुस्तिकामा लेख्न भनिएको छ । यस आधारमा शब्दार्थ सम्बन्धी प्रश्न विशिष्टीकरण तालिका अनुरूप नै रहेको देखिन्छ ।

**ख) शब्द ज्ञानका आधारमा**

शब्द ज्ञान सम्बन्धी प्रश्न पाँचै क्षेत्रका प्रश्नहरुको प्रश्न नं. २ मा सोधिएको पाइन्छ । अनेकार्थी २, पयार्यवाची २, श्रुतिसम भिन्नार्थीबाट १ र विपरीतार्थी १ गरी जम्मा ६ वटा ज्ञानात्मक शब्दहरुको पहिचान गरी खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् भनिएको छ । यस आधारमा उक्त प्रश्न विशिष्टीकरण तालिका अनुसार नै रहेको देखिन्छ ।

**ग) वाक्यमा प्रयोग**

प्रश्न नं. ३ मा सोधिएको वाक्यमा प्रयोग सम्बन्धी प्रश्न पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुमा समावेश गरिएको छ । यसमा वाक्यमा प्रयोग गर्नका लागि अनुकरणात्मक शब्द १, पारिभाषिक शब्द १, उखान १, टुक्का १ र निपात गरी पाँच वटा पाठमा प्रयुक्त शब्दहरु दिइएको छ । यसरी हेर्दा उक्त प्रश्न विशिष्टीकरण तालिका अनुरूप नै रहेको देखिन्छ ।

शब्द भण्डार सम्बन्धी प्रश्नहरुको अध्ययन गर्दा पाँचै विकास क्षेत्रका प्रश्नहरुमा ज्ञानको परीक्षण गर्ने दुई वटा प्रश्न र व्यावहारिक सिपको परीक्षण गर्ने एक प्रश्न सोधिएको छ । यी प्रश्नहरु शब्द भण्डार परीक्षणका दृष्टिले विशिष्टीकरण तालिका अनुरूप नै रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.२ वर्ण विन्यास र लेख्य चिह्नका आधारमा प्रश्नहरुको अध्ययन

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत वर्ण विन्यास र लेख्य चिन्हका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### वर्ण विन्यास र लेख्य चिह्न सम्बन्धी

### तालिका नं २

| प्रश्पत्र | प्रश्नका प्रकार | विधा | प्रश्नको तह | | | | प्रश्नको सङ्ख्या र अङ्कभार | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्या.सि | उ.द | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार |
| पूर्वाञ्चल | हिज्जे (वर्ण विन्यास र लेख्य चिह्न) | शुद्धीकरण | - | - | १ | | १ | १ | ३ |
| | | शुद्धीकरण | - | - | १ | | १ | १ | २ |
| मध्यमाञ्चल | हिज्जे (वर्ण विन्यास र लेख्य चिह्न) | शुद्धीकरण | - | - | १ | | १ | १ | ३ |
| | | शुद्धीकरण | - | - | १ | | १ | १ | २ |
| पश्चिमाञ्चल | हिज्जे (वर्ण विन्यास र लेख्य चिह्न) | शुद्धीकरण | - | - | १ | | १ | १ | ३ |
| | | शुद्धीकरण | - | - | १ | | १ | १ | २ |
| मध्य पश्चिमाअञ्चल | हिज्जे (वर्ण विन्यास र लेख्य चिह्न) | शुद्धीकरण | - | - | १ | | १ | १ | ३ |
| | | शुद्धीकरण | - | - | १ | | १ | १ | २ |
| सुदूर पश्चिमाञ्चल | हिज्जे (वर्ण विन्यास र लेख्य चिह्न) | शुद्धीकरण | | | १ | | १ | १ | ३ |
| | | शुद्धीकरण | | | १ | | १ | १ | २ |

हिज्जे सम्बन्धी वर्ण विन्यास र लेख्य चिह्नका आधारमा प्रश्नहरुको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणका लागि १ प्रश्न भित्र २ वटा उपप्रश्नहरु समावेश गरिएको छ । जसको अङ्कभार ५ रहेको छ । उक्त ५ अङ्कभार मध्ये उपप्रश्नको अध्ययन गर्दा प्रत्येक प्रश्नपत्रको प्रश्न नं. ४ को 'क' मा वर्ण विन्यासका ४ वटा (ह्रस्वदीर्घ, पदयोग पदवियोग) र लेख्य चिह्नहरुबाट २ वटा पर्ने गरी ६ वटा शब्दहरु सच्याउनु पर्ने गद्यांश दिई शुद्ध पार्न भनिएको छ । यस्तै उपप्रश्न

ख मा ह्रस्व दीर्घ, श, ष, स, ब र व र पञ्चम वर्णबाट ४ वटा बहु वैकल्पिक प्रश्न सोधिएको छ । यसरी हेर्दा हिज्जे अन्तर्गत वर्ण विन्यास र लेख्य चिह्नका आधारमा पाँचै विकास क्षेत्रका प्रश्नपत्रको अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुरूप नै रहेको देखिन्छ ।

## ४.३ व्याकरणका आधारमा प्रश्नपत्रको अध्ययन

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत व्याकरणका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**व्याकरण सम्बन्धी**

**तालिका नं. ३**

| प्रश्पत्र | प्रश्नका प्रकार | उपविधा | प्रश्नको तह | | | | प्रश्नको सङ्ख्या र अङ्कभार | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्या.सि | उ.द | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार |
| पूर्वाञ्चल | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ |
| | | शब्द निर्माण | | | १ | | १ | १ | २ |
| | | काल, पक्ष भाव | | | १ | | १ | १ | ५ |
| | | वाक्य परिवर्तन तथा वाक्य सश्लेषण | | | १ | | १ | १ | ५ |
| मध्यमाञ्चल | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ |
| | | शब्द निर्माण | | | १ | | १ | १ | २ |
| | | काल, पक्ष भाव | | | १ | | १ | १ | ५ |
| | | वाक्य परिवर्तन तथा वाक्य सश्लेषण | | | १ | | १ | १ | ५ |
| पश्चिमाञ्चल | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ |
| | | शब्द निर्माण | | | १ | | १ | १ | २ |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ५ |
| | | वाक्य परिवर्तन तथा | | | १ | | १ | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वाक्य सश्लेषण | | | | | | | |
| मध्य पश्चिमाअञ्चल | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ |
| | | शब्द निर्माण | | | १ | | १ | १ | २ |
| | | काल, पक्ष भाव | | | १ | | १ | १ | ५ |
| | | वाक्य परिवर्तन तथा वाक्य सश्लेषण | | | १ | | १ | १ | ५ |
| सुदूर पश्चिमाञ्चल | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ |
| | | शब्द निर्माण | | | १ | | १ | १ | २ |
| | | काल, पक्ष भाव | | | १ | | १ | १ | ५ |
| | | वाक्य परिवर्तन तथा वाक्य सश्लेषण | | | १ | | १ | १ | ५ |

व्याकरणका दृष्टिले माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएका पाँचै विकास क्षेत्रका प्रश्नहरु अन्तर्गत क) शब्द वर्ग, ख) शब्द निर्माण ग) काल, पक्ष र भाव घ) वाक्य परिवर्तन तथा वाक्य सश्लेषणका आधारमा विश्लेषण गरिएको छ ।

## क) शब्दवर्गका आधारमा

शब्दवर्गका आधारमा पाँचै विकास क्षेत्रका प्रश्नहरुको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणका लागि १ वटा प्रश्न निर्माण गरिएको छ । यसको अङ्कभार ४ निर्धारण गरिएको छ । सबै प्रश्नहरुको प्रश्न नं ५ मा रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनु होस् भनी उल्लेख गरिएको छ र सोही अनुसार ८ वटा शब्दमा रेखाङ्कन गरिएको छ । पाँचै विकास क्षेत्रका प्रश्नहरुको अध्ययन गर्दा पदवर्ग अन्तर्गत विस्मयादि बोधक शब्द राखिएको पाइँदैन । तर पनि उक्त प्रश्न विशिष्टीकरण तालिका अनुरूप नै रहेको देखिन्छ ।

## ख) शब्द निर्माणका आधारमा

शब्द निर्माणका आधारमा प्रतिनिधि प्रश्नहरुको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षण सम्बन्धी १ वटा ४ अङ्कभारको प्रश्न सोधिएको छ । उक्त प्रश्न भित्र 'क' र 'ख' गरी २ वटा उपप्रश्नहरु समावेश गरिएको छ । सबै प्रश्नपत्रको प्रश्न नं. ६ को 'क' मा उपसर्ग र प्रत्यय लगाई

एक एक शब्द बनाउनु होस् भनी उपसर्गका २ र प्रत्ययका २ वटा शब्दहरु दिइएको छ जसका लागि अङ्कभार २ छुट्ट्याइएको छ । यस्तै प्रश्न ६ कै उपप्रश्न 'ख' मा समासबाट २ वटा र विग्रहबाट २ वटा प्रश्नहरु सोधिएको छ; जसका लागि २ अङ्क छुट्याएको छ । विशिष्टीकरण तालिकाको आधारमा उक्त प्रश्नको अध्ययन गर्दा प्रश्न नं. ६ को उपप्रश्न 'क' मा शब्दहरु बनाउनु होस् लेख्नुको सट्टा शब्दहरु निर्माण गर्नु होस् भनी निर्देशन गरेको भए राम्रो हुन्थ्यो । यसरी हेर्दा प्रश्न निर्माण गर्दा शब्द चयनमा ख्याल गर्नु पर्ने देखिन्छ ।

### ग) काल, पक्ष र भाव (अर्थ) का आधारमा

व्याकरण कोटि अन्तर्गत प्रतिनिधि प्रश्नहरुको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षण सम्बन्धी १ वटा ५ अङ्कभारको प्रश्न सोधिएको छ । पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुको प्रश्न नं. ७ मा काल र पक्षबाट ३ वटा तथा भाव (अर्थ) बाट २ वटा धातु सङ्केत गरी ५ वटा वाक्यमा खाली ठाउँ भर्ने प्रश्न दिइएको छ । यस आधारमा पाँचै विकास क्षेत्रका प्रश्नहरु विशिष्टीकरण तालिका अनुरूप नै रहेका देखिन्छन् ।

### घ) वाक्य परिवर्तन तथा वाक्य सश्लेषण

वाक्य परिवर्तन वा वाक्य सश्लेषण सम्बन्धी विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणको ५ अङ्क भारको १ प्रश्न सोधिएको छ । पाँच विकास क्षेत्रका प्रश्न नं. ८ मा सोधिएका उक्त प्रश्नहरुमा कोष्टकमा दिएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नु होस् भनी (वाक्य, करण अकरण, लिङ्ग, वाच्य र प्रेरणार्थ) पर्ने गरी ५ वटा वाक्य परिवर्तन गर्न भनिएको छ, अर्थात् विशिष्टीकरण तालिकाका अनुसार उक्त प्रश्नको सट्टा ५ वटा सरल वाक्य दिई वाक्य सश्लेषण गर्ने प्रश्न सोध्न सकिने भए तापनि वाक्य सश्लेषण सम्बन्धी प्रश्न पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा समावेश गरिएको छैन । यसरी हेर्दा प्रतिनिधि प्रश्न विशिष्टीकरण तालिका अनुसार नै रहेका देखिन्छन् ।

समग्रमा व्याकरण सम्बन्धी पाँचै विकास क्षेत्रका प्रश्नहरु विशिष्टीकरण तालिका अनुरूप नै देखिए पनि प्रश्नपत्र निर्माणमा शब्द चयन सम्बन्धी विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

## ४.४ बोध प्रश्न (अदृष्टांश गद्य) का आधारमा

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत बोध प्रश्नका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## बोध प्रश्न सम्बन्धी

## तालिका नं. ४

| क्र. सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | | | | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कथा | जीवनी | निबन्ध | अन्य लेख रचना | ज्ञान | बोध | व्य.सि | उ.द. | ज.प्र.सं. | उ.दि. प्र.सं. | अङ्क भार | समय (मिनेटमा) |
| १ | पूर्वाञ्चल | बोध प्रश्न (अदृष्टांश गद्य) | | | | १ | | १ | | | १ | १ | ५ | ९ |
| २ | मध्यमाञ्चल | बोध प्रश्न (अदृष्टांश गद्य) | | | | १ | | १ | | | १ | १ | ५ | ९ |
| ३ | पश्चिमाञ्चल | बोध प्रश्न (अदृष्टांश गद्य) | | | | १ | | १ | | | १ | १ | ५ | ९ |
| ४ | मध्य पश्चिमाञ्चल | बोध प्रश्न (अदृष्टांश गद्य) | | | | १ | | १ | | | १ | १ | ५ | ९ |
| ५ | सुदूर पश्चिमाञ्चल | बोध प्रश्न (अदृष्टांश गद्य) | | | | १ | | १ | | | १ | १ | ५ | ९ |

बोध प्रश्नका आधारमा उक्त प्रश्नहरुको अध्ययन तथा विश्लेषण गर्दा सबै विकास क्षेत्रका प्रश्नहरु अदृष्टांश लेखरचनाबाट १/१ अनुच्छेद दिई त्यसको मुनि पाँच वटा उपप्रश्न निर्धारण गरिएको देखिन्छ । यसमा उत्तर दिनु पर्ने उपप्रश्नहरु ५ हुनु पर्ने हो तर उत्तर दिनु पर्ने सङ्ख्या १ मात्र लेखिनु विशिष्टीरण तालिकामै उपयुक्त देखिँदैन । प्रत्येक विकास क्षेत्रका प्रश्नको अङ्क भार ५ रहेको छ भने समय निर्धारण ९ मिनेट रहेको देखिन्छ ।

प्रस्तुत माध्यमिक शिक्षा परीक्षा २०७३ का पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुलाई विशिष्टीकरण तालिका अनुसार अध्ययन गर्दा प्रश्न नं ९ मा बोध प्रश्न राखिएको छ । उक्त प्रश्नावलीलाई अदृष्टांश गद्यका रूपमा लिइएको छ । यस प्रश्नमा जम्मा ५ वटा उप प्रश्नहरु निर्धारण गरिएको छ । यसको अङ्कभार ५ राखिनु उपयुक्त मानिन्छ । प्रश्नका तह अन्तर्गत बोध तहका लागि उक्त प्रश्न राखिनु विशिष्टीकरण तालिका अनुरूप देखिएको छ ।

विशिष्टीकरण तालिका अनुसार विभिन्न लेख रचनाबाट १५० शब्दसम्मको गद्य दिई त्यसबाट एक वा दुई वाक्यमा उत्तर आउने खालका ५ प्रश्न सोध्ने भनिएको छ । उक्त गद्यांशमा १५० शब्द हुनु पर्ने भनिए तापनि पूर्वाञ्चलको गद्यांशमा १७३ शब्द, मध्यमाञ्चलको प्रश्नपत्रको गद्यांशमा १४३ शब्द, पश्चिमाञ्चलको प्रश्नपत्रका गद्यांशमा १९५ शब्द, मध्य पशिमाञ्चलको प्रश्नपत्रको गद्यांशमा प्रश्नपत्रमा १४९ र सुदूर पश्चिमाञ्चलको प्रश्नपत्रको गद्यांशमा १४३ शब्दहरु रहेका छन् । सबै गद्याशंबाट ५/५ वटा प्रश्नहरु सोधिएको छ । विशिष्टीकरण तालिकालाई दृष्टिगत गर्दा पूर्वाञ्चलको गद्यांशमा १७३ शब्द र मध्यमाञ्ल विकास क्षेत्रको प्रश्नपत्रमा १९५ वटा शब्दहरु हुनु त्यति उपयुक्त देखिँदैन भने सामान्यतया अन्य विकास क्षेत्रका गद्यांश उपयुक्त नै देखिन्छन् ।

## ४.५ बुँदा टिपोट र सारांश लेखनका आधारमा

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत बुँदा टिपोटका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## बुँदा टिपोट र सारांश लेखन सम्बन्धी

## तालिका नं.५

| क.सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | | | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कथा | जीवनी | निबन्ध | ज्ञान | बोध | व्य.सि | उ.द. | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार | समय (मिनेटमा) |
| १ | पूर्वाञ्चल | बुँदा टिपोट र सारांश लेखन | | | १ | | | | १ | १ | १ | ५ | ९ |
| २ | मध्यमाञ्चल | बुँदा टिपोट र सारांश लेखन | | | १ | | | | १ | १ | १ | ५ | ९ |
| ३ | पश्चिमाञ्चल | बुँदा टिपोट र सारांश लेखन | | | १ | | | | १ | १ | १ | ५ | ९ |
| ४ | मध्य पश्चिमाञ्चल | बुँदा टिपोट र सारांश लेखन | | | १ | | | | १ | १ | १ | ५ | ९ |
| ५ | सुदूर पश्चिमाञ्चल | बुँदा टिपोट र सारांश लेखन | | | १ | | | | १ | १ | १ | ५ | ९ |

बुँदा टिपोट तथा सारांश लेखन सम्बन्धी प्रश्नको अध्ययन गर्दा पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुको प्रश्न नं. १० मा उच्च दक्षताको परीक्षण गर्ने दृष्टिले १ प्रश्न सोधिएको छ । यसको अङ्कभार ५ रहेको छ । त्यस मध्ये बुँदा टिपोटका लागि २ अङ्क र सारांश लेखनका लागि ३ अङ्क दिइएको छ भने ९ मिनेट समय छुट्ट्याइएको छ । पाठभित्रका गद्य विधाबाट सोधिने सबै प्रश्नपत्रमा दिइएका गद्यांश निबन्ध, प्रबन्ध विधाबाट मात्र समावेश गरिएका छन् ।

विशिष्टीकरण तालिका अनुसार पाठमा प्रयुक्त गद्य विधाबाट १५० शब्द सम्मको गद्य लिई त्यसबाट ४ वटा बुँदाहरु टिपोट गरेर सारांश लेख्न लगाउने भनिएको छ । पाँचै विकास क्षेत्रका प्रश्नपत्र अन्तर्गत पूर्वाञ्चलको गद्यांशमा १३३ शब्द, मध्यमाञ्चल विकास क्षेत्रको गद्यांशमा १६५ शब्द, परिश्चमाञ्चलको  प्रश्नपत्रमा १५८ शब्द, मध्य पश्चिमाञ्चल विकास क्षेत्रको गद्यांशमा १६३ र सुदूर पश्चिमाञ्चलका गद्यांशमा १५१ शब्दका गद्यांश राखिएको छ । सामान्यतया सबै विकास क्षेत्रका प्रश्नपत्रमा दिइएका गद्यांश विशिष्टीकरण तालिका अनुरूप नै रहेको मान्न सकिन्छ ।

## ४.६ निर्देशित रचनाका आधारमा प्रश्नपत्रको अध्ययन

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत बोध प्रश्नका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## निर्देशित रचना सम्बन्धी

## तालिका नं ६

| क्र. सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कथा | जीवनी | ज्ञान | बोध | व्य.सि | उ.द. | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार | समय मिनेटमा) |
| १ | पूर्वाञ्चल | निर्देशित रचना | १ | १ | | | | १ | २ | १ | ५ | ९ |
| २ | मध्यमाञ्चल | निर्देशित रचना | १ | १ | | | | १ | २ | १ | ५ | ९ |
| ३ | पश्चिमाञ्चल | निर्देशित रचना | १ | १ | | | | १ | २ | १ | ५ | ९ |
| ४ | मध्य पश्चिमाञ्चल | निर्देशित रचना | १ | १ | | | | १ | २ | १ | ५ | ९ |
| ५ | सुदूर पश्चिमाञ्चल | निर्देशित रचना | १ | १ | | | | १ | २ | १ | ५ | ९ |

पाँचै विकास क्षेत्रका प्रश्नपत्रको निर्देशित रचनाका आधारमा अध्ययन गर्दा प्रश्न नं ११ मा १ प्रश्न कथा विधाबाट र अर्को विकल्पको रूपमा जीवनी विधालाई समेटिएको छ । निर्देशित रचना कथा र जीवनीलाई उच्च दक्षताको प्रश्नमा राखिएको छ । जसमा प्रश्न सङ्ख्या २ मध्ये कुनै १ प्रश्नको मात्र उत्तर दिनु पर्ने रहेको छ । सो प्रश्नको अङ्कभार ५ निर्धारण गरिएको छ । उक्त प्रश्नको लागि ९ मिनेट समय निर्धारण गरिए पनि प्रश्नमा उल्लेख गरिएको छैन ।

पाँचै विकास क्षेत्रका प्रश्नपत्रका प्रश्न नं. ११ मा कथा लेखन वा जीवनी तयार पारी शीर्षक समेत उल्लेख गर्न भनिएको छ । प्रत्येक विकास क्षेत्रको प्रश्न नं ११ मा बुँदाका आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक समेत दिनु होस् भनिएको छ । विकल्पका रूपमा पूर्वाञ्चलको प्रश्नपत्रमा गोपाल प्रसाद रिमालको जीवनी तयार पारी उपयुक्त शीर्षक छनोट गर्न, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा लेखनाथ पौड्यालको जीवनी तयार पारी उपयुक्त शीर्षक दिन, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा सिद्धिचरण श्रेष्ठका जीवनी तयार गरी उपयुक्त शीर्षक छनोट गर्न भनिएको छ । यस्तै मध्य पश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नपत्रमा विकल्पको रूपमा मेलवा देवी गुरूङको जीवनी तयार गरी उपयुक्त शीर्षक राख्न र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न नं ११ को विकल्पका रूपमा कोइलीदेवी माथेमाको जीवनी तयार गरी शीर्षक समेत राख्न भनिएको छ ।

निर्देशित रचनाका आधारमा प्रश्नको अध्ययन गर्दा पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा कथा लेखन दिनु र विकल्पका रूपमा जीवनी तयार पार्न लगाई शीर्षक समेत छनोट गर्न लगाउनु विशिष्टीकरण तालिका अनुरूप उक्त प्रश्नहरु उपयुक्त रहेका छन् ।

## ४.७ स्वतन्त्र रचनाका आधारमा प्रश्नपत्रको अध्ययन

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत स्वतन्त्र रचनाका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## स्वतन्त्र रचना सम्बन्धी

## तालिका नं ७

| क्र.सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ज्ञान | बोध | व्य.सि | उ.दं | ज.प्र.स. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार | समय (मिनेट) |
| १ | पूर्वाञ्चल | स्वतन्त्र रचना | चिठी | | | १ | | १ | १ | ५ | ९ |
| | | | वाद विवाद र मनोवाद | | | | २ | २ | १ | ५ | ९ |
| | | | निबन्ध | | | | १ | १ | १ | १० | १८ |
| २ | मध्यमाञ्चल | स्वतन्त्र रचना | चिठी | | | १ | | १ | १ | ५ | ९ |
| | | | वाद विवाद र मनोवाद | | | | २ | २ | १ | ५ | ९ |
| | | | निबन्ध | | | | १ | १ | १ | १० | १८ |
| ३ | पश्चिमाञ्चल | स्वतन्त्र रचना | चिठी | | | १ | | १ | १ | ५ | ९ |
| | | | वाद विवाद र सम्वाद | | | | २ | २ | १ | ५ | ९ |
| | | | निबन्ध | | | | १ | १ | १ | १० | १८ |
| ४ | मध्य पश्चिमाञ्चल | स्वतन्त्र रचना | चिठी | | | १ | | १ | १ | ५ | ९ |
| | | | वाद विवाद र सम्वाद | | | | २ | २ | १ | ५ | ९ |
| | | | निबन्ध | | | | १ | १ | १ | १० | १८ |
| ५ | सुदूर पश्चिमाञ्चल | स्वतन्त्र रचना | चिठी | | | १ | | १ | १ | ५ | ९ |
| | | | वाद विवाद र सम्वाद | | | | २ | २ | १ | ५ | ९ |
| | | | निबन्ध | | | | १ | १ | १ | १० | १८ |

माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएका पाँचै विकास क्षेत्रका प्रश्नहरुको स्वतन्त्र रचना परीक्षणका आधारमा क) चिठी लेखन ख) वाद विवाद, संवाद र मनोवाद ग) निबन्ध सम्बन्धी क्षेत्रका आधारमा अध्ययन विश्लेषण गरिएको छ :

## क) चिठी लेखन

स्वतन्त्र रचना अन्तर्गत व्यावहारिक सिप परीक्षणका लागि पाँचै विकास क्षेत्रका प्रश्नपत्रको प्रश्न नं १२ मा व्यावहारिक लेखन अन्तर्गत चिठीलाई समावेश गरिएको छ । अङ्कभार ५ को एउटा प्रश्न समावेश गरिएको उक्त प्रश्नको लागि ९ मिनेट समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिका अनुसार व्यापापरिक, व्यक्तिगत र निवेदन लेखन मध्येबाट कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने भने पनि प्रतिनिधि प्रश्नमा व्यक्तिगत चिठी मात्र दिइएको छ । यसरी हेर्दा स्वतन्त्र लेखन सम्बन्धी उक्त प्रश्न विशिष्टिकरण तालिका अनुरूप नै देखिन्छ ।

## ख) वाद विवाद, संवाद र मनोवाद

पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुमा स्वतन्त्र रचना अन्तर्गत वाद विवाद, संवाद र मनोवाद मध्येबाट उच्च दक्षता परीक्षणका लागि दुई वटा प्रश्नहरु समावेश गरिएको छ । त्यस मध्ये कुनै एकको मात्र उत्तर लेख्नु पर्ने छ । यसलाई ५ अङ्कभार र ९ मिनेट समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिका अनुसार वाद विवाद, संवाद र मनोवाद मध्येबाट दुई वटा प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने भनिएको छ । प्रतिनिधि प्रश्नहरुलाई अध्ययन गर्दा पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा वाद विवाद र संवादबाट प्रश्न सोधिएको छ । यस्तै मध्यमाञ्चल विकास क्षेत्रमा संवाद र मनोवाद तथा सुदूर पश्चिमाञ्चाल विकास क्षेत्रको प्रश्नपत्रमा वाद विवाद र मनोवादबाट प्रश्नहरु सोधिएको छ । यसरी हेर्दा उक्त प्रश्न विशिष्टीकरण तालिका अनुरूप नै देखिन्छ ।

## ग) निबन्ध

माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएका पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुमा स्वतन्त्र रचना परीक्षणका निम्ति निबन्ध विधा समावेश गरिएको छ; जसमा निबन्धबाट उच्च दक्षता परीक्षणका लागि १ प्रश्न राखिएको छ । प्रश्न सङ्ख्या र अङ्कभारलाई हेर्दा प्रतिनिधि प्रश्नपत्रमा १/१ प्रश्न निर्धारण गरिएको छ जसको अङ्कभार १० तोकिएको छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. १४ मा निबन्ध लेखन सम्बन्धी प्रश्न निर्धारण गरिएको छ ।

विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नको अध्ययन गर्दा आत्मपरक एक र वस्तुपरक दुई वटा पर्ने गरी कुनै तिन वटा शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्द नघटाइ निबन्ध लेख्न लगाउने भनिएको छ । यस आधारमा पाँचै विकास क्षेत्रका प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा निबन्धका तिन वटा शीर्षकहरु (आत्मपरक एक र वस्तुपरक दुई शीर्षकहरु) निर्धारण गरी २०० शब्द नघटाई कुनै एक शीर्षकमा निबन्ध लेख्नु होस् भनिएकोले प्रतिनिधि प्रश्न विशिष्टीकरण तालिका अनुरूप नै रहेका देखिन्छन् ।

## ४.८ सप्रसङ्ग व्याख्याका आधारमा प्रश्नपत्रको अध्ययन

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत सप्रसङ्ग व्याख्याका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**सप्रसङ्ग व्याख्या सम्बन्धी**

**तालिका नं.८**

| क्र.सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | | | | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कविता | कथा | निबन्ध | जीवनी | ज्ञान | बोध | व्य.सि. | उ.द | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार | समय (मिनेट) |
| १ | पूर्वाञ्चल | सप्रसङ्ग व्याख्या | १ | | १ | | | | | २ | २ | १ | ५ | ९ |
| २ | मध्यमाञ्चल | सप्रसङ्ग व्याख्या | १ | | | १ | | | | २ | २ | १ | ५ | ९ |
| ३ | पश्चिमाञ्चल | सप्रसङ्ग व्याख्या | १ | | | १ | | | | २ | २ | १ | ५ | ९ |
| ४ | मध्य पश्चिमाञ्चल | सप्रसङ्ग व्याख्या | १ | १ | | | | | | २ | २ | १ | ५ | ९ |
| ५ | सुदूर पश्चिमाञ्चल | सप्रसङ्ग व्याख्या | १ | १ | | | | | | २ | २ | १ | ५ | ९ |

माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएका पाँचै विकास क्षेत्रका प्रश्नहरुको अध्ययन गर्दा सप्रसङ्ग व्याख्या सम्बन्धी उच्च दक्षता  परीक्षणका निम्ति २ वटा प्रश्नहरु सोधिएको छ । उक्त दुई वटा प्रश्नमध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्नु होस् भनी सोधिएको प्रश्नको अङ्कभार ५ निर्धारण गरिएको छ ।

विशिष्टीकरण तालिका अनुसार सप्रसङ्ग व्याख्या सम्बन्धी प्रश्नको अध्ययन गर्दा फरक फरक विधाबाट दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रसङ्ग सहित व्याख्या गर्न लगाउने भनिएको छ । यस आधारमा पाँचै विकास क्षेत्रका प्रश्नमा कविता विधाबाट १/१ वटा प्रश्नहरु समावेश गरिएको छ । यस्तै अर्को प्रश्न पूर्वाञ्चल विकास क्षेत्रमा निबन्ध विधाबाट विशिष्ट पङ्क्ति दिइएको छ । मध्यमाञ्चल विकास क्षेत्र र पश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नमा जीवनी विधाबाट विशिष्ट पङ्क्तिहरु दिइएको छ । यस्तै मध्य पश्चिमाञ्चल विकास क्षेत्र तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नमा कथा विधाबाट विशिष्ट पङ्क्ति दिई सप्रसङ्ग व्याख्या गर्नु होस् भनिएको छ । यसरी विशिष्टीकरण तालिकाका आधारमा सप्रसङ्ग व्याख्या सम्बन्धी प्रश्न उपयुक्त नै रहेका देखिन्छन् ।

## ४.९ संक्षिप्त उत्तरात्मक प्रश्नको आधारमा

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत संक्षिप्त प्रश्नका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## तालिका नं.९

## संक्षिप्त उत्तरात्मक प्रश्न सम्बन्धी

| क.सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | | | | | | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कथा | कविता | निबन्ध | जीवनी | मनोवाद | रूपक | ज्ञान | बोध | व्य.सि | उ.दं | ज.प्र.स. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार | समय (मिनेट) |
| १ | पूर्वाञ्चल | संक्षिप्त उत्तरात्मक प्रश्न | १ | १ | | | | १ | १ | १ | | १ | ३ | २ | १० | १८ |
| | | तार्किक शिल्प | | | १ | | | | | | | १ | १ | १ | ५ | ९ |
| २ | मध्यमाञ्चल | संक्षिप्त उत्तरात्मक प्रश्न | | १ | | २ | | | १ | १ | | १ | ३ | २ | १० | १८ |
| | | तार्किक शिल्प | | | | | | १ | | | | १ | १ | १ | ५ | ९ |
| ३ | पश्चिमाञ्चल | संक्षिप्त उत्तरात्मक प्रश्न | १ | | १ | १ | | | १ | १ | | १ | ३ | २ | १० | १८ |
| | | तार्किक प्रश्न | | | | | १ | | | | | १ | १ | १ | ५ | ९ |
| ४ | मध्य पश्चिमाञ्चल | संक्षिप्त उत्तरात्मक प्रश्न | | १ | २ | | | | १ | १ | | १ | ३ | २ | १० | १८ |
| | | तार्किक प्रश्न | | | | | १ | १ | | | | १ | १ | १ | ५ | ९ |
| ५ | सुदूर पश्चिमाञ्चल | संक्षिप्त उत्तरात्मक प्रश्न | | १ | १ | १ | | | १ | १ | | १ | ३ | २ | १० | १८ |
| | | तार्किक प्रश्न | १ | | | | | | | | | १ | १ | १ | ५ | ९ |

### क) संक्षिप्त उत्तरात्मक प्रश्न

माध्यमिक शिक्षा परीक्षा २०७३ का प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दा पाँचै विकास क्षेत्रका प्रश्न न. १६ मा संक्षिप्त उत्तरात्मक प्रश्न राखिएको छ । प्रश्नको तहलाई हेर्दा ज्ञान, बोध र उच्च दक्षताबाट ३ प्रश्नहरु सोधिएको छ र कुनै २ प्रश्नको उत्तर दिनु होस् भनिएको छ । उक्त प्रश्नको लागि १० अङ्कभार दिइएको छ । समयको आधारमा हेर्दा १८ मिनेट राखिए तापनि प्रश्नपत्रमा समय तोकिएको पाइदैन ।

विशिष्टीकरण तालिका अनुसार संक्षिप्त उत्तरात्मक प्रश्नहरुको अध्ययन गर्दा निर्धारित विधाहरु कथा, जीवनी,, निबन्ध, रूपक, जीवनी मध्येबाट मूलभाव, घटना, सन्देश आदिबाट ३ वटा संक्षिप्त उत्तरात्मक प्रश्नहरु सोधी २ प्रश्नको उत्तर दिन लगाउने भनिएको छ । प्रतिनिधि पाँचै विकास क्षेत्रका प्रश्नहरुमा कथा, कविता, जीवन, निबन्ध तथा रूपक विधामध्ये कुनै ३ विधाबाट प्रश्नहरु सोधी कुनै २ प्रश्नको उत्तर दिनु होस् भनिएको छ । यस आधारमा उक्त प्रश्न विशिष्टिकरण तालिका अनुरूप नै रहेको देखिन्छ ।

### ख) तार्किक शिल्प

माध्यमिक शिक्षा परीक्षा २०७३ मा सोधिएको तार्किक शिल्प सम्बन्धी प्रश्नको अध्ययन गर्दा प्रत्येक प्रश्नपत्रको प्रश्न नं. १७ मा उच्च दक्षता परीक्षणका निम्ति १ प्रश्न सोधिएको छ । उक्त प्रश्नको अङ्कभार ५ तोकिएको छ ।

विशिष्टीकरण तालिका अनुसार तार्किक शिल्प परीक्षणका लागि निर्धारित विधाका लागि निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालका प्रश्न सोध्ने भनिएको छ । प्रतिनिधि पाँच विकास क्षेत्रका प्रश्नपत्रहरुका उक्त प्रश्नहरु विशिष्टीकरण तालिका अनुसार नै भएका देखिन्छन् ।

## ४.१० लामो उत्तर दिने प्रश्नका आधारमा

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरु अन्तर्गत लामो उत्तर दिने प्रश्नका आधारमा प्रतिनिधि प्रश्नहरुलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## लामो उत्तरात्मक प्रश्न सम्बन्धी

## तालिका नं.१०

| क्र.सं. | प्रश्नपत्र | प्रश्नका प्रकार | विधा | | | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कथा | निबन्ध | जीवनी | ज्ञान | बोध | व्य.सि | उ.द | ज.प्र.सं. | उत्तर दिनु पर्ने प्र.सं. | अङ्क भार | समय मिनेटमा) |
| १ | पूर्वाञ्चल | विवेचना | १ | | १ | | | | २ | २ | १ | १० | १८ |
| २ | मध्यमाञ्चल | विवेचना | १ | १ | | | | | २ | २ | १ | १० | १८ |
| ३ | पश्चिमाञ्चल | विवेचना | १ | १ | | | | | २ | २ | १ | १० | १८ |
| ४ | मध्य पश्चिमाञ्चल | विवेचना | १ | | १ | | | | २ | २ | १ | १० | १८ |
| ५ | सुदूर पश्चिमाञ्चल | विवेचना | | १ | १ | | | | २ | २ | १ | १० | १८ |

माध्यमिक शिक्षा परीक्षा २०७३ का प्रश्नपत्रहरुलाई विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दा पाँचै विकास क्षेत्रका प्रश्न नं. १८ मा विवेचनात्मक उत्तर दिने प्रश्न समावेश गरिएको छ । जसमा कथा, जीवनी, निबन्ध, विधाबाट प्रश्न निर्माण गरिएको छ भने उच्च दक्षता परीक्षणका लागि २ वटा प्रश्न सोधिएको छ । प्रतिनिधि प्रश्नमा उत्तर दिनु पर्ने सङ्ख्या १ मात्र निर्धारण गरिएको छ । अङ्कभार र समयका आधारमा अध्ययन गर्दा उक्त प्रश्नको उत्तर १८ मिनेटमा दिई सक्नु पर्ने छ भने अङ्कभार १० राखिएको छ ।

विशिष्टीकरण तालिका अनुसार कथा, जीवनी र निबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर दिन लगाउने भनिएको छ उक्त अनुसार सबै विकास क्षेत्रका प्रश्नपत्रका प्रश्नहरु उपयुक्त नै रहेका देखिन्छन् ।

## अध्याय : पाँच

# सैद्धान्तिक आधारमा भाषिक प्रश्नहरुको विश्लेषण

प्रश्न निर्माणका सिद्धान्तहरुमा आधारित भएर कुनै पनि भाषा पाठ्यक्रमको मर्म अनुरूप प्रश्नहरुमा हुनु पर्ने गुण र व्यावहारिकता दृष्टिले प्रश्नहरुको विश्लेषण गरिन्छ । यसका निम्ति सुनिश्चित तह र कक्षाका निवर्तमान भाषिक प्रश्नपत्रहरुलाई प्रतिनिधि नमुना छनोट गरेर सैद्धान्तिक दृष्टिले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने तरिका अपनाइन्छ। यसरी प्रश्नपत्रहरुको अध्ययन विश्लेषण गर्दा प्रश्न विश्लेषणमा मात्र सीमित नभई समग्र प्रश्नपत्रका बाह्य र आन्तरिक स्वरूपका आधारमा वैधता केलाउने काम गरिन्छ। हुन त प्रश्न विश्लेषणको मूल केन्द्रविन्दु प्रश्न र तिनका आन्तरिक बनोटलाई बनाइन्छ तापनि बाह्य स्वरूप वा बनोटको पनि उपयुक्तता र अनुपयुक्तता केलाउनु अत्यावश्यक ठानिन्छ । कतिपय प्रसङ्गमा प्रश्नको बाह्य स्वरूपले पनि आन्तरिक गुणलाई प्रशस्त प्रभाव पार्ने भएकाले त्यसलाई बेवास्ता गर्न सकिँदैन (पौडेल, २०६७ : ९१) । अतः सैद्धान्तिक आधारमा प्रश्न विश्लेषण गर्दा प्रश्नका बाह्य र आन्तरिक दुबै बनोटका आधारमा अध्ययन विश्लेषण गरिनु उपयुक्त हुने देखिन्छ । त्यसै आधारमा प्रतिनिधि प्रश्नहरुको बाह्य र आन्तरिक आधारमा क्रमशः विश्लेषण गरिएको छ ।

## ५.१ बाह्य आधारमा प्रतिनिधि प्रश्नहरुको अध्ययन

भाषिक प्रश्न विश्लेषणका दुई आधारमध्ये बाह्य आधार पनि एक हो । बाह्य आधार अन्तर्गत प्रश्नहरुको बाह्य आकृति, प्रकृति, आकर्षण, स्पष्टता, स्तरीयता जस्ता स्वरूपगत कुराहरुको विश्लेषण गरिन्छ। भाषिक प्रश्नहरु आकृतिगत बैधताका दृष्टिले के कति सबल र दुर्बल छन् भनी निर्क्यौल र निर्धारण गर्ने काम यस अन्तर्गत गरिन्छ। यस अध्ययनमा प्रतिनिधि प्रश्नहरुको आकृतिगत वैधताबारे अध्ययन विश्लेषण गरिएको छ । प्रश्न विश्लेषणका बाह्य आधार अन्तर्गत निम्न मुख्य उपआधारहरुमा आधारित भएर प्रतिनिधि प्रश्नहरुको अध्ययन विश्लेषण गरिएको छ :

१. निर्देशन

२. अङ्क विभाजन र समय निर्धारण

३. प्रस्तुति अनुक्रम

४. प्रश्नको स्वरूप

५. भाषा

## ५.१.१ पूर्वाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा पूर्वाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको बाह्य आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.१.१.१ निर्देशन

विद्यार्थीहरुले कुनै पनि प्रश्नको उत्तर के दिने, कति दिने, कसरी दिने ? भन्ने कुराको आशय, प्रक्रिया वा सीमाको जानकारी गराउनु  नै निर्देशन हो । यस्तो निर्देशन स्पष्ट, दोदोरो अर्थ नलाग्ने, शुद्ध, वस्तुगत र सरल हुनु आवश्यक हुन्छ । परीक्षणीय उद्देश्यलाई सार्थक वा उद्देश्यपूर्ण बनाउन निर्देशनको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । यस अन्तर्गतका पनि शीर्ष निर्देशन, प्रश्न निर्देशन, समय निर्देशन, अङ्क निर्देशन, पृष्ठ निर्देशन, विकल्प निर्देशन जस्ता कुराहरु पर्दछन् ।

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शीर्ष भागमा SEE 2073 (2017) अनिवार्य नेपाली लेखिएको छ । त्यसभन्दा मुनि तल दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ भने प्रश्नपत्रको बाँया भागमा समय : ३ घण्टा र दायाँ भागमा पूर्णाङ्क १०० भनी शीर्ष भागमा उल्लेख गरिएको छ । यसरी हेर्दा अनिवार्य नेपाली विषयको प्रश्नपत्रमा एस ई ई बनाइ नेपालीमा लेखिएको भए उपयुक्त हुने थियो । प्रश्न निर्देशनका दृष्टिले उपयुक्त प्रश्नपत्रको अध्ययन गर्दा खाली ठाउँमा उपयुक्त शब्द भर्नु होस् लेखिएको छ । यस प्रश्नको निर्देशनमा खाली ठाउँमा उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भन्ने निर्देशन भएको भए उपयुक्त हुने थियो । यस्तै प्रश्न नं ६ को उपप्रश्न 'ख' मा समास वा विग्रह गर्नु होस् लेखिएको छ । यसरी हेर्दा उक्त प्रश्नमा समास भए विग्रह र विग्रह भए समास गर्नु होस् भन्ने निर्देशन दिएको भए उपयुक्त हुने थियो । यस्तै प्रश्न नं १० मा तलको गद्यांशबाट चार वटा बुँदा टिपी सारांश लेख्नु होस् भनिएको छ । यसमा कस्ता बुँदा भनेर खुलाएको छैन त्यसैले तलको गद्यांशबाट मुख्य चार वटा बुँदाहरु टिपी सारांश लेख्नु होस् भन्ने निर्देशन दिइएको भए उपयुक्त हुने देखिन्छ ।

विकल्प निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्न नं १ समूह 'क' मा दिइएका ८ वटा शब्दहरुको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तर पुस्तिकामा लेख्नु होस् भनी समूह 'ख' मा ११ वटा शब्दहरु दिइएको छ । प्रश्न नं ११ र प्रश्न नं १३ मा 'क' र 'ख' गरी दुई वटा प्रश्न दिई कुनै एक प्रश्नको उत्तर दिनु होस् भनी विकल्प निर्देश दिइएको छ । प्रश्न नं १४ मा कुनै एक शीर्षकमा २०० भन्दा नघटाई निबन्ध लेख्नु होस् भनी तिन वटा शीर्षक दिइएको छ । यस्तै प्रश्न नं १५ मा कुनै एकको सप्रसङ्ग व्याख्या गर्नु होस् भनी 'क' र 'ख' गरी दुई वटा विकल्प दिइएको छ । प्रश्न नं १६ मा कुनै दुई प्रश्नको उत्तर दिनु होस् भनी क, ख, ग गरी तिन वटा प्रश्नहरु सोधिएको छ । प्रश्न नं. १८ मा 'क' र 'ख' गरी दुई वटा विवेचनात्मक उत्तर लेख्ने प्रश्न दिई कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनु होस् भनी विकल्प निर्देशन दिइएको छ ।

प्रतिनिधि प्रश्नको पृष्ठ निर्देशन सम्बन्धी अध्ययन गर्दा प्रथम पृष्ठमा शीर्ष निर्देशन दिइएको छ । त्यस पछाडि क्रमशः १, २, ३ पृष्ठमा अङ्क नलेखी पुच्छारमा क्रमशः मात्र लेखिएको छ । यसरी अन्त्य अर्थात् चौथो पृष्ठमा समापनका लागि समापक चिह्न दिइएको छ ।

### ५.१.१.२ अङ्क विभाजन र समय निर्धारण

प्रश्नपत्रमा अङ्क विभाजन समय निर्धारणको ज्यादै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रश्नको अङ्क अनुसार समयको निर्धारण गर्नु पर्ने हुँदा यी दुईका बिचमा तालमेल मिलेका हुनु पर्दछ । प्रश्नको प्रकृति, उत्तरको आकार, कठिनाइ स्तर आदिका आधारमा अङ्क र समय निर्धारण गर्नु पर्दछ । लामो उत्तर दिने प्रश्नलाई बढी अङ्क र समय तथा छोटा उत्तर दिने प्रश्नलाई कम अङ्क र समय निर्धारण गरेको हुँदा अङ्क विभाजन र समय निर्धारणका दृष्टिले उपयुक्त मानिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरुको विश्लेषण गर्दा प्रश्नपत्रको दायाँपट्टी शीर्ष भागमा पूर्णाङ्क १०० राखिएको छ । १०० पूर्णाङ्कको प्रश्नपत्रमा जम्मा १८ वटा प्रश्नहरु सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नको अङ्क निर्देशन गरिएको छ । प्रश्नपत्रमा उपप्रश्नको लागि छुट्टै अङ्क नदिए पनि प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क राखिएको छ । यस प्रश्नपत्रमा शब्द भण्डार परीक्षण गर्न १२ अङ्क र व्याकरणका लागि जम्मा २३ अङ्क विभाजन गरिएको छ ।

लेखाइ सिप परीक्षण गर्न बुँदा टिपोट तथा सारांश लेखनबाट ५ अङ्क, जीवनी र कथा लेखनबाट ५ अङ्क, चिठी लेखनबाट ५ अङ्क, वाद विवाद र मनोवाद लेखनबाट ५ अङ्क, निबन्ध

लेखनबाट १० अङ्क र तार्किक प्रश्नको लाीग ५ अङ्कको गरी जम्मा ३५ अङ्कमा विभाजन गरी प्रश्नहरु सोधिएको छ ।

पढाइ सिप परीक्षण गर्न पठन बोधको लागि ५ अङ्क सप्रसङ्ग व्याख्याको लागि ५ अङ्क, संक्षिप्त उत्तर दिने प्रश्नबाट १० अङ्क र विवेचनात्मक प्रश्नको उत्तर दिने प्रश्नको लागि १० अङ्क गरी जम्मा ३० अङ्कमा विभाजन गरी प्रश्नहरु सोधिएको छ ।

समय निर्धारणका दृष्टिले उक्त प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रको बाँया भागमा ३ घण्टा समय निर्धारण गरिएको छ । १०० पूर्णाङ्कको लागि ३ घण्टा समय तोके तापनि प्रश्नपत्रमा भने एकमुष्ठ समय निर्धारण गरिएको छ । समग्रमा ३ घण्टालाई १०० पूर्णाङ्कले भागगर्दा ५ पूर्णाङ्कको प्रश्नको लागि ९ मिनेट समय भए पनि प्रत्येक प्रश्नमा समय निर्धारण गरेको देखिँदैन ।

### ५.१.१.३ प्रस्तुति, अनुक्रम/स्तरण

प्रस्तुति अनुक्रम भनेको प्रश्नहरुको प्रकृति र कठिनाइ स्तरलाई ख्याल गरी त्यस अनुसार प्रश्नहरुको स्थान निर्धारण र वितरण गर्ने तरिका हो । प्रश्नहरु विभिन्न प्रकृतिका हुने भएकाले सरल, मध्यम र जटिल खाले प्रश्नहरु पनि हुन्छन् । यस्ता प्रश्नहरुलाई  सरलदेखि जटिलताको क्रममा राख्नु पर्दछ ।

प्रस्तुति अनुक्रम वा स्तरणका आधारमा प्रतिनिधि प्रश्नहरुको अध्ययन गर्दा सुरूदेखि शब्द भण्डारको पहिचान, हिज्जे, व्याकरण, बोध, सारांश लेखन, कथा/जीवनी लेखन, चिठी लेखन, वाद विवाद/मनोवाद लेखन, निबन्ध लेखन, सप्रसङ्ग व्याख्या गर्ने प्रश्न, संक्षिप्त उत्तर, तार्किक उत्तर विवेचनात्मक उत्तर लेख्ने प्रश्नहरुलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुति अनुक्रमका आधारमा उक्त प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रममा उल्लेख गरिएको मूल्याङ्कन प्रक्रिया र विशिष्टीकरण तालिका अनुरूप वितरण गरिएकाले प्रस्तुति अनुक्रमका आधारमा प्रश्नपत्र उपयुक्त देखिन्छ ।

### ५.१.१.४ प्रश्नपत्रको स्वरूप

बाह्य आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा स्वरूपलाई महत्त्वपूर्ण पक्षको रूपमा लिइन्छ । कुनै पनि वस्तुको आदि, मध्य र अन्त्य अवस्थाले नै त्यसको समग्र स्वरूप निर्धारण गर्दछ । प्रश्नपत्रको सन्दर्भमा पनि उक्त कुरा सम्बन्धित हुन्छ । यसमा पूर्णाङ्क, उत्तीर्णाङ्क, समय निर्देशन, शीर्ष निर्देशन, पृष्ठ निर्देशन, प्रश्न निर्देशन, अङ्क विभाजन तथा वितरण, प्रश्न र पृष्ठ,

प्रश्नपत्रको आकार, कागजपत्रको स्तर, छपाइ तथा सफाइ आदि पक्षहरुले प्रश्नपत्रको स्वरूप निर्धारण गर्दछन् । यहाँ यसै आधारमा प्रश्नपत्रको विश्लेषण गरिएको छ ।

माध्यमिक शिक्षा परीक्षा २०७३ पूर्वाञ्चल विकास क्षेत्रमा उपयोग गरिएको प्रश्नपत्रको शीर्ष निर्देशन अन्तर्गत SEE 2073 (2017) अनिवार्य नेपाली उल्लेख गरिएको छ भने दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको र समय तथा पूर्णाङ्क उल्लेख गरिएको छ । यसरी यस प्रश्नपत्रको अध्ययन गर्दा अनिवार्य नेपाली विषयको प्रश्नपत्रमा नेपाली विषयको शुद्धतालाई ख्याल गर्नु पर्ने हुँदा SEE निर्देशनको सट्टा पुरा नाम लेख्न नसकिने भए तापनि एस ई ई उल्लेख गर्नु पर्ने देखिन्छ भने अन्य निर्देशन उपयुक्त नै रहेको देखिन्छ ।

प्रश्नपत्र निर्माण गर्दा प्रयोग गरिने कागज दुबैतर्फ छपाइ गर्न सकिने चिल्लो, सफा र गुणस्तरीय हुनु पर्दछ । यस आधारमा प्रश्नपत्रको विश्लेषण गर्दा प्रतिनिधि प्रश्नपत्रमा उपयोग गरिएको कागज ५० ग्रामको सेतो रङ्गको दुबैतिरको अक्षर छाप्न सकिने मध्यम खालको, चिल्लो कागजको उपयोग गरिएको छ ।

आकारका दृष्टिले प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्र ४ पृष्ठमा रहेको छ । यसमा जम्मा प्रश्न सङ्ख्या १८ रहेका छन् । प्रश्नपत्रमा १२ प्वाइन्टको अक्षर राखिएकाले व्याकरण, शब्द भण्डार र अन्य प्रश्नको दृष्टिले प्रश्नपत्र उपयुक्त भए पनि पठन बोधका लागि समावेश अनुच्छेदमा अलि साना तथा बाक्ला अक्षर देखिन्छन् । यसरी हेर्दा समाउन र हेर्न सहज हुने किसिमको प्रश्नपत्रको सिरानमा एक इन्च, पुच्छारमा एक इन्च, दायाँतर्फ आधा इन्च, बाँयातर्फ आधा इन्च मात्र किनारा खाली राखिएकाले प्रश्नपत्र त्रुटिपूर्ण रहेको देखिन्छ ।

### ५.१.१.५ भाषा

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा भाषा सम्बन्धि खासै त्रुटिहरु नदेखिए तापनि कतिपय प्रश्न निर्देशनका भाषा (समास वा विग्रह गर्नु होस्) अलि अस्पष्ट देखिन्छन् । यस्तै खाली ठाउँ भर्नु होस् भन्ने प्रश्न निर्देशन पनि प्रश्नपत्रमै खाली ठाउँ भर्ने कि उत्तर पत्रमा खाली ठाउँ भर्ने भन्ने कुराको अलमल हुन सक्ने देखिन्छ, भने अन्य दृष्टिले उपयुक्त नै देखिन्छ ।

यसरी भाषिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा यस प्रश्नपत्रको प्रश्न नं. २,४,५ को निर्देशनमा क्रमशः 'उपयुक्त', 'शुद्ध', शब्दमा संयुक्त वर्ण छुट्याएको तर प्रश्न नं ९ र १० को निर्देशनमा 'गद्यांश' शब्दमा संयुक्त वर्ण नछुट्याएर लेखिएको छ । भाषिक शुद्धताका दृष्टिले एउटै

प्रश्नपत्रमा यस्तो हुनु उपयुक्त देखिँदैन । यस्तै चिह्न प्रयोग तथा पद्योग र पद वियोगका दृष्टिले प्रतिनिधि प्रश्नपत्र उपयुक्त नै देखिन्छ भने प्रश्न नं. ७ को प्रश्नको सङ्केत अन्तर्गत 'अपूर्ण भविष्यत्' पूर्ण वर्तमान', अभ्यस्त भूत' मात्र उल्लेख गरिएको छ । उक्त सङ्केतमा 'अपूर्ण भविष्यत् काल,' 'पूर्ण वर्तमान काल,' र 'अभ्यस्त भूतकाल' स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने देखिन्छ ।

## ५.१.२ मध्यमाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा मध्याञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको बाह्य आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.१.२.१ निर्देशन

मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको निर्देशनका आधारमा विश्लेषण गर्दा शीर्ष निर्देशन अन्तर्गत प्रश्नपत्रको सुरूमै बाँयातर्फ Symbool No….. तथा दायाँतर्फ RE-105 'MA' उल्लेख गरिएको छ । यसभन्दा तल शीर्ष भागमै बिचमा पर्ने गरी SEE 2073 (2017) अनिवार्य नेपाली लेखिएको छ र क्रमश : तल दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ भने प्रश्नपत्रको बाँया भागमा समय ३ घण्टा र दायाँ भागमा पूर्णाङ्क १०० भनी उल्लेख गरिएको छ । यसरी हेर्दा नेपाली भाषा विषयको प्रश्नपत्रमा शीर्ष भागमै अङ्ग्रेजी शब्द Symbol No क्षेत्रको सङ्केतको लागि RE 05 'MA' 2017 लेख्नु उपयुक्त हुँदैन । नेपाली विषयको प्रश्नपत्रमा सङ्केतहरु नेपालीमा नै उल्लेख गरेको भए राम्रो हुने देखिन्छ ।

प्रश्न निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नको अध्ययन गर्दा प्रश्न नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् लेखिएको छ । यस प्रश्नको निर्देशनमा खाली ठाउँमा उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनी निर्देशन दिइएको भए उपयुक्त हुने थियो । यस्तै प्रश्न नं ६ को उपप्रश्न 'ख' मा समास वा विग्रह गर्नु होस् भनी निर्देशन दिइएको छ जसको निर्देशन समास भए विग्रह र विग्रह भए समास गर्नु होस् भनी दिइएको भए उपयुक्त हुने देखिन्छ । प्रश्न नं १० मा तलको गद्यांशबाट चार वटा बुँदा टिपी सारांश लेख्नु होस् भनिएको छ । कस्ता बुँदा टिप्ने खुलाइएको छैन । प्रश्न नं. ११ को निर्देशनमा तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनु होस् भनिएको छ । यसमा तल दिइएको सङ्केतका आधारमा कथा वा जीवनी तयार पारी उपयुक्त

शीर्षक दिनु होस् भनी निर्देशन दिइएको भए राम्रो हुने देखिन्छ । यसरी हेर्दा अन्य प्रश्नको निर्देशन उपयुक्त नै रहेको देखिन्छ ।

विकल्प निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्न नं १, ११, १३, १४, १५, १६ र १८ मा विकल्प सहितको प्रश्नहरु सोधिएको छ । यी प्रश्नहरुमध्ये प्रश्न नं १ को 'क' समूहमा दिएका ८ वटा शब्दहरुको अर्थ समूह 'ख' मा ११ वटा शब्दहरु दिइएको छ । प्रश्न नं ११ र प्रश्न नं. १३ मा 'क' र 'ख' गरी दुई/दुई वटा प्रश्नहरु दिई कुनै एक प्रश्नको उत्तर दिनु होस् भनी बिकल्प निर्देश दिइएको छ । प्रश्न नं १४ मा कुनै एक शीर्षकमा २०० शब्द नघटाई निबन्ध लेख्नु होस् भनी उक्त प्रश्नमा तिन वटा शीर्षकहरु लिइएको छ । प्रश्न नं. १५ मा कुनै एकको सप्रसङ्ग व्याख्या गर्नु होस् भनी 'क' र 'ख' गरी ३ वटा प्रश्नहरु सोधिएको छ । प्रश्न नं १८ मा 'क' र 'ख' गरी दुई वटा विवेचनात्मक उत्तर दिनु पर्ने प्रश्न सोधिएको छ भने कुनै एक प्रश्नको उत्तर दिनु होस् भनी विकल्प निर्देश गरेको छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नमा दिइएका विकल्प निर्देशन उपयुक्त नै रहेको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रको पृष्ठ निर्देशन सम्बन्धी अध्ययन गर्दा प्रथम पृष्ठमा शीर्ष निर्देशन दिइएको छ । त्यसपछि क्रमशः पृष्ठ १, २ र ३ मा अङ्क नलेखी क्रमशः मात्र लेखिएको छ । यसरी अन्त्य पृष्ठमा अर्थात् चौथो पृष्ठमा समापनका लागि  समापक चिह्न दिइएको छ ।

### ५.१.२.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा प्रश्नपत्रको दाँयातर्फ शीर्ष भागमा पूर्णाङ्क १०० दिइएको छ । १०० पूर्णाङ्कको प्रश्नपत्रमा जम्मा १८ वटा प्रश्नहरु सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नको अङ्कभार दिइएको छ । प्रश्नपत्रमा उपप्रश्नका लागि छुट्टै अङ्क नदिए पनि प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क राखिएको छ भने प्रश्नपत्रको बायाँतर्फ समय ३ घण्टा उल्लेख गरिएको छ ।

प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप परीक्षण गर्नका लागि सप्रसङ्ग व्याख्या गर्ने दुई वटा प्रश्नहरु सोधी कुनै एउटा मात्र प्रश्नको उत्तर लेख्न लगाइएको छ; र यसका लागि अङ्क ५ निर्धारण गरेको छ । तिन वटा संक्षिप्त उत्तर दिने प्रश्नहरु सोधी दुई वटाको मात्र उत्तर दिने भनी १० अङ्क निर्धारण गरिएको छ । दुई वटा विवेचनात्मक प्रश्न सोधी एक वटा प्रश्नको उत्तर दिन भनी अङ्कभार १० छुट्ट्याएको छ । यस्तै एउटा तार्किक प्रश्न सोधी यसको अङ्क ५ निर्धारण गरिएको छ भने बोध प्रश्नका लागि ५ वटा प्रश्न सोधी ५ अङ्क नै निर्धारण गरिएको छ । यसरी पढाइ सिप परीक्षणका लागि जम्मा ३५ अङ्क छुट्ट्याएको छ । लेखाइ सिप परीक्षण गर्न सारांश

लेखनका लागि ५ अङ्क, कथा/जीवनी लेखनका लागि ५ अङ्क, चिठी लेखनका लागि ५ अङ्क, वादविवाद/संवाद लेखनका लागि ५ अङ्क र निबन्ध लेखनका लागि १० अङ्क छुट्ट्याएको छ । यसरी लेखाइ सिपका लागि जम्मा ३० अङ्क छुट्ट्याएको छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रमा शब्द भण्डार परीक्षणका लागि १२ अङ्क र व्याकरणका लागि २३ अङ्क विभाजन गरिएको छ । समय निर्धारणका दृष्टिले प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा समय र पूर्णाङ्कको तालमेल मिलेको देखिन्छ । १०० पूर्णाङ्कको प्रश्नका लागि ३ घण्टा समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकामा प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै समय निर्धारण गरिएको भए तापनि प्रश्नमा भने एकमुष्ट ३ घण्टा समय निर्धारण गरिएको छ ।

### ५.१.२.३ प्रस्तुति, अनुक्रम र स्तरण

प्रश्नहरु प्रकृतिका आधारमा राख्नु नै प्रस्तुति अनुक्रम हो । प्रश्नको प्रस्तुति अनुक्रम मिलाउँदा सरलदेखि जटिलताको क्रम अपनाउनु राम्रो मानिन्छ ।

प्रस्तुति अनुक्रम वा स्तरणका आधारमा प्रतिनिधि प्रश्नपत्रलाई हेर्दा क्रमशः शब्द भण्डारको पहिचान, हिज्जे वा वर्ण विन्यास, व्याकरण, बोध, सारांश लेखन, कथा/जीवनी लेखन, चिठी लेखन, वादविवाद/मनोवाद लेखन, सप्रसङ्ग व्याख्या, संक्षिप्त उत्तर, तार्किक उत्तर र विवेचनात्मक उत्तर दिने प्रश्नलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अनुक्रम वा स्तरणका आधारमा प्रश्न विश्लेषण गर्दा पाठ्यक्रममा उल्लेख गरिएको मूल्याङ्कन प्रक्रिया र विशिष्टीकरण तालिका अनुरूप मिलेको हुँदा प्रश्नपत्रको प्रस्तुति, अनुक्रम उपयुक्त नै रहेको देखिन्छ ।

### ५.१.२.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको आकृति र आकार प्रकारलाई नै सामान्यतया प्रश्नपत्रको स्वरूप भनी बुझ्न सकिन्छ । यसभित्र शीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज छपाइ जस्ता पक्षहरु समेटिन्छन् । यिनै आधारमा प्रश्नपत्रको विश्लेषण गर्न सकिन्छ ।

माध्यमिक शिक्षा परीक्षा २०७३ मा मध्यमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएको प्रश्नपत्र आकारका दृष्टिले ४ पृष्ठको देखिन्छ । यसमा जम्मा प्रश्न सङ्ख्या १८ वटा रहेका छन् । प्रश्नमा १२ प्वाइन्टको अक्षर राखिएकोले व्याकरण, शब्द भण्डार र अन्य प्रश्नका दृष्टिले उपयुक्त नै देखिए

पनि पठन बोधका लागि समावेश अनुच्छेदमा वाक्ला तथा अलि साना अक्षरहरु देखिन्छन् । यसरी हेर्दा समाउन र हेर्न सहज हुने खालका प्रश्नपत्रको सिरानमा एक इन्च पुच्छारमा एक इन्च, बाँयातर्फ आधा इन्च तथा दायाँतर्फ आधा इन्च किनारा मात्र ठाउँ खाली छोडिएकाले प्रश्नपत्र त्रुटिपूर्ण रहेको देखिन्छ । यस प्रश्नपत्रमा १२ प्वाइन्टका अक्षर राखिनु सामान्यतः ठिकै देखिए पनि दृश्य क्षमता कम भएका परीक्षार्थीका लागि भने ख्याल गरिएको देखिँदैन ।

चार पृष्ठ रहेको उक्त प्रश्नपत्रको पहिलो पृष्ठमा शीर्ष निर्देशन अन्तर्गत SEE 2073 (2017) अनिवार्य नेपाली उल्लेख गरिएको छ भने दिइएको निर्देशनका आधारमा आफ्नै शैलीका सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ र समय तथा पूर्णाङ्क उल्लेख गरिएको छ । यसरी प्रश्नपत्रको अध्ययन गर्दा अनिवार्य नेपाली भाषा विषयको प्रश्नपत्रमा नेपाली भाषाको शुद्धतालाई ख्याल गर्नु पर्ने हुँदा SEE निर्देशनको सट्टा पुरा नाम उल्लेख गर्न नसकिए तापनि सङ्केतमा एस.ई.ई. उल्लेख गर्नु पर्ने देखिन्छ भने अन्य दृष्टिले शीर्षभाग उपयुक्त नै रहेको देखिन्छ ।

प्रश्नपत्र निर्माण गर्दा उपयोग गरिएको कागज ५० ग्रामको सेतो रङको दुबैतिर अक्षर छाप्न सकिने सफा गुणस्तरीय तथा चिल्लो कागजको उपयोग गरिएको छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. ९ र प्रश्न नं. १० को उपप्रश्न ‘ख’ लाई दुई वटा पृष्ठमा उल्लेख गरिएको छ । यस प्रश्नपत्रको स्वरूप अन्य दृष्टिले उपयुक्त देखिए तापनि एउटै प्रश्नलाई दुई पृष्ठमा विभाजन गरिएको हुँदा प्रश्नपत्रको स्वरूप कमजोर रहेको देखिन्छ ।

### ५.१.२.५ भाषा

प्रतिनिधि प्रश्नपत्रको भाषिक दृष्टिले विश्लेषण गर्दा शीर्ष निर्देशनमै SEE अङ्ग्रेजीमा लेखिनु उपयुक्त देखिँदैन । प्रश्नपत्रको प्रश्न नं २,४ र ५ को निर्देशनमा क्रमश : ‘उपयुक्त’, ‘शुद्ध’ सयुक्त वर्ण छुट्ट्याएको छ तर प्रश्न नं ९ र १० को निर्देशनमा ‘गद्यांश’ तथा प्रश्न नं. १५ को उपप्रश्न ‘ख’ मा ‘विपत्ति’ शब्दमा संयुक्त वर्ण नछुट्याएर लेखिएको छ । भाषिक शुद्धताका दृष्टिले एउटै प्रश्नपत्रमा यस्तो हुनु उपयुक्त देखिँदैन । नेपाली भाषा विषयको प्रश्नपत्रमा केही अङ्ग्रेजी ‘ट्राभल्स एजेन्सी,’ ‘ट्रकिङ,’ ‘टेलिफोन,’ ‘टेलिभिजन’ शब्दहरु उल्लेख गरिएका छन् । भाषिक दृष्टिले नेपालीकरण भइ नसकेका शब्दहरु एउटा स्तरीय प्रश्नपत्रमा उपयोग गर्नु ठिक हुँदैन । चिह्न प्रयोगका सन्दर्भमा प्रश्न नं १५ को उपप्रश्न ‘क’ को दोस्रो हरफमा पूर्णविराम (।) चिह्न छुटेको देखिन्छ । पदयोग र पद वियोगका दृष्टिले प्रतिनिधि प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ भने प्रश्न नं ७ को प्रश्नको सङ्केत अन्तर्गत ‘अज्ञात भूत’, ‘सामान्य वर्तमान’, ‘अपूर्ण भविष्यत्’ मात्र उल्लेख

गरिएको छ । उक्त सङ्केतमा ‘अज्ञात भूत काल’, लेखी ‘सामान्य वर्तमान काल’, ‘अपूर्ण भविष्यत् काल’ स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने  देखिन्छ ।

यसरी हेर्दा नेपाली भाषा विषयको प्रश्नपत्रमा अङ्ग्रेजी शब्दहरु लेखिनु, प्रश्नमै संयुक्त वर्ण विद्यार्थी अलमल हुने गरी राख्नु, प्रश्नपत्रमा चिह्न नै छुट्ट्याउनु, प्रश्न निर्देशन स्पष्ट नहुनु, यस प्रश्नपत्रका कमजोर पक्षहरु हुन भने अन्य दृष्टिले उपयुक्त नै रहेको देखिन्छ ।

### ५.१.३ पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको बाह्य आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

#### ५.१.३.१ निर्देशन

पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको शीर्ष निर्देशनका आधारमा प्रश्न विश्लेषण गर्दा प्रश्नपत्रको शीर्ष भागमा SEE 2073 (2017) अनिवार्य नेपाली लेखिएको छ । विद्यार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु पर्ने भनिएको छ । शीर्ष निर्देशन अन्तर्गत प्रश्नपत्रको बायाँ भागमा समय ३ घण्टा र दायाँ भागमा पूर्णाङ्क १०० भनी शीर्ष भागमा उल्लेख गरिएको छ ।

प्रश्न निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नको अध्ययन गर्दा प्रश्न नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नु होस् लेखिएको छ । यसको निर्देशनमा खाली ठाउँमा उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनी लेखिएको भए उपयुक्त हुने थियो । प्रश्न नं ६ को उपप्रश्न ‘ख’ मा समास वा विग्रह गर्नु होस् भनी प्रश्न निर्देश गरेको छ । यस प्रश्नको निर्देशनमा समास भए विग्रह र विग्रह भए समास गर्नु होस् भनिएको भए उपयुक्त हुने देखिन्छ । प्रश्न नं १० मा तलको गद्यांशबाट ४ वटा बुँदाहरु टिपी सारांश लेख्नु होस् भनिएको छ । यसमा कस्ता बुँदा टिप्ने भन्ने बारे स्पष्ट पारिएको भए उपयुक्त हुने देखिन्छ ।

विकल्प निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्न नं १ मा जोडा मिलाउने प्रश्न सोधी समूह ‘क’ मा ८ वटा शब्द दिइ समूह ‘ख’ मा ११ वटा विकल्पहरु दिइएको छ । प्रश्न ११ मा दुई वटा प्रश्न सोधी कुनै एकको मात्र उत्तर दिनु होस् भनिएको छ । प्रश्न नं. १३ मा पनि दुई वटा प्रश्न सोधी कुनै एकको उत्तर दिनु होस् भनिएको छ । प्रश्न नं. १६ मा ३ वटा

संक्षिप्त उत्तर दिने प्रश्न सोधी कुनै दुईको उत्तर दिनु होस् भनिएको छ भने प्रश्न नं. १८ मा दुई वटा विवेचनात्मक उत्तर दिने प्रश्नहरु सोधी कुनै एक मात्र उत्तर दिनु होस् भनी विकल्प निर्देशन दिइएको छ । यसरी विकल्प निर्देशनका आधारमा पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रको पृष्ठ निर्देशनको आधारमा विश्लेषण गर्दा प्रथम पृष्ठमा शीर्ष निर्देशन दिइएको छ । प्रश्नपत्रको पृष्ठान्तमा पृष्ठ सङ्ख्या उल्लेख नगरी पहिलो, दोस्रो र तेस्रो पृष्ठान्तमा क्रमशः लेखिएको छ भने चौथो पृष्ठमा समापनका लागि चिह्न दिइएको छ ।

## ५.१.३.२ अङ्क विभाजन र समय निर्धारण

पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रलाई अङ्क विभाजन र समय निर्धारणका दृष्टिले अध्ययन विश्लेषण गर्दा प्रश्नपत्रको प्रथम पृष्ठमै दायाँतर्फ शीर्ष भागमा पूर्णाङ्क १०० उल्लेख गरिएको छ । पूर्णाङ्क १०० निर्धारण गरिएको प्रश्नपत्रमा जम्मा १८ वटा प्रश्नहरु सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नपत्रको अङ्कभार दिइएको छ । प्रश्नपत्रमा उपप्रश्नहरुका लागि छुट्टै अङ्क नदिए पनि प्रश्न सङ्ख्याले गुणान गरी जम्मा अङ्क राखिएको छ भने प्रश्नपत्रको शीर्ष भागमा बायाँतर्फ समय ३ घण्टा उल्लेख गरिएको छ । प्रतिनिधि प्रश्नपत्रमा शब्द भण्डार परीक्षणका लागि १२ अङ्क र व्याकरणका विभिन्न विधाहरु मध्येमाबाट २३ अङ्क विभाजन गरेको छ ।

यसरी प्रश्नपत्रमा लेखाइ सिप परीक्षण गर्नका लागि सप्रसङ्ग व्याख्या गर्ने, दुई वटा प्रश्नहरु सोधी एउटा मात्र प्रश्नको उत्तर लेख्न भनिएको छ, जसको लागि अङ्क ५ निर्धारण गरिएको छ । तिन वटा संक्षिप्त उत्तर दिने प्रश्नहरु सोधी कुनै दुई प्रश्नको उत्तर दिनु होस् भनिएको छ, जसका लागि १० अङ्क निर्धारण गरिएको छ । दुई वटा विवेचनात्मक उत्तर दिने प्रश्नहरु सोधी एउटा मात्र प्रश्नको उत्तर दिनु होस् भनी अङ्कभार १० छुट्ट्याएको छ । यस्तै  एउटा तार्किक प्रश्नका लागि ५ अङ्क निर्धारण गरिएको छ भने एउटा अनुच्छेद दिई पाँच वटा बोध प्रश्नहरु सोधी ५ अङ्क नै निर्धारण गरिएको छ । यसरी पढाइ सिप परीक्षणका लागि जम्मा ३५ अङ्क छुट्ट्याएको छ । यस्तै लेखाइ सिप परीक्षणका लागि सारांश लेखनबाट ५ अङ्क कथा वा जीवनी लेखनबाट ५ अङ्क, चिठी लेखनबाट ५ अङ्क, वाद विवाद लेखन वा संवाद लेखनबाट ५ अङ्क र निबन्ध लेखनबाट १० अङ्कका प्रश्नहरु सोधिएको छ । यसरी प्रश्नपत्रमा लेखाइ सिप परीक्षणका लागि जम्मा ३० अङ्क छुट्ट्याएको छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्र अङ्क विभाजनका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

यसरी समय निर्धारणका दृष्टिले प्रश्नपत्रको विश्लेषण गर्दा समय र पूर्णाङ्कका बिच तालमेल मिलेको देखिन्छ । माध्यमिक तहमा १०० पूर्णाङ्कको प्रश्नको लागि ३ घण्टा समय निर्धारण गरिनु उपयुक्त मानिन्छ । विशिष्टीकरण तालिकाले प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै समय निर्धारण गर्ने भनिएको भएता पनि प्रश्नपत्रमा भने एकमुष्ट ३ घण्टा समय निर्धारण गरिएको छ ।

### ५.१.३.३ प्रस्तुति अनुक्रम/स्तरण

प्रश्नपत्रमा प्रश्नहरुको क्रम मिलाएर राख्नु नै प्रस्तुति अनुक्रम हो । यसरी अनुक्रम मिलाउँदा सरलदेखि जटिलताको क्रम अपनाइन्छ । प्रतिनिधि प्रश्नपत्रलाई प्रस्तुति अनुक्रमका आधारमा विश्लेषण गर्दा सुरूदेखि शब्द भण्डार, हिज्जे, व्याकण, बोध, सारांश लेखन, कथा/जीवनी लेखन, वाद विवाद वा मनोवाद, तार्किक प्रश्न, विवेचनात्मक प्रश्नलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

प्रतिनिधि प्रश्नपत्रमा समावेश गरिएका प्रश्नहरुको क्रम विशिष्टीकरण तालिका र पाठ्यक्रममा उल्लेख गरिएको भाषिक मूल्याङ्कन अनुरूप भएकोले प्रस्तुति अनुक्रम/स्तरण उपयुक्त नै देखिन्छ ।

### ५.१.३.४ प्रश्नपत्रको स्वरूप

माध्यमिक शिक्षा परीक्षा २०७२ मा उपयोग गरिएका मध्यमाञ्चल विकास क्षेत्रका प्रश्नपत्रलाई स्वरूपगत आधारमा अध्ययन विश्लेषण गर्दा प्रश्नपत्र आकारका दृष्टिले चार पृष्ठको देखिन्छ । यसमा जम्मा प्रश्न सङ्ख्या १८ वटा रहेका छन् । प्रश्नपत्रमा १२ प्वाइन्टका अक्षर राखिएकोले शब्द भण्डार र हिज्जे/वर्ण विन्यास र अन्य प्रश्नका दृष्टिले उपयुक्त नै देखिए पनि पठन बोध तथा सारांश लेखनका लागि समावेश गरिएका अनुच्छेदमा बाक्ला तथा साना अक्षर देखिन्छन् । यसरी हेर्दा समाउन र हेर्न सहज हुने खालका प्रश्नपत्रको सिरानमा एक इन्च, पुच्छारमा एक इन्च, प्रश्नपत्रको बायाँतर्फ आधा इन्च, दायाँतर्फ आधा इन्च, किनारा मात्र ठाउँ खाली छोडेकोले प्रश्नपत्र त्रुटिपूर्ण देखिन्छ ।

पृष्ठ सङ्ख्या चार रहेको प्रतिनिधि प्रश्नपत्रको पहिलो पृष्ठमा शीर्ष निर्देशन अन्तर्गत SEE 2073 (2017) अनिवार्य नेपाली लेखिएको छ भने दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ र प्रश्नपत्रको शीर्ष भागमै समय तथा पूर्णाङ्क उल्लेख गरिएको छ ।

प्रश्नपत्रको लागि उपयोग गरिएको कागज ५० ग्रामको सेतो रङको दुबैतिर अक्षर छाप्न सकिने सफा गुणस्तरीय तथा चिल्लो कागजको उपयोग गरिएको छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. ९ र प्रश्न नं. ११ को उपप्रश्न 'ख' लाई दुईवटै पृष्ठमा उल्लेख गरिएको छ ।

खासमा प्रश्नपत्रको स्वरूप अन्य दृष्टिले उपयुक्त देखिए पनि नेपाली भाषा विषयको प्रश्नपत्र शीर्ष भागमा नै अङ्ग्रेजी शब्द प्रयोग गरिनु, दृष्टि क्षमता कमजोर भएका विद्यार्थीहरुका लागि १२ प्वाइन्टका अक्षर साना हुने देखिन्छ । प्रश्नपत्रको स्वरूप अन्तर्गत एउटा प्रश्नलाई दुई पृष्ठमा राखिएको हुँदा प्रश्नपत्रको स्वरूप कमजोर रहेको देखिन्छ ।

### ५.१.३.५ भाषा

भाषिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा SEE अङ्ग्रेजी शब्दमा लेखिएको छ । प्रश्नपत्रको प्रश्नहरुमा केही स्थानमा 'उपयुक्त', 'शुद्ध' लेखिएको छ भने केही शब्दहरुमा 'गद्यांश', महत्त्वपूर्ण' जस्ता सयुक्त शब्दहरु उल्लेख गरिएको देखिन्छ । प्रश्न नं ७ को प्रश्न सङ्केत अन्तर्गत 'अभ्यस्त भूत', 'अपूर्ण वर्तमान,' 'पूर्ण भविष्यत्' मात्र लेखिएको छ । पदयोग, पद वियोग तथा चिह्न प्रयोगका आधारमा भने प्रश्नपत्र उत्कृष्ट रहेको देखिन्छ ।

यसरी हेर्दा प्रश्नपत्रको शीर्ष भागमै SEE अङ्ग्रेजीमा लेखिनु, एउटै प्रश्नपत्रमा सयुक्त वर्णहरु कतै जोड्नु, कतै तोड्नु, नेपाली भाषा विषयमा उपयुक्त देखिँदैन । प्रश्नभित्र सङ्केत स्पष्ट नहुनु, जस्तो 'अभ्यस्त भूत', 'अपूर्ण वर्तमान', र 'पूर्ण भविष्यत्' लाई 'अभ्यस्त भूत काल', 'अपूर्ण भूत काल', र 'पूर्ण भविष्यत् काल' स्पष्ट रूपमा उल्लेख गरिएको भए प्रश्नपत्र उपयुक्त हुने देखिन्छ ।

## ५.१.४ मध्य पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको बाह्य आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.१.४.१ निर्देशन

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको निर्देशनका दृष्टिले विश्लेषण गर्दा शीर्ष निर्देशनमा SEE 2073 (2017) अनिवार्य नेपाली लेखिएको छ । त्यसभन्दा मुनि तल दिएका निर्देशनको आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ भने प्रश्नपत्रको बायाँ भागमा ३ घण्टा र दायाँ भागमा पूर्णाङ्क १०० भनी शीर्ष भागमा उल्लेख गरिएको छ । यसरी हेर्दा अनिवार्य नेपाली विषयको प्रश्नपत्रमा अङ्ग्रेजी शब्द SEE लेखिनुको सट्टा माध्यमिक परीक्षा २०७३ लेखिएको भए उपयुक्त हुने देखिन्छ ।

प्रश्न निर्देशनका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्न नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् लेखिएको छ । यस प्रश्नको निर्देशनमा खाली ठाउँ उपयुक्त शब्दहरु भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भन्ने निर्देशन दिएको भए उपयुक्त हुने देखिन्छ । यस्तै प्रश्न नं. ६ को उपप्रश्न 'ख' मा समास वा विग्रह गर्नु होस् भनिएको छ । यस निर्देशनमा समास भए विग्रह र विग्रह भए समास बनाउनु होस् भन्ने निर्देशन दिएको भए उपयुक्त हुने देखिन्छ । प्रश्न नं १० मा तलको गद्यांश पढी चार वटा बुँदा टिपी सारांश लेख्नु होस् भनिएको छ । यसमा कस्ता बुँदाहरु टिप्ने स्पष्ट भनिएको छैन । यसमा कस्ता चार बुँदा टिपी सारांश लेख्नु होस् भन्ने निर्देशन दिएको भए उपयुक्त हुने देखिन्छ । यसरी हेर्दा नेपाली भाषा विषयको प्रश्नपत्रमै प्रश्नगत निर्देशन उपयुक्त नहुनु सैद्धान्तिक तथा व्यावहारिक हिसाबले उपयुक्त देखिँदैन ।

विकल्प निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. १ मा समूह 'क' मा दिइएको शब्दहरुको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तर पुस्तिकामा लेख्नु होस् भनी समूह 'ख' मा ११ वटा विकल्प दिइएको छ । प्रश्न नं. ११ मा 'क' र 'ख' गरी दुई वटा प्रश्नहरु दिई कुनै एकको उत्तर दिनु होस् भनी विकल्प निर्देश गरिएको छ । प्रश्न नं. १३ मा 'क' र 'ख' गरी दुई वटा प्रश्न दिई कुनै एक प्रश्नको उत्तर दिनु होस् भनी विकल्प दिइएको छ । प्रश्न नं. १६ मा 'क' 'ख' र 'ग' गरी तिन वटा प्रश्नदिई कुनै दुई प्रश्नको उत्तर दिनु होस् भनी निर्देशन गरिएको छ भने प्रश्न नं. १८ मा दुई वटा विवेचनात्मक उत्तर दिने प्रश्नहरु सोधी कुनै एउटा प्रश्नको मात्र उत्तर लेख्ने विकल्प निर्देश गरिएको देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रको पृष्ठ निर्देशन सम्बन्धी अध्ययन गर्दा प्रथम पृष्ठमा शीर्ष निर्देशन र त्यसपछि क्रमशः १, २, ३ पृष्ठमा अङ्क नलेखी पृष्ठान्तमा क्रमशः प्रयोग गरी पृष्ठ निर्देशन

गरिएको छ । त्यसै गरी प्रतिनिधि प्रश्नपत्रको समाप्तिको जानकारी दिन समापक चिह्न प्रयोग गरिएको छ ।

### ५.१.४.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा प्रश्नपत्रको शीर्ष भागमा दायाँतर्फ पूर्णाङ्क १०० उल्लेख गरिएको छ भने प्रश्नपत्रको बाँयातर्फ समय ३ घण्टा उल्लेख गरेको छ । माध्यमिक तहको प्रश्नपत्रमा १०० पूर्णाङ्कका प्रश्नको लागि ३ घण्टा समय निर्धारण गरिएकोले यस प्रश्नपत्रको पूर्णाङ्क र समयका बिच तालमेल मिलेको देखिन्छ ।

पढाइ सिप परीक्षणका गर्न सप्रसङ्ग व्याख्या  गर्ने प्रश्नको लागि ५ अङ्क निर्धारण गरिएको छ । संक्षिप्त उत्तरात्मक प्रश्नका लागि १० अङ्क, तार्किक प्रश्नका लागि ५ अङ्क, बोध प्रश्नका लागि ५ अङ्क, बोध प्रश्नका लागि ५ अङ्क तथा विवेवचनात्मक प्रश्नका लागि १० अङ्क गरी पढाइ सिप परीक्षणका लागि जम्मा ३५ अङ्क निर्धारण गरिएको देखिन्छ । लेखाइ सिप परीक्षण गर्न सारांश लेखनबाट ५ अङ्क, कथा वा जीवनी लेखन मध्येमबाट ५ अङ्क, चिठी लेखनका लागि ५ अङ्क, संवाद वा वाद विवादका लागि ५ अङ्क र निबन्ध लेखनका लागि १० अङ्क निर्धारण गरी लेखाइ सिप परीक्षणका लागि जम्मा ३०  अङ्क निर्धारण गरिएको छ । यस्तै शब्द भण्डार क्षमताको पहिचान गर्न १२ अङ्क तथा व्याकरणको लागि २३ अङ्कमा विभाजन गरिएको देखिन्छ ।

समय निर्धारणका दृष्टिले प्रश्न विश्लेषण गर्दा १०० पूर्णाङ्कको लागि ३ घण्टा समय तोकिएको छ । यसरी हेर्दा अङ्क अनुसार समय निर्धारण गरिएको पाइन्छ तर प्रत्येक प्रश्नका छुट्टाछुट्टै समय निर्धारण नगरी एकमुष्ट समय निर्धारण गरिएको देखिन्छ ।

### ५.१.४.३ प्रस्तुति अनुक्रम

प्रश्नपत्रमा प्रश्नहरु प्रकृतिका आधारमा राख्नु नै प्रस्तुति अनुक्रम हो । प्रश्न निर्माण गरिसकेपछि प्रश्नपत्रमा प्रश्नहरुको प्रस्तुति क्रम मिलाउँदा सरलदेखि जटिलताको क्रममा प्रश्नहरु राख्नु उपयुक्त मानिन्छ ।

प्रतिनिधि प्रश्नपत्रलाई प्रस्तुति अनुक्रम वा स्तरणका आधारमा हेर्दा प्रश्नपत्रको क्रम क्रमशः शब्द भण्डारको पहिचान, हिज्जे वा वर्ण विन्यास, व्याकरण, बोध, सारांश लेखन, कथा/जीवनी लेखन संवाद वा वाद विवाद लेखन, सप्रसङ्ग व्याख्या, संक्षिप्त उत्तर दिने प्रश्न, तार्किक उत्तर दिने प्रश्न र विवेचनात्मक उत्तर दिने प्रश्नलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

प्रतिनिधि प्रश्नपत्रमा प्रश्नहरुको प्रस्तुति अनुक्रमलाई अध्ययन गर्दा प्रश्न विशिष्टीकरण तालिका र पाठ्यक्रममा उल्लेख गरिएको भाषिक मूल्याङ्कन प्रक्रिया अनुसार राखिएको हुनाले प्रस्तुति अनुक्रम उपयुक्त नै देखिन्छ ।

### ५.१.४.४ प्रश्नपत्रको स्वरूप

प्रतिनिधि प्रश्नपत्रको स्वरूपगत आधारमा अध्ययन विश्लेषण गर्दा आकारको दृष्टिले प्रश्नपत्र ४ पृष्ठमा देखिन्छ । प्रश्नपत्रमा साना अक्षर खाँदिएर राखिएको पाइन्छ । शब्द भण्डार, व्याकरण र अन्य प्रश्नका लागि ठिकै भए पनि अनुच्छेद पठनका लागि त्यति उपयुक्त देखिँदैनन् । प्रश्न सङ्ख्याका आधारमा प्रश्नको अध्ययन गर्दा विशिष्टीकरण तालिकाका आधारमा जम्मा १८ वटा प्रश्न समावेश गरिएको छ ।

पृष्ठ सङ्ख्या ४ रहेको प्रतिनिधि प्रश्नपको पहिलो पृष्ठमा शीर्ष निर्देशन अन्तर्गत SEE 2072 (2017) अनिवार्य नेपाली लेखिएको छ भने दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ र प्रश्नपत्रको शीर्ष भागमै समय र पूर्णाङ्क उल्लेख गरिएको छ ।

प्रश्नपत्रको लागि उपयोग गरिएको कागज ५० ग्रामको सेतो रङको दुबैतिर अक्षर छाप्न मिल्ने सफा गुणस्तरीय तथा चिल्लो कागजको उपयोग गरिएको छ । प्रश्नपत्र सहज रूपमा हेर्न र समाउन सकिने सिरानमा एक इन्च, पुच्छारमा एक इन्च, बायाँतिर आधा इन्च तथा दायाँतिर आधा इन्च किनारा मात्र ठाउँ छोडेकाले प्रश्नपत्र त्रुटिपूर्ण रहेको देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं ९ र प्रश्न नं. ११ को उपप्रश्न 'ख' लाई दुई वटा पृष्ठमा उल्लेख गरिएको छ । यसरी हेर्दा प्रश्नपत्रको स्वरूप अन्य दृष्टिले उपयुक्त देखिए पनि एउटै प्रश्नलाई दुई पृष्ठमा समावेश गर्नु तथा नेपाली भाषा विषयको प्रश्नपत्रको शीर्ष भागमा नै अङ्ग्रेजी शब्द लेख्नु उपयुक्त देखिँदैन ।

### ५.१.४.५ भाषा

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रलाई भाषिक दृष्टिले अध्ययन गर्दा शीर्ष भागमा अङ्ग्रेजी शब्द SEE लेखिएको छ । प्रश्नपत्रको केही स्थानमा सयुक्त वर्ण ‘उपयुक्त’ ‘शुद्‌ध’ छुट्ट्याएर तथा कुनै स्थानमा ‘पद्धति’ ‘गद्यांश’, ‘बौद्धनाथ’ जस्ता शब्दहरु संयुक्त रूपमा जोडेर उल्लेख गरिएको देखिन्छ । कहीँ कतै अङ्ग्रेजी शब्दहरु ‘रेक्टर’ ‘स्केल’ जस्ता शब्दहरु उल्लेख गरिएको छ ।

यसरी हेर्दा प्रश्नपको शीर्ष भागमा नै अङ्ग्रेजी शब्द लेखिनु, एउटै प्रश्नपत्रभित्र कतै सयुक्त वर्णहरु कतै जोड्नु र कतै तोड्नु, अनुच्छेदभित्र अङ्ग्रेजी शब्दहरु देखिनु भाषिक दृष्टिले उपयुक्त देखिँदैन । तसर्थ यी विविध कुरामा ख्याल गरी प्रश्नपत्रलाई भाषिक दृष्टिले अझ सबल तथा उत्कृष्ट बनाउनु पर्ने देखिन्छ ।

## ५.१.५ सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको बाह्य आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.१.५.१ निर्देशन

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रलाई शीर्ष निर्देशनका आधारमा अध्ययन गर्दा प्रश्नपत्रको शीर्षभागमा SEE 2073 (2017) अनिवार्य नेपाली उल्लेख गरिएको छ । त्यसभन्दा पछाडि दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु पर्नेछ भनी प्रश्नपत्रको बायाँ भागमा समय र दायाँ भागमा पूर्णाङ्क दिइएको छ ।

प्रतिनिधि प्रश्नपत्र प्रश्न निर्देशनका दृष्टिले अध्ययन गर्दा धेरै जसो प्रश्नमा निर्देशन उपयुक्त नै देखिन्छ तर प्रश्न नं ६ को उपप्रश्न ‘ख’ मा समास वा विग्रह गर्नु होस् भनी निर्देशन दिइएको छ । यस प्रश्नको निर्देशन स्पष्ट रूपमा समास भए विग्रह र विग्रह भए समास गरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनी प्रश्न सोध्नु पर्ने देखिन्छ । यस्तै प्रश्न नं. १० मा तलको गद्‌यांशबाट चार वटा बुँदा टिपी सारांश लेख्नु होस् भनिएको छ । कस्ता बुँदा टिप्ने स्पष्ट खुलाइएको छैन ।

विकल्प निर्देशनका  दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्न नं १ समूह ‘क’ मा ८ वटा शब्दहरु दिई शब्दको अर्थ समूह ‘ख’ बाट पहिचान गरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनी समूह ‘ख’ मा ११ वटा वैकल्पिक शब्दहरु दिइएको छ । प्रश्न नं ११ मा दुई वटा प्रश्नहरु दिई कुनै एउटाको उत्तर दिन विकल्प निर्देशन दिइएको छ । यस्तै प्रश्न नं १३ मा दुई वटा प्रश्न सोधी कुनै एकको उत्तर दिन भनी विकल्प निर्देशन दिइएको छ । प्रश्न नं. १६ मा तिन वटा प्रश्न सोधी कुनै दुई वटाको उत्तर दिन निर्देशन गरिएको छ । त्यसै गरी प्रश्न नं १८ मा दुई वटा प्रश्न सोधी एउटाको उत्तर दिनु होस् भनी विकल्प निर्देशन गरिएको छ ।

प्रतिनिधि प्रश्नपत्रको पृष्ठ निर्देशन सम्बन्धी अध्ययन गर्दा प्रथम पृष्ठमा शीर्ष निर्देशन दिइएको छ । त्यसपछि पहिलो, दोस्रो र तेस्रो पृष्ठको अन्त्यमा क्रमशः लेखिएको छ भने चौथो वा अन्तिम पृष्ठमा समाप्तिको जानकारीका लागि समापक चिह्न प्रयोग गरिएको छ ।

### ५.१.५.२ अङ्क विभाजन र समय निर्धारण

प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारणको ठुलो भूमिका हुने गर्दछ । त्यसैले अङ्क विभाजन र समयका बिच सन्तुलन हुनु आवश्यक छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको प्रथम पृष्ठमै शीर्षभागमा दायाँतर्फ पूर्णाङ्क १०० र बायाँतर्फ समय ३ घण्टा निर्धारण गरिएको छ । यसका लागि जम्मा १८ वटा प्रश्नहरु सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नका अङ्कभार दिइएको छ । यसको लागि जम्मा १८ वटा प्रश्नहरु सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नको अङ्कभार दिइएको छ । प्रश्नपत्रमा उपप्रश्नका लागि छुट्टै अङ्क निर्धारण गरिएको छैन तर प्रश्न सङ्ख्याले गुणान गरी जम्मा अङ्क राखिएको छ । समयको सन्दर्भमा प्रत्येक प्रश्नको अङ्कभार छुट्टाछुट्टै नभई प्रश्नपत्रको बायाँ भागमा मात्र ३ घण्टा उल्लेख गरिएको छ ।

प्रतिनिधि प्रश्नपत्रमा शब्द भण्डार परीक्षणका लागि १२ अङ्क र व्याकरणबाट २३ अङ्कका प्रश्नहरु सोधिएको छ । यसरी प्रश्नपत्रमा लेखाइ सिप परीक्षणका लागि सारांश लेखन ५ अङ्क, कथा र जीवनी लेखनमा विकल्प दिई एउटा मात्र लेख्न ५ अङक, वाद विवाद वा मनोवाद लेखन मध्येमबाट ५ अङ्क र निबन्ध लेखनका लागि १० अङ्कका प्रश्नहरु समावेश गरिएको छ । तसर्थ लेखाइ सिप परीक्षणका लागि जम्मा ३० अङ्क निर्धारण गरिएको छ ।

पढाइ सिप परीक्षण गर्न सप्रसङ्ग व्याख्या गर्ने दुई वटा प्रश्नहरु सोधी एउटा मात्रको उत्तर लेख्न भनिएको छ; जसका लागि ५ अङ्क निर्धारण गरिएको छ । यस्तै संक्षिप्त उत्तर आउने प्रश्न १० अङ्क, विवेचनात्मक उत्तर आउने प्रश्न १० अङ्क, तार्किक शिल्प सम्बन्धी प्रश्नको लागि ५ अङ्क र बोध प्रश्नोत्तरका लागि ५ अङ्क छुट्ट्याएको छ ।

यसरी समग्रमा पढाइ सिप परीक्षण गर्न ३५ अङ्क निर्धारण गरिएको छ । समय निर्धारणका दृष्टिले प्रश्नपत्र विश्लेषण गर्दा पूर्णाङ्क १०० को लागि ३ वटा समय तोकिएको छ । माध्यमिक तहको विशिष्टीकरण तालिकाले प्रतिप्रश्न समय तोके तापनि प्रश्नपत्रमा भने एकमुष्ट समय निर्धारण गरिएको छ । यसरी हेर्दा माध्यमिक तहका विद्यार्थीको लागि १०० पूर्णाङ्कको प्रश्नका लागि ३ घण्टा समय निर्धारण गर्नु उपयुक्त देखिन्छ ।

### ५.१.५.३ प्रस्तुति अनुक्रम/स्तरण

प्रतिनिधि प्रश्नपत्रलाई प्रस्तुति अनुक्रमका आधारमा अध्ययन विश्लेषण गर्दा प्रश्नहरुको क्रम क्रमशः शब्द भण्डार, हिज्जे वा वर्ण विन्यास, व्याकरण, बोध प्रश्न, बुँदा टिपोट र सारांश लेखन, कथा वा जीवनी लेखन, वाद विवाद वा मनोवाद लेखन, निबन्ध लेखन, पाठगत संक्षिप्त उत्तर दिने प्रश्न, तार्किक प्रश्न र विवेचनात्मक उत्तर लेख्ने प्रश्नहरु समावेश गरिएको छ । प्रश्नपत्रमा प्रश्नहरु क्रम मिलाएर राख्नु पर्ने हुन्छ । अर्थात् प्रश्नहरु सरलदेखि जटिलताको क्रममा शब्द भण्डार सम्बन्धी प्रश्न सुरूमा राखिनु र विवेचनात्मक उत्तर दिने प्रश्न अन्त्यमा राख्नुले प्रश्नहरुको अनुक्रम मिलेको देखिन्छ ।

यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश गरिएका प्रश्नहरुको क्रम माध्यमिक तहको पाठ्यक्रमले उल्लेख गरे अनुरूप तथा विशिष्टीकरण तालिका अनुरूप भएकाले प्रस्तुति अनुक्रम उपयुक्त देखिन्छ ।

### ५.१.५.४ प्रश्नपत्रको स्वरूप

माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रलाई स्वरूपगत आधारमा अध्ययन गर्दा प्रश्नपत्र आकारका दृष्टिले चार पृष्ठको देखिन्छ । प्रश्नपत्रमा १२ प्वाइन्टका अक्षरहरु समावेश गरिएको छ । सामान्यतया १२ प्वाइन्टका अक्षर शब्द

भण्डार, व्याकरण तथा अन्य प्रश्नक लागि ठिक भए तापनि अनुच्छेद पठनका लागि त्यति उपयुक्त देखिँदैन तथा दृष्टि क्षमता कमजोर भएका विद्‍यार्थीका लागि प्रतिनिधि प्रश्नपत्र एकदमै कमजोर देखिन्छ । जम्मा १८ वटा प्रश्न समावेश गरिएको प्रश्नपत्रमा प्रश्नहरु विशिष्टीकरण तालिका अनुरूप रहेका छन् ।

चार पृष्ठको प्रतिनिधि प्रश्नपत्रको पहिलो पृष्ठमा शीर्ष निर्देशन अन्तर्गत शीर्ष भागमै SEE 2073 (2017) अनिवार्य नेपाली उल्लेख गरिएको छ भने दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु होस् भनिएको छ र समय तथा पूर्णाङ्क उल्लेख गरिएको छ । यसरी प्रश्नपत्रको अध्ययन गर्दा अनिवार्य नेपाली भाषा विषयको प्रश्नपत्रमा नेपाली भाषा विषयको शुद्‍धतालाई ख्याल गर्नु पर्ने हुँदा शीर्ष भागमा अङ्ग्रेजी शब्द राख्नु उपयुक्त  देखिँदैन ।

प्रश्नपत्र निर्माण गर्दा उपयोग गरिएको कागज ५० ग्राम तौल भएको दुबैतिर अक्षर छाप्न सकिने, सफा, गुणस्तरीय, सेतो तथा चिल्लो कागजको उययोग गरिएको छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. ९ र प्रश्न नं. ११ को उपप्रश्न 'ख' लाई दुई वटा पृष्ठमा उल्लेख गरिएको छ । यस प्रश्नपत्रको स्वरूप अन्य दृष्टिले उपयुक्त देखिए तापनि एउटै प्रश्नलाई दुई पृष्ठमा दिइएको हुँदा प्रश्नपत्रको स्वरूप केही कमजोर देखिन्छ ।

### ५.१.५.५ भाषा

भाषिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा SEE 2073 (2017) अङ्ग्रेजीमा लेखिएको छ । प्रश्नपत्रका केही प्रश्नहरुमा सयुक्त वर्णहरु 'उपयुक्त' 'शुद्‍ध' जस्ता शब्दहरु छुट्‍याएर लेखिएको छ भने 'गद्यांश', शब्दमा सयुक्त वर्ण जोडिएर लेखिएको छ । भाषिक दृष्टिले एउटै प्रश्नपत्रमा यस्तो हुनु उपयुक्त मानिदैन । प्रश्न नं ७ को प्रश्न सङ्केत अन्तर्गत 'पूर्ण वर्तमान', 'अपूर्ण भविष्यत्', 'अज्ञात भूत' मात्र लेखिएको छ भने पदयोग  पदवियोग तथा चिह्न प्रयोगका दृष्टिले प्रश्नपत्र उपयुक्त रहेको देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रका भाषिक दृष्टिले विश्लेषण गर्दा शीर्ष भागमै SEE अङ्ग्रेजीमा लेखिनु एउटै प्रश्नपत्रमा सयुक्त वर्णहरु कतै जोड्नु कतै तोड्नु नेपाली भाषा विषयको प्रश्नपत्रमा उपयुक्त देखिँदैन । प्रश्नभित्र सङ्केत स्पष्ट नहुनु जस्तो 'पूर्ण वर्तमन' 'अज्ञात भूत', 'अपूर्ण भविष्यत्' लाई 'पूर्ण वर्तमान काल', 'अज्ञात भूतकाल', 'अभ्यस्त भविष्यत् काल' स्पष्ट रूपमा उल्लेख गरी प्रश्नपत्रलाई उत्कृष्ट बनाउनु पर्ने देखिन्छ ।

## ५.२ आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन

प्रश्नपत्रको आन्तरिक आधारले प्रश्नपत्रको स्तरीयता, वैधता, विश्वसनीयता र उद्देश्य पूर्णता आदि निर्धारण गर्ने भएकाले यसलाई महत्त्वपूर्ण आधार मानिन्छ । त्यसैले राम्रो प्रश्नको लागि आन्तरिक वैधता अनिवार्य तत्त्व हो । आन्तरिक पक्षको आधारमा परीक्षणीय प्रश्नको प्रभावकारिता, स्तरयुक्तता, यसको उपयोगिता, भाषिक सिप आदिको लेखाजोखा गर्न सकिन्छ । यसरी प्रश्नपत्रका आन्तरिक आधार अन्तर्गत निम्न मुख्य उप शीर्षकहरुमा आधारित भएर प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषण गर्न सकिन्छ :

१. पाठ्यक्रम अनुरूपता

२. भाषिक पक्षहरुको संयोजन र सन्तुलन

३. प्रश्नपत्रमा हुनु पर्ने गुण

४. प्रश्नका विविध पक्षहरु

५. भाषा

### ५.२.१ पूर्वाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा पूर्वाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

#### ५.२.१.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति प्रयोग गरिने प्रश्नपत्रले सम्पूर्ण पाठ्यक्रमको प्रतिनिधित्व गरेको हुनु पर्दछ । यदि उपयोगमा आएका प्रश्नहरु पाठ्यक्रमको भावना मर्म बमोजिम नभएर यस्ता प्रश्नबाट गरिने परीक्षण दोषपूर्ण हुन जान्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, प्रश्नको अङ्कभार, समय र प्रश्न सन्तुलन आदिका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, व्याकरण, शब्द भण्डार र हिज्जे जस्ता ९ वटा विधा समावेश गरिएको छ । सो पाठ्यक्रमले नेपाली

विषयका लागि कूल पूर्णाङ्क १०० साप्ताहिक पाठ्भार ५ वार्षिक पाठ्यभार १५० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरु कथा, कविता, जीवनीको प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिप विकास गर्नु रहेको छ ।

यस आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरु र पाठगत प्रश्नहरु समावेश गरिएको पाइन्छ भने लेखाइ सिप परीक्षणका लागि चिठी, वाद विवाद, संवाद, रचना सम्बन्धी प्रश्न समावेश गरिएको छ । यस आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरु पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएको पाइन्छ ।

विधाको अङ्कभार प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डार र वाक्यमा प्रयोग सम्बन्धी प्रश्नबाट १२ अङ्क, शुद्धीकरणका लागि ५ अङ्क, व्याकरणका विभिन्न विधाबाट १८ अङ्क,  अदृष्टांश रचनाबाट ५ अङ्क, कविता, जीवनी आदिबाट ५ अङ्क, अदृष्टांश कथा र जीवनी लेखनबाट ५ अङ्क, स्वतन्त्र लेखन अन्तर्गत निबन्ध लेखनबाट १० अङ्क, चिठी, वाद विवाद, संवाद मध्येबाट १० अङ्क, सप्रसङ्ग व्याख्याबाट ५ अङ्क तथा विवेचनात्मक (कथा, निबन्ध, जीवनी) मध्येबाट १० अङ्कको प्रश्न पाठ्यक्रम अनुरूप नै देखिन्छ । संक्षिप्त उत्तर (कथा, निबन्ध) बाट १५ अङ्कको प्रश्न सोध्नुपर्ने भनिएको छ तर प्रश्नपत्रमा भने १० अङ्कको मात्र संक्षिप्त उत्तर आउने प्रश्न सोधी ५ अङ्कको लागि तार्किक शिल्प सम्बन्धी प्रश्न सोधिएको छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्न र अङ्कभारको सन्तुलन मिलेको देखिन्छ ।

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरुको लागि छुट्टै समय छुट्ट्याइएको छैन । विशिष्टीकरण तालिकामा भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण गरिनु तर समय निर्धारण नगरिनु त्यति उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षता अनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरु पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

### ५.२.१.२ भाषिक पक्षहरुको संयोजन र सन्तुलन

भाषिक पक्षभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रमा समावेश गरिने पढाइ सिप, लिखित रचना सिप, शब्द भण्डार क्षमता तथा व्याकरणिक ज्ञान र प्रयोग क्षेत्रहरु पर्दछन् । यी कुराहरु विशेषत :

लिखित परीक्षाका भाषिक पक्षसँग सम्बन्धित कुरा हुन् । सामान्यतया माध्यमिक तहका प्रश्नपत्रमा भाषिक पक्षको संयोजन र सन्तुलनका दृष्टिले उपर्युक्त प्रश्नपत्रमा पढाइ सिपको लागि ४० प्रतिशत, लेखाइ सिपका लागि ३० प्रतिशत, व्याकरण शिक्षणका लागि २० प्रतिशत र शब्द भण्डार क्षमताका लागि १० प्रतिशत प्रश्नहरु (पौडेल, २०७० : ११८) निर्माण गर्नु उपयुक्त मानिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्न सकिन्छ ।

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा जम्मा १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ । यसमा पढाइ सिप अन्तर्ग पठन बोध ५ अङ्क, सप्रसङ्ग व्याख्या ५ अङ्क, संक्षिप्त उत्तर लेख्ने प्रश्न १० अङ्क र विवेचनात्मक प्रश्न १० अङ्क गरी जम्मा ३० अङ्कको प्रश्न सोधिएको छ । यस्तै लेखाइ सिप अन्तर्गत सारांश लेखन ५ अङ्क, कथा वा जीवनी लेखन ५ अङ्क, चिठी लेखन ५ अङ्क, वाद विवाद वा संवाद लेखन ५ अङ्क, निबन्ध लेखन १० अङ्क तथा मनोवाद लेखनबाट ५ अङ्क गरी ३५ अङ्कका प्रश्नहरु सोधिएका छन् ।

यसरी व्याकरणिक दृष्टिले प्रश्नपत्रका अध्ययन गर्दा शुद्धा शुद्धी सम्बन्धी ५ अङ्क, पदवर्ग ४ अङ्क, शब्द निर्माण ४ अङ्क, काल पक्ष र भावबाट ५ अङ्क तथा वाक्य परिवर्तनबाट ५ अङ्क गरी जम्मा २३ अङ्कको प्रश्न उपयोग गरिएको छ । यसरी शब्द भण्डार अन्तर्गत शब्दार्थ ४ अङ्क, शब्द ज्ञान ३ अङ्क तथा वाक्यमा प्रयोग गर्ने प्रश्न ५ अङ्कको गरी जम्मा १२ पूर्णाङ्कको प्रश्न सोधिएको छ ।

यसरी प्रतिनिधि प्रश्नको अध्ययन गर्दा पढाइ सिपको लागि ३० प्रतिशत, लेखाइ सिपका लागि ३५ प्रतिशत, व्याकरण सम्बन्धी सिप परीक्षण २३ प्रतिशत र शब्द भण्डार क्षमता परीक्षणका लागि १२ प्रतिशत प्रश्नहरु समावेश गरेको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप सम्बन्धी ३० प्रतिशत मात्रै प्रश्न सोध्नु थोरै कम भए तापनि भाषिक परीक्षणको संयोजन र सन्तुलनका दृष्टिले केही कमजोरी देखिए पनि माध्यमिक तहको प्रश्नपत्र निर्माणको आधार विशिष्टीकरण तालिका अनुरूप नै प्रश्नहरु समावेश गरिएको देखिन्छ ।

### ५.२.१.३ प्रश्नपत्रमा हुनु पर्ने गुणहरु

प्रश्नपत्र गुणात्मक मूल्यबाट सबल रहन विश्वसनीयता, वैधता, विभेदकारिता, वस्तुगतता, व्यावहारिकता जस्ता गुणले युक्त हुनु पर्दछ । भाषिक सिप र समझको परीक्षणका लागि तद्अनुरूपकै प्रवृत्तिमा भाषिक प्रश्नहरु निर्माण गरिएका हुन्छन् । प्रश्नहरु निर्माण गर्दा उक्त

गुणहरुको विशेष ख्याल गरी निर्माण गर्नाले प्रश्नहरु स्तरीय हुनका साथै उद्देश्यमूलक र व्यावहारिक हुन जान्छन् ।

विश्वसनीयताका आधारमा प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा केही कमजोरीहरु रहेको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं ६ को 'ख' मा समास वा विग्रह गर्नु होस् भनिएको छ । यसमा परीक्षार्थीले स्पष्ट बुझ्ने गरी समास भए विग्रह र विग्रह भए समास गर्नु होस् भनिएको भए राम्रो हुने थियो । यस्तै प्रश्न नं. १० मा तलको गद्यांशबाट ४ वटा बुँदा टिपी सारांश लेख्नु होस् भनिएको छ । यसमा कस्ता बुँदा टिप्ने भनिएको छैन । खाली ठाउँ भर्ने प्रश्नमा खाली ठाउँ भरी उत्तर पुस्तिकामा सार्नुहोस् भनिएको भए राम्रो हुने देखिन्छ ।

वैधताका दृष्टिले प्रश्नपत्र अध्ययन गर्दा विषयगत वैधताका दृष्टिले पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषय वस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा प्रश्नपत्रमा विषयगत बैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्दा स्वतन्त्र र निर्देशित गरी दुई प्रकृतिका प्रश्न समावेश गरिएको छ । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएको हुँदा उक्त प्रश्नपत्र वैधताका दृष्टिले केही कमजोर देखिन्छन् ।

विभेदकारिताका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरु निर्माण गरिएको हुनाले प्रश्नपत्र विभेदीकारिताको गुणले युक्त मान्न सकिन्छ ।

व्यावहारिकताका दृष्टिले माध्यमिक तहका बालबालिकाहरु जीवनी लेखनमा त्यति अभ्यस्त भइ नसकेको हुँदा उत्कृष्ट लेखन अपेक्षा राख्न सकिदैन । यस आधारमा अन्य प्रश्नहरु उपयुक्त नै देखिन्छन् ।

## ५.२.१.४ प्रश्नका विविध पक्षहरु

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रकृतिका प्रश्नहरु निर्माण गर्नु पर्ने हुन्छ भने यस्ता प्रश्नहरुले पहिचानात्मक तथा उत्पादानात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादानात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । प्रतिनिधि प्रश्नहरुको यस आधारमा अध्ययन गर्दा विषयगत प्रश्न अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सश्लेषणात्मक तथा

सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने किसिमका प्रश्नहरु समावेश गरिएको छ । पहिचानात्मक र उत्पादनात्मक दुवै पक्षको परीक्षण गर्न सक्ने प्रश्नहरु निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चार वटै सिपलाई एकीकृत रुपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनरुपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेका देखिन्छन् । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

#### ५.२.१.५ भाषा

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा भाषा सम्बन्धी खासै त्रुटिहरु नदेखिए तापनि कतिपय प्रश्न निर्देशनका भाषा (समास वा विग्रह गर्नुहोस्) अलि अस्पष्ट देखिन्छन् । यस्तै खाली ठाउँ भर्नु होस् भन्ने प्रश्न निर्देशन पनि प्रश्नपत्रमै खाली ठाउँ भर्ने की उत्तरपत्रमा खाली ठाउँ भर्ने भन्ने कुराको अलमल हुन सक्ने देखिन्छ भने अन्य दृष्टिले उपयुक्त नै देखिन्छ ।

### ५.२.२ मध्यमाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा मध्यमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

#### ५.२.२.१ पाठ्यक्रम अनुरूपता

माध्यमिक शिक्षा परीक्षा २०७३ मा मध्यमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएको प्रश्नपत्रको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्दा माध्यमिक शिक्षाको पाठ्यक्रम २०६४ ले नेपाली भाषा विषयमा कथा, कविता, जीवनी, निबन्ध, रूपक, पत्र, व्याकरण हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्न तथा शब्द भण्डार जस्ता विधाहरु समावेश गरिएको छ । विधा वा विषय वस्तु अनुरूप नेपाली विषयका लागि कुल १०० पूर्णाङ्क, साप्ताहिक पाठ्भार ५ वार्षिक पाठ्भार १५०

तोकिदिएको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरु कथा, कविता, जीवनीको प्रयोग पढाइ सिप विकास गर्नु र निबन्ध विधाको उद्देश्य लेखाइ सिप विकास गर्नु रहेको  छ ।

विधाको अङ्क र प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्दार्थ र वाक्यमा प्रयोग गर्ने प्रश्नबाट १२ अङ्क, शुद्धीकरणका लागि ५ अङ्क, व्याकरण अन्तर्गत (शब्दवर्ग, शब्द निर्माण,  काल, पक्ष, भाव तथा वाक्य परिवर्तन) बाट १८ अङ्क, बोधः अदृष्टांश रचनाबाट ५ अङ्क, स्वतन्त्र रचना (चिठी, वाद विवाद, संवाद तथा चिठी लेखन) बाट २० अङ्क, संक्षिप्त  उत्तर (जीवनी, निबन्ध र कविता) बाट १० अङ्क, तार्किक प्रश्न एकाङ्की विधाबाट ५ अङ्क तथा विवेचनात्मक प्रश्न (कथा र निबन्ध) बाट १० अङ्कको लागि प्रश्नहरु सोधिएको छ । यसरी हेर्दा विधाको अङ्कभार र प्रश्न सङ्ख्याका दृष्टिले निर्धारित प्रश्नहरु उपयुक्त नै देखिन्छन् ।

यस दृष्टिले प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरु र पाठगत प्रश्नहरु समावेश गरिएको पाइन्छ । यसै गरी लेखाइ सिप परीक्षणका लागि चिठी, वाद विवाद, संवाद, रचना सम्बन्धी प्रश्नहरु समावेश गरिएका छन् । यसरी अध्ययन गर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरु पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएको देखिन्छ ।

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकामा प्रत्येक प्रश्नका लागि समय छुट्टाछुट्टै निर्धारण गर्नु पर्ने भनिएको भए तापनि प्रश्नमा समय निर्धारण गरिएको छैन तर पनि समग्रमा विधागत समय र प्रश्न सापेक्ष अनुरूप नै प्रश्नपत्रमा समावेश प्रश्नहरु पाठ्यक्रम अनुरूताका दृष्टिले उपयुक्त नै रहेको देखिन्छ ।

### ५.२.२.२ भाषिक पक्षहरुको संयोजन र सन्तुलन

माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएको मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको अध्ययन गर्दा भाषिक पक्ष अन्तर्गत पढाइ सिप, लेखाइ सिप, शब्द भण्डार क्षमता, पठन बोध, व्याकरणिक ज्ञान र प्रयोग सम्बन्धी सिपहरु पर्दछन् । एउटा असल प्रश्नपत्रमा यी पक्षहरुको संयोजन र  सन्तुलन हुन आवश्यक छ ।

प्रतिनिधि प्रश्नपत्रमा जम्मा १०० पूर्णाङ्कका प्रश्नहरु निर्धारण गरिएको छ । यसमा पढाइ सिप अन्तर्गत पठन बोध ५ अङ्क, सप्रसङ्ग व्याख्या ५, संक्षिप्त उत्तर लेख्ने प्रश्न १० अङ्क, विवेचनात्मक प्रश्न १० अङ्कको गरी जम्मा ३० अङ्कको प्रश्न सोधिएका छन् । यस्तै लेखाइ सिप अन्तर्गत सारांश लेखन ५ अङ्क, वाद विवाद वा संवाद लेखन ५ अङ्क, कथा वा जीवनी लेखन ५ अङ्क, चिठी लेखन ५ अङ्क, निबन्ध लेखन १० अङ्क तथा तार्किक लेखनबाट ५ अङ्क गरी जम्मा ३५ अङ्कका प्रश्नहरु सोधिएको छ ।

यसरी शब्द भण्डार अन्तर्गत शब्दार्थ ४ अङ्क, शब्द ज्ञान ३ अङ्क तथा वाक्यमा प्रयोग गर्ने प्रश्न ५ अङ्कका प्रश्नहरु सोधिएको छ । यस्तै व्याकरणिक दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा शुद्धा शुद्धी ५ अङ्क पदवर्ग ४ अङ्क, शब्द निर्माण ४ अङ्क, काल पक्ष र भावबाट ५ अङ्क तथा वाक्य परिवर्तन गर्ने प्रश्नबाट ५ अङ्क गरी जम्मा ३५ अङ्कका प्रश्नहरु उपयोग गरिएको छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पढाइ सिप परीक्षणका लागि ३० प्रतिशत लेखाइ सिप परीक्षणका लागि ३५ प्रतिशत शब्द भण्डार क्षमता परीक्षणका लागि १२ प्रतिशत तथा व्याकरण सम्बन्धी सिप परीक्षण गर्न २३ प्रतिशत प्रश्नहरु समावेश गरिएको छ । यसरी भाषिक पक्षहरुको संयोजन र सन्तुलनका दृष्टिले प्रश्न निर्माणमा पढाइ सिपका लागि ३० पूर्णाङ्कको प्रश्नपत्रमा केही त्रुटि भए पनि प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्र निर्माणको आधार विशिष्टीकरण तालिका अनुरूप नै प्रश्नहरु समावेश गरिएकोले प्रतिनिधि प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ ।

### ५.२.२.३ प्रश्नपत्रमा हुनु पर्ने गुण

प्रश्नपत्रमा हुनु पर्ने गुण अन्तर्गत विश्वसनीयता, वैधता, विभेदीकारिता तथ व्यावहारिकता पर्दछन् । प्रश्नपत्र स्तरीय हुनका लागि उल्लिखित गुणले युक्त प्रश्नहरु हुन आवश्यक छ ।

विश्वसनीयताका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा केही कमजोरीहरु रहेको देख्न सकिन्छ, जस्तो प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नु होस् भनिएको छ । यसमा विद्यार्थीले स्पष्ट रूपमा बुझ्न सक्ने गरी खाली ठाउँमा उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनिएको भए उपयुक्त हुने देखिन्छ । यस्तै अन्य प्रश्नमा पनि केही कमजोरीहरु रहेका छन् जस्तो प्रश्न नं ६ को उपप्रश्न 'ख' मा समास भए विग्रह र विग्रह भए समास गरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भन्ने निर्देशन दिए उपयुक्त हुने देखिन्छ । यसरी प्रश्न नं. १० मा तलको गद्यांशबाट चार वटा बुँदाहरु टिपी भनिएको छ । यसमा कस्ता बुँदा

टिप्ने भनी स्पष्ट निर्देशन दिएका भए प्रश्नपत्र विश्वसनीय हुने देखिन्छ । प्रतिनिधि प्रश्नपत्रको विषयगत वैधताका आधारमा अध्ययन गर्दा पाठ्यक्रम तथा विशिष्टीकरण तालिकाले निर्देशन गरेका विषय वस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा प्रश्नपत्रमा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्न स्वतन्त्र रचना तथा निर्देशित रचना गरी दुई प्रश्नहरु समावेश गरिएका छन् । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नहरुको उत्तरको सीमाङ्कन नगरिएको हुँदा रचनात्मक वैधताका दृष्टिले प्रश्नपत्र केही कमजोर रहेको देखिन्छ ।

व्यावहारिकताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा संक्षिप्त उत्तरका लागि ५ अङ्क र ९ मिनेट समय निर्धारण गरिएको छ भने विवेचनात्मक तथा लामो उत्तर आउने प्रश्नका लागि १० अङ्क र १८ मिनेट समय निर्धारण गरिएको छ । यसरी हेर्दा माध्यमिक तहको विशिष्टीकरण तालिका अनुरूप १०० पूर्णाङ्कको प्रश्नको लागि १८ वटा प्रश्नहरु र ३ घण्टा समय निर्धारण गर्नु प्रश्नसङ्ख्या र समय निर्धारणका दृष्टिले उपयुक्त रहेको देखिन्छ । खर्चको दृष्टिकोणले निर्धारित प्रश्नहरुमा मितव्ययीता देखिन्छ भने प्रश्नहरु समय सापेक्ष स्पष्ट तथा उपयुक्त रहेको देखिन्छ ।

विभेदकारिताका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा प्रश्नहरु सरल जटिलताको क्रममा मिलाएर विविध क्षमता भएका विद्यार्थीहरुको क्षमता पहिचान गर्न सक्ने पहिचानात्मक एवम् उत्पादानात्मक प्रकृतिका प्रश्नहरुको निर्माण गरिएको हुँदा प्रश्नपत्रमा विभेदकारिताको गुण रहेको देखिन्छ ।

### ५.२.२.४ प्रश्नका विविध पक्षहरु

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रकृतिका प्रश्नहरु निर्माण गर्नु पर्ने हुन्छ भने यस्ता प्रश्नहरुले पहिचानात्मक तथा उत्पादानात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादानात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । प्रतिनिधि प्रश्नहरुको यस आधारमा अध्ययन गर्दा विषयगत प्रश्न अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सश्लेषणात्मक तथा सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने किसिमका प्रश्नहरु समावेश गरिएको छ । पहिचानात्मक र उत्पादनात्मक दुवै पक्षको परीक्षण गर्न

सक्ने प्रश्नहरु निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चार वटै सिपलाई एकीकृत रुपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनरुपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेका देखिन्छन् । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

### ५.२.२.५ भाषा

प्रश्नपत्रको वैधतालाई प्रभाव पार्ने प्रमुख तत्त्व भाषा पनि हो । यस सिद्धान्त अनुसार भाषा हचुवाका भरमा प्रश्नपत्र राखिनु हुँदैन । प्रश्नपत्रमा प्रयोग गरिने भाषा सैद्धान्तिक एवम् व्यावहारिक ढङ्गले विश्लेषण गरी उपयुक्त एवम् त्रुटि रहित हुनु पर्दछ । प्रश्नपत्र निर्माण गर्दा प्रश्नहरुमा उल्लेख गरिने भाषा सरल, स्पष्ट, शुद्ध र स्तर अनुकूल हुन आवश्यक हुन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नहरु दोहोरो अर्थ नलाग्ने प्रकृतिका छन् भने प्रश्नपत्र ठ्याक्कै गलत सूचना प्रदान गर्ने प्रकृतिका छैनन् तर पनि खाली ठाउँ भर्ने प्रश्नको निर्देशनमा खाली ठाउँमा उपयुक्त शब्द भर्नु होस् मात्र भनिएको छ । भाषिक दृष्टिले उक्त प्रश्न निर्देशनमा खालीठाउँमा उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनिएको भए उपयुक्त हुने देखिन्छ भने प्रतिनिधि प्रश्नहरु सरल, शुद्ध तथा स्तर अनुकूलताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

## ५.२.३ पश्चिमाञ्चल विकास क्षेत्रको विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.२.३.१ पाठ्यक्रम अनुरूपता

पश्चिमाञ्चल विकास क्षेत्र माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्दा माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली भाषा विषयमा भाषिक परीक्षणका लागि कथा, कविता, जीवनी, निबन्ध, रूपक, व्याकरण, हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्न तथा शब्द भण्डार जस्ता विधाहरु समावेश गरिएको छ । विधा र विषय वस्तु अनुरूप नेपाली विषयका लागि कूल पूर्णाङ्क १००, साप्ताहिक पाठ्भार ५, वार्षिक पाठ्यभार १५० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरु कथा, कविता र जीवनी विधाको प्रयोग पढाइ सिप विकास गर्नु तथा निबन्ध विधाको उद्देश्य लेखाइ सिप विकास गर्नु रहेको छ । यसरी पूर्णाङ्क प्रश्नपत्रमा १०० तोकिनु, पढाइ सिप अन्तर्गत प्रश्नपत्रमा कविता कथा जीवनी विधा समावेश गर्नु तथा लेखाइ सिपका लागि निबन्ध विधा समावेश गरिएको हुँदा निर्धारित आधारमा प्रश्नपत्र उपयुक्त देखिन्छ ।

विधाको अङ्कभार र प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डार अन्तर्गत शब्दार्थ र वाक्यमा प्रयोगबाट १२ अङ्क वर्ण विन्यास अन्तर्गत शब्द भण्डार र वाक्यमा प्रयोगबाट ५ अङ्क, व्याकरण अन्तर्गत शब्दवर्ग, शब्द निर्माण, काल, पक्ष, भाग तथा वाक्य परिवर्तनका लागि १८ अङ्क निर्धारण गरिएको छ । बोध अदृश्य रचनाबाट ५ अङ्क, सारांश लेखन र निबन्धबाट ५ अङ्क, संक्षिप्त उत्तर जीवनी निबन्ध र कविताबाट १० अङ्क, तार्किक प्रश्नका लागि एकाङ्कीबाट ५ अङ्क, स्वतन्त्र रचना अन्तर्गत वाद विवाद वा संवाद, चिठी लेखन तथा निबन्ध लेखनबाट १० अङ्क तथा विवेचनात्मक उत्तर लेख्ने प्रश्नका लागि जीवनी र कथाबाट १० अङ्कका प्रश्न सोधिएको छ । यसरी प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा अङ्कभार र प्रश्न सङ्ख्याका दृष्टिले उपयुक्त देखिन्छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पढाइ सिप परीक्षण गर्न पाठगत प्रश्नहरु, बोध प्रश्नहरु समावेश गरिएको छ । यस्तै गरी लेखाइ सिप परीक्षणका लागि चिठी, वाद विवाद, संवाद तथा निबन्ध रचना सम्बन्धी प्रश्नहरु समावेश गरिएका छन् ।

यसरी अध्ययन गर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरु माध्यमिक तहको पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएको हुँदा प्रश्नपत्र पढाइ तथा लेखाइ सिप परीक्षणका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शीर्ष भागमा नै १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ । प्रश्नपत्रमा प्रत्येक विधाका

प्रश्नहरुका लागि छुट्टै समय निर्धारण गरिएको छैन । प्रश्नपत्रमा प्रश्नहरु विशिष्टीकरण तालिका अनुरूप निर्धारण गरिएका छन् तर प्रश्नपत्रको प्रत्येक प्रश्नमा समय निर्धारण गरिएको छैन । प्रत्येक प्रश्नहरुमा समय निर्धारण नगर्नु केही कमजोरी देखिए तापनि समग्रमा विधागत समय र प्रश्न सापेक्षता अनुरूप प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी अध्ययन गर्दा प्रतिनिधि प्रश्नहरु पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त रहेका देखिन्छन् ।

## ५.२.४.२ भाषिक पक्षहरुको संयोजन र सन्तुलन

भाषिक पक्षको संयोजन र सन्तुलनका दृष्टिले माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको अध्ययन गर्दा भाषिक पक्ष अन्तर्गत पढाइ सिप, लेखाइ सिप, शब्द भण्डार क्षमता, पठन बोध, व्यावहारिक ज्ञान र प्रयोग सम्बन्धी सिपहरु पर्दछन् । एउटा असल प्रश्नपत्रमा यी पक्षको संयोजन र सन्तुलन आवश्यक देखिन्छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा  जम्मा १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ; जसमा पढाइ सिप अन्तर्गत पठन बोध ५ अङ्क, सप्रसङ्ग व्याख्या ५ अङ्क, संक्षिप्त उत्तर लेख्ने प्रश्न १० अङ्क र विवेचनात्मक प्रश्न १० अङ्क गरी जम्मा ३० अङ्कको प्रश्न सोधिएको छ । यस्तै लेखाइ सिप अन्तर्गत सारांश लेखन ५ अङ्क, कथा वा जीवनी लेखन ५ अङ्क, चिठी लेखन ५ अङ्क, वाद विवाद वा संवाद लेखन ५ अङ्क, निबन्ध लेखन १० अङ्क तथा मनोवाद लेखन ५ अङ्क गरी ३५ अङ्कका प्रश्नहरु सोधिएको छ ।

यसरी व्याकरण अन्तर्गत पदवर्गबाट ४ अङ्क, शब्द निर्माण ४ अङ्क, काल, पक्ष र भावबाट ५ अङ्क तथा वाक्य परिवर्तनबाट ५ अङ्क गरी जम्मा १८ अङ्कको प्रश्न सोधिएको छ । हिज्जे अन्तर्गत शुद्धाशुद्धी तथा चिह्न प्रयोगबाट ५ अङ्क  तथा शब्द भण्डार अन्तर्गत शब्दार्थ ४ अङ्क, शब्दज्ञान ३ अङ्क  र वाक्यमा प्रयोग गर्ने प्रश्न ५ अङ्कको गरी जम्मा १२ पूर्णाङ्कको प्रश्न सोधिएको छ ।

यसरी प्रतिनिधि प्रश्नहरुको अध्ययन गर्दा पढाइ सिपको लागि ४० प्रतिशत, लेखाइ सिपका लागि ३० प्रतिशत प्रश्न सोध्नु पर्ने सामान्य विषय र शब्द भण्डार क्षमताको लागि १० प्रतिशत प्रश्न सोध्नु पर्ने र शब्द भण्डार सम्बन्धी प्रश्न, भाषिक पक्षहरुको संयोजन र सन्तुलन उपयुक्त देखिए पनि धेरै लेखाइ सिपलाई जोड दिनुले प्रतिनिधि प्रश्नमा केही त्रुटि देखिन्छ तर पनि समग्रमा

हेर्दा प्रश्नहरु निर्माण गर्दा माध्यमिक तहको प्रश्नपत्र निर्माणको आधार विशिष्टीकरण तालिका अनुरूप नै प्रश्नहरु समावेश गरेको देखिन्छ ।

### ५.२.३.३ प्रश्नपत्रमा हुनुपर्ने गुण

प्रश्नपत्रमा हुनु पर्ने गुण अन्तर्गत विश्वसनीयता, वैधता, विभेदकारिता तथा व्यावहारिकता पर्दछन् । प्रश्नपत्र उपयुक्त हुनका लागि उल्लेखनीय गुणले युक्त प्रश्नहरु हुनु आवश्यक छ ।

प्रश्नपत्रमा हुनु पर्ने गुणहरुका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा विश्वसनीयताका दृष्टिले प्रश्नहरुमा केही कमजोरी रहेको देखिन्छ । प्रश्न नं. ६ उपप्रश्न 'ख' को निर्देशनमा समास वा विग्रह गर्नु होस् भनिएको छ । यस प्रश्नको निर्देशनलाई स्पष्ट रूपमा समास भए विग्रह र विग्रह भए समास गर्नु होस् भन्नु पर्ने देखिन्छ । खाली ठाउँ भर्ने प्रश्नको निर्देशनमा खाली ठाउँमा उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भन्नु पर्ने देखिन्छ । यसरी प्रश्न नं. १० मा तलको गद्यांशबाट चार वटा बुँदाहरु टिपी सारांश लेख्नु होस् भनिएको छ । यस प्रश्नलाई विश्वसनीय बनाउन चार वटा कस्ता बुँदाहरु टिप्ने स्पष्ट उल्लेख गर्नु पर्ने देखिन्छ ।

विषयगत वैधताका आधारमा प्रश्नपत्रको अध्ययन गर्दा पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा समावेश प्रश्नहरु पाठ्यक्रम तथा विशिष्टीकरण तालिकाले निर्देशन गरेका विषय वस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा प्रश्नपत्रमा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्न स्वतन्त्र तथा निर्देशित रचनाहरु समावेश गरिएका छन् । निबन्ध लेखन बाहेक अन्य प्रश्नहरुको उत्तरको सीमाङ्कन नगरिएको हुँदा रचनात्मक वैधताका दृष्टिले प्रश्नपत्रमा केही त्रुटि रहेको देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रलाई व्यावहारिकताका  दृष्टिले अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमै १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ । प्रश्न सङ्ख्या १८ रहेको प्रश्नपत्रमा लामो अर्थात् विवेचनात्मक उत्तर लेख्ने १० अङ्कको प्रश्नका लागि १८ मिनेट र संक्षिप्त उत्तर लेख्ने अर्थात छोटो उत्तर लेख्ने ५ अङ्कको प्रश्नका लागि ९ मिनेट समय छुट्ट्याएको छ । यस आधारमा प्रश्न सङ्ख्यामा र समयका दृष्टिले प्रश्नपत्र उपयुक्त देखिन्छ भने प्रश्नहरु समय सापेक्ष, स्पष्ट तथा उपयुक्त रहेको देखिन्छ ।

### ५.२.३.४ प्रश्नका विविध पक्षहरु

प्रतिनिधि प्रश्नपत्रको विभेदकारिताका आधारमा अध्ययन गर्दा प्रश्नपत्रमा प्रश्नहरु सरल जटिलताको क्रममा मिलाएर विविध क्षमता भएका विद्यार्थीको क्षमता पहिचान गर्न सक्ने पहिचानात्मक एवम् उत्पादानात्मक प्रकृतिका प्रश्नहरुको निर्माण गरिएको हुँदा प्रश्नपत्रमा विभेदकारिताको गुण कायम रहेको देखिन्छ ।

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रकृतिका प्रश्नहरु निर्माण गर्नु पर्ने हुन्छ भने यस्ता प्रश्नहरुले पहिचानात्मक तथा उत्पादानात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादानात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । प्रतिनिधि प्रश्नहरुको यस आधारमा अध्ययन गर्दा विषयगत प्रश्न अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सश्लेषणात्मक तथा सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्त्वको पहिचान गर्ने किसिमका प्रश्नहरु समावेश गरिएको छ । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

### ५.२.३.५ भाषा

भाषा प्रश्नपत्रको आन्तरिक स्वरूपलाई प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व हो । प्रश्नपत्रमा प्रयोग हुने भाषा शुद्ध, स्पष्ट र एकार्थी हुनु पर्दछ साथै प्रश्नपत्रको भाषा सरल, सहज र विद्यार्थीको स्तर अनुकूल हुन आवश्यक देखिन्छ । यस आधारमा प्रश्नपत्रमा समावेश  प्रश्नहरु अन्य दृष्टिले उपयुक्त भए पनि स्पष्टताका  दृष्टिले प्रश्न नं. ७ मा कोष्ठमा दिएका सङ्केतका आधारमा खाली ठाउँ भर्नु होस् भनिएको छ  तर प्रश्नपत्रमा सङ्केत (गर : अभ्यस्त भूत, घुम : पूर्ण भविष्यत्, तथा हु : अपूर्ण वर्तमान) मात्र दिइएको  छ । यसको सट्टा सङ्केत (गरः अभ्यस्त भूत काल, घुमः पूर्ण भविष्यत् काल, हुः अपूर्ण वर्तमान काल) स्पष्ट रूपमा दिइएको भए उपयुक्त हुने देखिन्छ ।

## ५.२.४ मध्य पश्चिमाञ्चलल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.२.४.१ पाठ्यक्रम अनुरूपता

माध्यमिक शिक्षा परीक्षा २०७३ मा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएको प्रश्नपत्रको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्दा माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली भाषा विषयका लागि कथा, कविता, जीवनी, निबन्ध, रूपक, पत्र, व्याकरण, हिज्जे तथा शब्द भण्डार जस्ता विधाहरु समावेश गरिएको छ । पाठ्यक्रममा पढाइ सिप अभिवृद्धि गर्न कथा, कविता, जीननी समावेश गरिएको छ भने लेखाइ सिप विकासका लागि निबन्ध विधा समावेश गरिएको छ । शब्दार्थ, शब्दज्ञान, वाक्यमा प्रयोग, शुद्धीकरण, शब्द वर्ग, शब्द निर्माण, काल, पक्ष र भाव वा वाक्य परिवर्तन जस्ता विधाहरुको समावेश व्याकरणात्मक धारणा र शब्द भण्डार अभिवृद्धि तथा भाषिक सबलता प्रदान गर्नु रहेको छ ।

उपयुक्त आधारमा प्रतिनिधि प्रश्नको अध्ययन गर्दा प्रश्नपत्रमा पढाइ सिप परीक्षणका लागि बोध प्रश्नहरु तथा पाठगत प्रश्नहरु समावेश गरिएका छन् भने लेखाइ सिप परीक्षणका लागि चिठी, संवाद वा मनोवाद र निबन्ध  रचना सम्बन्धी प्रश्नहरु समावेश गरिएका छन् । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश गरिएका प्रश्नहरु पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएका देखिन्छन् ।

विधाको अङ्क र प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्दार्थ, शब्दज्ञान र वाक्यमा प्रयोग गर्ने प्रश्नबाट १२ अङ्क, शुद्धीकरणका लागि ५ अङ्क, व्याकरण अन्तर्गत शब्दवर्ग, शब्द निर्माण, काल, पक्ष, भाव र वाक्य परिवर्तनबाट १८ अङ्क, बोध अदृष्टांश रचनाबाट ५ अङ्क, स्वतन्त्र रचना अन्तर्गत चिठी लेखन, संवाद, मनोवाद तथा निबन्ध लेखनबाट २० अङ्क, संक्षिप्त प्रश्न अन्तर्गत निबन्ध र कविताबाट १० अङ्क, तार्किक शिल्प सम्बन्धी प्रश्न एकाङ्की विधाबाट ५ अङ्क, तथा विवेचनात्मक प्रश्न कथा तथा जीवनीबाट १० अङ्कको लागि प्रश्नहरु सोधिएको छ । यसरी हेर्दा पाठ्यक्रमले निर्देश गरे अनुसार विधाको अङ्क र प्रश्न सन्तुलन रहेको देखिन्छ ।

विधागत समय र सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्कको प्रश्नका लागि ३ घण्टा समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकामा प्रत्येक प्रश्नका लागि समय र अङ्क छुट्टाछुट्टै उल्लेख गर्न भनिएको छ तर प्रश्नपत्रका सबै प्रश्नमा अङ्कलाई विभाजन गरिएको भए तापनि समयलाई भने प्रत्येक प्रश्नमा छुट्टाछुट्टै उल्लेख नगरी एकमुष्ठ शीर्ष भागमा नै उल्लेख गरिएको छ । यसरी हेर्दा प्रत्येक प्रश्नमा समय उल्लेख

नगरिएको भए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताको संयोजन पाठ्यक्रम अनुरूप रहेको देखिन्छ ।

## ५.२.४.२ भाषिक पक्षहरुको संयोजन र सन्तुलन

माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका मध्य पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा समावेश प्रश्नहरुको भाषिक पक्षहरुको संयोजन र सन्तुलनका दृष्टिले अध्ययन गर्दा भाषिक पक्षहरु अन्तर्गत पढाइ सिप, लेखाइ सिप, शब्द भण्डार क्षमता, व्याकरणिक ज्ञान प्रयोग सम्बन्धी सिपहरु पर्दछन् । भाषिक दृष्टिले प्रश्नपत्र उपयुक्त हुनका लागि यी पक्षको संयोजन र सन्तुलन आवश्यक देखिन्छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा भाषिक पक्षहरुको परीक्षण गर्नका लागि जम्मा १०० पूर्णाङ्कका प्रश्नहरु सोधिएको छ; जसमा पढाइ सिप सम्बन्धी ३० अङ्कका प्रश्नहरु पठन बोध ५ अङ्क, सप्रसङ्ग व्याख्या ५ अङ्क, संक्षिप्त उत्तर लेख्ने प्रश्न १० अङ्क तथा विवेचनात्मक उत्तर दिने प्रश्न १० अङ्क सोधिएको छ भने लेखाइ सिप अन्तर्गत ३५ अङ्कका प्रश्नहरु, सारांश लेखन ५ अङ्क, कथा वा जीवनी लेखन मध्येबाट ५ अङ्क, चिठी लेखन ५ अङ्क, संवाद वा मनोवाद लेखन मध्येबाट ५ अङ्क, निबन्ध लेखनबाट १० अङ्क तथा तार्किक उत्तर लेख्नु पर्ने प्रश्न अन्तर्गत मनोवाद ५ अङ्कको प्रश्न सोधिएको छ । यस्तै व्याकरण अन्तर्गत शब्दवर्गबाट ४ अङ्क, शब्द निर्माण ४ अङ्क, काल, पक्ष र भाव ५ अङ्क, वाक्य परिवर्तनबाट ५ अङ्क तथा शुद्धाशुद्धीबाट ४ पूर्णाङ्क गरी जम्मा २३ अङ्कका प्रश्नहरु सोधिएको छ । यसै गरी शब्द भण्डार अन्तर्गत शब्दार्थ ४ अङ्क, शब्दज्ञान अन्तर्गत ३ अङ्क तथा वाक्यमा प्रयोग गर्ने प्रश्न ५ अङ्क, गरी जम्मा १२ पूर्णाङ्कको प्रश्न सोधिएको छ ।

यसरी प्रतिनिधि प्रश्नको अध्ययन गर्दा पढाइ सिपको लागि ३० प्रतिशत, लेखाइ सिपका लागि ३५ प्रतिशत, व्याकरण सम्बन्धी सिप परीक्षणका लागि २३ प्रतिशत र शब्द भण्डार क्षमताबाट १२ प्रतिशत प्रश्नहरु समावेश गरिएको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप सम्बन्धी ३० प्रतिशत मात्रै प्रश्न सोध्नु थोरै कम भए तापनि भाषिक पक्षको सन्तुलन र संयोजनका दृष्टिले प्रश्नपत्र समावेश प्रश्नहरु माध्यमिक तहको विशिष्टीकरण तालिका अनुरूप नै समेटिएको हुँदा भाषिक पक्षहरुको संयोजन र सन्तुलन मिलेको  देखिन्छ ।

## ५.२.४.३ प्रश्नपत्रमा हुनु पर्ने गुण

प्रश्नपत्रमा हुनु पर्ने गुण भन्नाले विश्वसनीयता, वैधता, विभेदकारिता तथा व्यावहारिकता जस्ता पक्ष बुझिन्छ । स्तरीय प्रश्नपत्र हुनका लागि यी विशेषताहरु अति आवश्यक हुन्छन् । प्रश्नपत्रमा हुनु पर्ने विशेषताले नै प्रश्नपत्रको आन्तरिक पक्ष सबल र दुर्बल हुनुमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

विश्वसनीयताका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा माध्यमिक शिक्षा परीक्षा २०७३ मा मध्य पश्चिमाञ्चलल विकास क्षेत्रको प्रश्नपत्रमा केही त्रुटिहरु रहेको देख्न सकिन्छ । प्रतिनिधि प्रश्नपत्रमा खाली ठाउँ भर्ने प्रश्नपत्रमा स्पष्ट निर्देशन देखिँदैन जस्तो प्रश्न नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् भनिएको छ भने प्रश्न नं. ७ मा निर्देशनका आधारमा खाली ठाउँ भर्नु होस् भनिएका छ तर खालीठाउँ भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नु होस् भनिएको छैन । यस्तै प्रश्न नं. ६ को उपप्रश्न ‘ख’ को निर्देशनमा समास र विग्रह गर्नु होस् मात्र भनिएको छ । प्रश्न नं. १० मा तलको गद्यांशबाट चार वटा बुँदा टिपी सारांश लेख्नु होस् भनिएको छ । यसमा कस्ता बुँदा टिप्ने स्पष्ट उल्लेख गरिएको छैन ।

विषय वस्तुलाई सम्पूर्ण रूपमा ढाक्न सक्ने र पाठ्यक्रमको उद्देश्य र भावनालाई वास्तविक रूपमा परीक्षण गर्न सक्ने प्रश्नहरु निर्माण गरिनु पर्दछ; जसलाई विषयगत दृष्टिले वैध मानिन्छ । विषयगत वैधताको लागि विद्यार्थीको तह, स्तर, उमेर अनुसार परीक्षणीय प्रश्न हुनु, भाषामा शुद्धता र उपयुक्त निर्देशन हुनु आदि आवश्यक हुन्छ । प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्न स्वतन्त्र रचना र निर्देशित रचना गरी दुई किसिमका प्रश्नहरु समावेश गरिएको छ । प्रतिनिधि प्रश्नपत्रमा निबन्ध लेखन बाहेक अन्य प्रश्नको उत्तरको सीमाङ्कन नगरिएको हुँदा रचनात्मक वैधता सम्बन्धी केही त्रुटि रहेको देखिन्छ ।

व्यावहारिकताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन, प्रश्नपत्रको शीर्ष भागमै १०० पूर्णाङ्कको प्रश्नका लागि ३ घण्टा समय निर्धारण गरिएको छ । प्रश्न सङ्ख्या १८ रहेको प्रश्नपत्रमा लामो अर्थात विवेचनात्मक उत्तर लेख्ने १० पूर्णाङ्कको प्रश्नको लागि १८ मिनेट र छोटो उत्तर अन्तर्गत संक्षिप्त उत्तर दिने ५ पूर्णाङ्कको प्रश्नको लागि ९ मिनेट समय छुट्ट्याइएको छ । यस आधारमा समय र प्रश्न सङ्ख्याका दृष्टिले प्रश्नपत्र उपयुक्त रहेको देखिन्छ । खर्चको दृष्टिले निर्धारित प्रश्नपत्र मितव्ययी देखिन्छ भने प्रश्नहरु समय सापेक्ष, स्पष्ट तथा उपयुक्त रहेका देखिन्छन् ।

विभेदकारिताका आधारमा अध्ययन गर्दा प्रश्नपत्रमा प्रश्नहरु सरल जटिलताको क्रममा मिलाएर विविध क्षमता भएका विद्यार्थीहरुको क्षमताको पहिचान गर्न सक्ने पहिचानात्मक एवम् उत्पादानात्मक प्रकृतिका प्रश्नहरुको निर्माण गरिएको हुँदा प्रश्नपत्रमा विभेदकारिताको गुण रहेको देखिन्छ ।

### ५.२.४.४ प्रश्नका विविध पक्षहरु

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रकृतिका प्रश्नहरु निर्माण गर्नु पर्ने हुन्छ भने यस्ता प्रश्नहरुले पहिचानात्मक तथा उत्पादानात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादानात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । प्रतिनिधि प्रश्नहरुको यस आधारमा अध्ययन गर्दा विषयगत प्रश्न अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सश्लेषणात्मक तथा सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने किसिमका प्रश्नहरु समावेश गरिएको छ । पहिचानात्मक र उत्पादनात्मक दुवै पक्षको परीक्षण गर्न सक्ने प्रश्नहरु निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चार वटै सिपलाई एकीकृत रुपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनरुपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेका देखिन्छन् । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

### ५.२.४.५ भाषा

प्रश्नपत्रको आन्तरिक स्वरूपलाई प्रभाव पार्ने महत्त्वपूर्ण तत्व भाषा हो । प्रश्नपत्रमा प्रयोग हुने भाषा शुद्ध, स्पष्ट र एकार्थी हुनुका साथै प्रश्नपत्रको भाषा सरल, सहज र विद्यार्थीको स्तर अनुकूल सैद्धान्तिक तथा व्यावहारिक रूपमा उपयुक्त हुन आवश्यक छ । प्रतिनिधि प्रश्नपत्रमा समावेश गरिएको भाषा व्यावहारिक तथा सैद्धान्तिक दृष्टिले उपयुक्त देखिन्छ भने प्रश्नहरु भाषिक

दृष्टिले अस्पष्ट भए नि समग्रमा शुद्ध, सहज, सरल, स्पष्ट तथा स्तर अनुकूल र त्रुटिरहित देखिन्छन् ।

## ५.२.५ सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न विश्लेषण

माध्यामिक शिक्षा परीक्षा २०७३ मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधार अन्तर्गत निम्न उप आधारहरुमा केन्द्रित रही प्रश्नहरुको विश्लेषण गरिएको छ :

### ५.२.५.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका लागि उपयोगमा ल्याइने प्रश्नपत्रले पाठ्यक्रमका समग्र पक्षहरु जस्तैः उद्देश्य, विषय वस्तु, सीमा र मर्म आदिको समग्र रूपमा प्रतिनिधित्त्व गर्न सक्नु पर्दछ । प्रश्नपत्रले पाठ्यक्रमको भावनालाई बुझ्न नसकेमा परीक्षणको सार्थकता मात्र नभई यस्ता प्रश्नबाट गरिने परीक्षण दोषपूर्ण हुन जान्छ । त्यस कारण यस आधारमा प्रश्नको विश्लेषण गर्दा पाठ्यक्रमका उद्देश्य, विधा र क्षेत्र, प्रश्नको अङ्कभार प्रश्न सन्तुलन आदि आधारमा प्रश्नपत्रको विश्लेषण गरिन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली विषयमा कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, दैनिकी, भाषातत्त्व, व्याकरण र शब्द भण्डार जस्ता विधाहरु समावेश गरिएको छ । पाठ्यक्रमले नेपाली विषयका लागि कूल पूर्णाङ्क १००, साप्ताहिक पाठ्भार ५, वार्षिक पाठ्भार १५० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरु कथा, कविता र जीवनीको प्रयोग पढाइ सिप वृद्धि गर्नु र निबन्धको लेखाइ सिप वृद्धि गर्नु रहेको देखिन्छ ।

उपयुक्त आधारमा माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको अध्ययन गर्दा पढाइ सिप परीक्षण गर्न पाठगत प्रश्नहरु र बोध प्रश्नहरु समावेश गरिएको देखिन्छ । यसै गरी लेखाइ सिप परीक्षणका लागि चिठी, वाद विवाद, मनोवाद र निबन्ध रचना सम्बन्धी प्रश्नहरु समावेश गरिएको छ । यसरी प्रश्नपत्रको अध्ययन गर्दा समग्र प्रश्नहरु विषय र विधाको उद्देश्य अनुरूप तथा पाठ्यक्रम अनुरूप नै रहेका देखिन्छन् ।

विधाको अङ्कभार र प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डार अन्तर्गत शब्दार्थ, शब्दज्ञान र वाक्यमा प्रयोग गर्ने प्रश्न १२ अङ्कका तथा व्याकरण अन्तर्गत शब्दवर्गबाट ४ अङ्क, शब्द निर्माणबाट ४ अङ्क, काल, पक्ष र भावबाट ५ अङ्क, वाक्य

परिवर्तनबाट ५ अङ्कका प्रश्नहरु सोधिएको छ । यस्तै अदृष्टांश रचनाबाट ५ अङ्क, सारांश लेखनका लागि निबन्धबाट ५ अङ्क, कथा वा जीवनी लेखनमध्येबाट ५ अङ्क, स्वतन्त्र रचना अन्तर्गत चिठी, वाद विवाद वा मनोवाद र निबन्ध लेखनबाट २० अङ्क, संक्षिप्त उत्तर दिने प्रश्न अन्तर्गत कथा, जीवनी, निबन्ध मध्येबाट १० अङ्क, तार्किक प्रश्न कथा विधाबाट मनोवाद लेखन सम्बन्धी प्रश्न ५ अङ्क तथा विवेचनात्मक प्रश्न निबन्ध र जीवनी मध्येबाट १० अङ्कको प्रश्न सोधिएको छ । यसरी प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्र पाठ्यक्रमको निर्देशन अनुरूप विधाको अङ्कभार र प्रश्न सन्तुलन मिलेको देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रको विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै १०० पूर्णाङ्कको प्रश्नको लागि ३ घण्टा समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकामा प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै अङ्क समय निर्धारण गर्न भनिएको छ तर प्रतिनिधि प्रश्नहरुको दायाँ भागमा प्रत्येक प्रश्नको अङ्क दिइएको छ भने समय छुट्टाछुट्टै नदिई शीर्ष भागमा एकमुष्ट रूपमा नै उल्लेख गरेको छ । यसरी हेर्दा प्रत्येक प्रश्नमा विशिष्टीकरण तालिका अनुरूप समय निर्धारण नगरिनु समय निर्धारणका दृष्टिले त्रुटिपूर्ण देखिन्छ तर पनि समग्रमा माध्यमिक तहको प्रश्नपत्रमा १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धाारण गर्नु उपयुक्त नै देखिन्छ ।

### ५.२.५.२ भाषिक पक्षहरुको संयोजन र सन्तुलन

प्रश्न निर्माण गर्दा विद्यार्थीको तह र उमेर अनुसार सबै भाषिक पक्षहरुलाई समेट्ने प्रयास गर्नु पर्दछ । माध्यमिक तहका विद्यार्थीहरुको लागि पढाइ र लेखाइ सिप बढी प्रभावकारी हुने भएकाले यी सिपहरुलाई प्राथमिकतामा राखी प्रश्नपत्र निर्माण गरिनु पर्दछ । भाषिक सिप अन्तर्गत पढाइ सिप, लेखाइ सिप, शब्द भण्डार क्षमता, पठन बोध व्यावहारिक ज्ञान प्रयोग सम्बन्धी सिपहरु पर्दछन् । एउटा असल प्रश्नपत्रमा यी विविध पक्षहरुको संयोजन र सन्तुलन उपयुक्त हुनु पर्दछ ।

यसरी प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा पढाइ सिप, लेखाइ सिप, शब्द भण्डार क्षमता, हिज्जे  व्याकरण परीक्षणका लागि १०० पूर्णाङ्कका प्रश्नहरु समावेश गरिएको छ । यसमा पढाइ सिप परीक्षण गर्न ५ अङ्क, सप्रसङ्ग व्याख्या गर्ने प्रश्नबाट ५ अङ्क, संक्षिप्त उत्तर लेख्ने प्रश्नबाट ५ अङ्क गरी जम्मा ३० अङ्कका प्रश्नहरु सोधिएको छ । यस्तै लेखाइ सिप परीक्षणका लागि सारांश लेखनबाट ५ अङ्क, कथा र जीवनी लेखन मध्येबाट ५ अङ्क, चिठी लेखनबाट ५ अङ्क, वाद विवाद वा मनोवाद लेखनबाट ५ अङ्क, निबन्ध लेखनबाट १० अङ्क तथा तार्किक

लेखन क्षमता परीक्षणका लागि कथा विधाबाट तार्किक शिल्प सम्बन्धी लेखन ५ अङ्क, गरी ३५ अङ्कका प्रश्नहरु सोधिएको छ ।

यसरी शब्द भण्डार क्षमता परीक्षणका लागि शब्द पहिचान सम्बन्धी प्रश्न ४ अङ्क, शब्द ज्ञान सम्बन्धी ३ अङ्क तथा वाक्यमा प्रयोग गर्ने प्रश्न ५ अङ्क गरी १२ अङ्कका प्रश्नहरु सोधिएको छ । हिज्जे अन्तर्गत शुद्धा शुद्धी सम्बन्धी प्रश्न ५ अङ्क तथा व्याकरण अन्तर्गत शब्द निर्माण ४ अङ्क, शब्दवर्ग ४ अङ्क, काल, पक्ष र भावबाट ५ अङ्क तथा वाक्य परिवर्तन गर्ने प्रश्नबाट ५ अङ्क गरी जम्मा १८ अङ्कका प्रश्नहरुको संयोजन र सन्तुलन उपयुक्त नै रहेको देखिन्छ ।

### ५.२.५.३ प्रश्नमा हुनु पर्ने गुण

प्रश्नपत्रमा हुनु पर्ने गुण भन्नाले विश्वसनीयता, वैधता, विभेदकारिता तथा व्यावहारिकता जस्ता पक्ष बुझिन्छ । स्तरीय प्रश्नपत्र हुनका लागि यी विशेषताहरु अति आवश्यक हुन्छन् । प्रश्नपत्रमा हुनु पर्ने विशेषताले नै प्रश्नपत्रको आन्तरिक पक्ष सबल र दुर्बल रहनुमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

प्रश्नपत्रमा हुनु पर्ने गुणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा विश्वसनीयताका आधारमा प्रश्नपत्रमा सामान्य त्रुटिहरु रहेको देखिन्छ । प्रश्न नं. ६ उपप्रश्न 'ख' को प्रश्न निर्देशनमा समास वा विग्रह गर्नु होस् भनिएको छ । यसमा प्रश्नको निर्देशनलाई स्पष्ट पार्न समास भए विग्रह र विग्रह भए समास गर्नु होस् भन्नु पर्ने देखिन्छ । यस्तै प्रश्न नं १० मा तलको गद्यांशबाट चार वटा बुँदाहरु टिपी गद्यांश लेख्नु होस् भनिएको छ । यस प्रश्नलाई विश्वसनीय बनाउन चार वटा कस्ता बुँदाहरु टिप्ने स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने देखिन्छ ।

विषयगत वैधताका आधारमा प्रश्नहरुको अध्ययन गर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरु पाठ्यक्रमले निर्देशन गरे अनुरूप विषय वस्तुलाई समेटेको हुँदा प्रश्नपत्रमा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्ने स्वतन्त्र तथा निर्देशन रचनाहरु समावेश गरिएका छन् । प्रतिनिधि प्रश्नपत्रमा निबन्ध लेखन बाहेक अन्य रचनात्मक प्रकृतिका प्रश्नको उत्तरका लागि सीमा निर्धारण नगरिएको हुँदा रचनात्मक वैधताका दृष्टिले प्रश्नपत्र त्रुटिपूर्ण देखिन्छ ।

प्रतिनिधि प्रश्नपत्रलाई व्यावहारिकतका दृष्टिले अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ । प्रश्न सङ्ख्या १८ रहेको प्रतिनिधि

प्रश्नपत्रमा लामो उत्तर लेख्ने १० अङ्कको प्रश्नका लागि १८ मिनेट र सङक्षिप्त उत्तर लेख्ने ५ अङ्कको प्रश्नका लागि ९ मिनेट समय छुट्ट्याएको छ ।

यस आधारमा माध्यमिक तहमा १०० पूर्णाङ्कको प्रश्नका लागि ३ घण्टा समय निर्धारण गरिनु प्रश्न सङ्ख्या र समयका दृष्टिले उपयुक्त देखिन्छ । खर्चका दृष्टिले निर्धारित प्रश्नपत्र मितव्ययी देखिन्छ भने प्रश्नहरु समय सापेक्ष, स्पष्ट र उपयुक्त रहेको देखिन्छ ।

### ५.२.५.४ प्रश्नका विविध पक्षहरु

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रकृतिका प्रश्नहरु निर्माण गर्नु पर्ने हुन्छ भने यस्ता प्रश्नहरुले पहिचानात्मक तथा उत्पादानात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादानात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । प्रतिनिधि प्रश्नहरुको यस आधारमा अध्ययन गर्दा विषयगत प्रश्न अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सश्लेषणात्मक तथा सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्त्वको पहिचान गर्ने किसिमका प्रश्नहरु समावेश गरिएको छ । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छ । विभेदकारिताका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा प्रश्नहरु सरल जटिलताको क्रममा मिलाएर विविध क्षमता भएका विद्यार्थीहरुको क्षमता पहिचान गर्न सक्ने पहिचानात्मक एवम उत्पादानात्मक प्रकृतिका प्रश्नहरुको निर्माण गरिएको हुँदा प्रश्नपत्र विभेदकारिताको गुणले युक्त रहेको देखिन्छ ।

### ५.२.५.५ भाषा

प्रश्नपत्रको वैधतालाई प्रभाव पार्ने प्रमुख तत्त्व भाषा पनि हो । यस सिद्धान्त अनुसार भाषा हचुवाका भरमा प्रश्नपत्रमा राखिनु हुँदैन । प्रश्नपत्रमा प्रयोग गरिने भाषा सैद्धान्तिक एवम् व्यावहारिक ढङ्गले विश्लेषण गरी उपयुक्त एवम् त्रुटिरहित हुनु पर्दछ । प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्रमा उल्लेख गरिएको भाषा सरल, स्पष्ट, शुद्ध र स्तर अनुकूल हुन आवश्यक छ । यस आधारमा प्रतिनिधि प्रश्नको अध्ययन गर्दा प्रश्नपत्र सैद्धान्तिक तथा व्यावहारिक दृष्टिले उपयुक्त

देखिन्छ भने प्रश्नहरु भाषिक दृष्टिले कही कही अस्पष्ट निर्देशन भए पनि प्रायः शुद्ध, सरल, स्पष्ट तथा स्तर अनुकूल र त्रुटिरहित देखिन्छन् ।

## अध्याय : छ

# आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नपत्रको तुलना

माध्यामिक शिक्षा परीक्षामा सोधिने प्रश्नहरु प्रत्येक विकास क्षेत्र अनुसार फरक-फरक रहेको पाइन्छ । यसरी माध्यामिक तहका लागि देशभर एउटै पाठ्यक्रम, पाठ्य पुस्तक तथा विशिष्टीकरण तालिका भए पनि र प्रश्नहरु उस्तै किसिमका भए पनि पाँच विकास क्षेत्रका प्रश्नहरु फरक फरक छन् । यस्तै माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका पाँच विकास क्षेत्रका प्रश्नहरुमा समावेश प्रश्नहरुका बिच के कस्ता समानता वा भिन्नताहरु रहेका छन् भनी प्रश्नपत्र विश्लेषणका आन्तरिक तथा बाह्य विशेषताका आधारमा प्रश्नहरुको तुलना निम्नानुसार गरिएको छ :

## ६.१. बाह्य विशेषताका आधारमा प्रश्नपत्रको तुलना

यस अन्तर्गत निम्नलिखित उपआधारहरुमा केन्द्रित रही तुलनात्मक अध्ययन गरिएको छ :

### ६.१.१. निर्देशन

प्रतिनिधि प्रश्नपत्रको निर्देशनका आधारमा अध्ययन गर्दा पाँचै विकास क्षेत्रका प्रश्नपत्रको शीर्ष भागमा SEE 2073 (2017) अनिवार्य नेपाली लेखिएको छ भने दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नु होस् भनिएको छ । यस्तै प्रश्नपत्रको शीर्ष भागमै समय तथा पूर्णाङ्क निर्देश गरिएको छ ।

यस्तै विकल्प निर्देशनका आधारमा प्रश्नपत्रको अध्ययन गर्दा प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रमा क्रमशः १, ११, १३, १४, १५, १६ र १८ नम्बरका प्रश्नहरुमा विकल्प सहितका प्रश्नहरु समावेश गरिएको छ । १८ वटा प्रश्न भएको प्रश्नपत्रको निर्देशनका लागि प्रत्येक प्रश्नलाई अङ्कद्वारा १, २, ३, ४, ५.....................१८ सम्म र उपप्रश्नहरुलाई 'क', 'ख', 'ग' भनी निर्देशन दिइएको छ । प्रश्न निर्देशनकै क्रममा प्रश्न नं ५ को उपप्रश्न 'ख' मा समास वा विग्रह गर्नु होस् मात्र भनिएको छ । यस्तै प्रश्न नं १० को प्रश्न निर्देशनमा तलको गद्यांशबाट चार वटा बुँदाहरु टिपी सारांश लेख्नु होस् भनिएको छ ।

यस्तै चार पृष्ठ भएका प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रमा पहिलो, दोस्रो र तेस्रो पृष्ठको अन्त्यमा क्रमशः लेखेर पृष्ठ निर्देशन गरिएको छ भने चौथो पृष्ठको अन्त्यमा प्रश्नहरुको समापनको सङ्केतका लागि एउटै प्रकारका सङ्केत चिह्नहरु उल्लेख गरिएको छ ।

यसरी पाँचै विकास क्षेत्रका प्रश्नपत्रको शीर्ष निर्देशन, विकल्प निर्देशन, प्रश्न निर्देशन तथा पृष्ठ निर्देशनमा एकरूपता भएको हुँदा निर्देशनका आधारमा प्रश्नहरुमा समानता रहेको देखिन्छ ।

## ६.१.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणका आधारमा पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुलाई हेर्दा पाँचै विकास क्षेत्रको प्रश्नपत्रको शीर्ष भागमा ३ घण्टा समय तथा १०० पूर्णाङ्क उल्लेख गरिएको छ । १०० पूर्णाङ्कका प्रश्नपत्रमा जम्मा १८ वटा प्रश्नहरु सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नको अङ्क उल्लेख गरिएको छ तर कुनै पनि प्रश्नमा उपप्रश्नका लागि छुट्टै अङ्क उल्लेख नगरिए पनि प्रश्न सङ्ख्याले गुणन गरी मूल प्रश्नमा नै अङ्क उल्लेख गरिएको छ । प्रतिनिधि प्रश्नपत्रहरुमा शब्द भण्डार क्षमता परीक्षणको लागि १२ अङ्क, व्याकरण सिप परीक्षणका लागि १८ अङ्क र हिज्जेका लागि ५ अङ्क गरी २३ अङ्कका प्रश्नहरु समावेश गरिएका छन् । प्रश्नपत्रमा लेखाइ सिप परीक्षणका लागि ३५ अङ्कका प्रश्नहरु बुँदा टिपोट र सारांश लेखनबाट ५ अङ्क, जीवनी वा कथा लेखनबाट ५ अङ्क चिठी लेखनबाट ५ अङ्क निबन्ध लेखनबाट १० अङ्क र तार्किक प्रश्न अन्तर्गत मनोवाद लेखनको लागि ५ अङ्कका प्रश्नहरु अन्तर्गत सबै प्रश्नमा समान रूपमा सोधिएको भए तापनि रूपक विधा अन्तर्गत मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा संवाद र मनोवाद तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा वाद विवाद र मनोवादका प्रश्नहरु सोधिएका छन् भने अन्य विकास क्षेत्रका प्रश्नपत्रमा वाद विवाद र संवादबाट ५ अङ्कको प्रश्न सोधिएको छ । यस्तै पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा पढाइ सिप अन्तर्गत ३० अङ्कका प्रश्नहरु सोधिएका छन् । यस अन्तर्गत पठन बोध सम्बन्धी प्रश्न ५ अङ्क, सप्रसङ्ग व्याख्या सम्बन्धी प्रश्न ५ अङ्क, संक्षिप्त उत्तर सम्बन्धी प्रश्न १० अङ्क र विवेचनात्मक उत्तर दिने र प्रश्नको लागि १० अङ्कका प्रश्नहरु समावेश गरिएका छन् ।

समय निर्धारणका दृष्टिले पाँचै विकास क्षेत्रका प्रश्नपत्रको अध्ययन गर्दा प्रतिनिधि पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुमा १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ तर विशिष्टीकरण तालिकाले प्रत्येक प्रशनका लागि छुट्टाछुट्टै अङ्क तथा समय निर्धारण गर्न उल्लेख गरिएको भए तापनि प्रतिनिधि प्रश्नपत्रमा प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै अङ्क उल्लेख गरिएको छ भने समय चाहिँ रूपमा ३ घण्टा भनी शीर्ष भागमा मात्र उल्लेख गरिएको देखिन्छ ।

तसर्थ पाँचै विकास क्षेत्रका प्रश्नहरुमा अङ्क विभाजन र समय निर्धारणका दृष्टिले समानता रहेको देखिन्छ ।

### ६.१.३ प्रस्तुति अनुक्रम/स्तरण

प्रश्नपत्रमा समावेश प्रश्नहरु सरलदेखि जटिलताको क्रममा मिलाएर राख्ने प्रक्रिया नै प्रस्तुति अनुक्रम हो । प्रस्तुति अनुक्रमका आधारमा पाँचै विकास क्षेत्रमा प्रश्नहरुको तुलना गर्दा सबै प्रश्नपत्रहरुमा सुरूदेखि शब्द भण्डार परीक्षण, हिज्जे र व्याकरणात्मक सिपको परीक्षण, बोध, बुँदा टिपोट र सारांश लेखन, कथा वा जीवनी लेखन वाद विवाद, मनोवाद र संवाद लेखन, तार्किक क्षमता परीक्षण सम्बन्धी प्रश्न तथा विवेचनात्मक उत्तर दिने प्रश्नहरुको वितरण क्रमबद्ध रूपमा गरिएको छ । यसरी पाँचै विकास क्षेत्रमा प्रस्तुत प्रश्नहरु क्रमशः ज्ञान, बोध, सिप तथा तार्किक क्षमताको परीक्षण गर्न सकिने प्रश्नहरु रहेका छन् ।

प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरुको क्रम पाठ्यक्रम तथा विशिष्टीकरण तालिकामा उल्लेख गरिएको भाषिक मूल्याङ्कन प्रक्रिया अनुरूप उल्लेख गरिएको देखिन्छ । तसर्थ पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा समावेश प्रश्नहरुको रखाइ क्रममा एकरूपता भएकाले प्रस्तुत प्रश्नपत्रको प्रस्तुति अनुक्रममा समानता रहेको देखिन्छ ।

### ६.१.४ प्रश्नपत्रको स्वरूप

स्वरूपका आधारमा माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका पाँचै विकास क्षेत्रका प्रश्नहरु चार पृष्ठका रहेका छन् भने सबै प्रश्नपत्रको पछिल्लो पृष्ठमा शीर्ष निर्देशन दिइएको छ । १०० पूर्णाङ्कका उक्त प्रश्नपत्रमा १८ वटा प्रश्नहरु समावेश गरिएका छन् भने प्रश्नहरुका लागि १२ प्वाइन्टका अक्षरहरु राखिएका छन् । पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरु समाउन र हेर्न सहज हुने खालका प्रश्नपत्रको सिरान तथा पुछारमा एक-एक इन्च तथा दायाँ बायाँ किनारा आधा/आधा इन्च मात्र खाली राखिएका छन् भने प्रश्नपत्रको लागि उपयोग गरिएको कागज ५० ग्रामको सेतो रङको दुबैतिर अक्षर छाप्न सकिने सफा गुणस्तरीय तथा चिल्लो कागजको उपयोग गरिएको छ । प्रतिनिधि प्रश्नपत्रका प्रश्न नं ९ र प्रश्न नं ११ का उपप्रश्न 'ख' लाई दुई वटा पृष्ठमा उल्लेख गरिएका छन् जुन उपयुक्त होइन । यसरी हेर्दा उक्त प्रश्नपत्रमा समावेश प्रश्नहरु समान किसिमका देखिन्छन् ।

### ६.१.५ भाषा

भाषा प्रश्नपत्रमा हुनु पर्ने एक महत्त्वपूर्ण पक्ष हो । प्रश्नपत्रमा प्रयोग भएको भाषा सरल, शुद्ध तथा स्तर अनुकूल हुन आवश्यक मानिन्छ । भाषिक दृष्टिले पाँचै विकास क्षेत्रका प्रश्नपत्रको

अध्ययन गर्दा प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रको शीर्ष निर्देशनमा संयुक्त वर्णलाई कतै (गद्यांश, पद्धति) जोडेर तथा कतै (उपयुक्त, शुद्ध) तोडेर उल्लेख गरिएको छ भने मध्य पश्चिमाञ्चल विकास क्षेत्र तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नपत्रको प्रश्न नं ९ को गद्यांशमा ' रेक्टर स्केल', 'ब्याक्टेरीया' आदि जस्ता अंग्रेजी शब्दहरु मिसिएको देखिन्छ । यस्तै मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रको प्रश्न नं. १५ को उपप्रश्न 'ख' मा पूर्णविराम (।) चिह्न छुटेको देखिन्छ ।

यसरी हेर्दा पाँचै विकास क्षेत्रका प्रश्नपत्रको शीर्ष भागमा अंग्रेजी शब्द लेखिनु, एउटै प्रश्नपत्रभित्र संयुक्त वर्णहरु कतै जोडेर तथा कतै छुट्ट्याएर लेखिनु सबै प्रश्नपत्रमा रहेका त्रुटि हुन् भने गद्यांशभित्र अंग्रेजी शब्दहरु मिसाइनु, मध्यपश्चिमाञ्चल विकास क्षेत्र तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नपत्रमा देखिएका त्रुटिहरु हुन् । यस्तै पूर्णविराम (।) चिह्न नै छुटाउनु मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा मात्र भएको त्रुटि हो भने सबै विकास क्षेत्रका प्रश्नपत्रहरुमा अन्य दृष्टिले समानता रहेको देखिन्छ ।

## ६.२ आन्तरिक आधारमा प्रश्नपत्रको तुलना

यस अन्तर्गत निम्नलिखित उपआधारहरुमा केन्द्रित रही प्रश्नपत्रहरुको तुलनात्मक अध्ययन गरिएको छ :

### ६.२.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति प्रयोग गरिने प्रश्नपत्रले सम्पूर्ण पाठ्याक्रमको प्रतिनिधित्व गरेको हुनु पर्दछ । पाँचै विकास क्षेत्रमा उपयोग गरिएका प्रश्नपत्रहरुको तुलना प्रश्नपत्रको उद्देश्य, विधा, क्षेत्र, प्रश्नपत्रको अङ्कभार, समय र प्रश्न सन्तुलन आदिका आधारमा गरिएको छ ।

यसरी पाठ्यक्रम अनुरूपताका आधारमा पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरुको तुलना गर्दा प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रहरुमा माध्यामिक शिक्षा पाठ्यक्रम २०६४ ले निर्देशन दिए अनुरूप पढाइ सिपका लागि कथा, कविता, जीवनी तथा लेखाइ सिप विकास गर्न निबन्ध विधाबाट प्रश्नहरु समावेश गरिएका छन् ।

विधाको अङ्कभार र प्रश्न सन्तुलनका दृष्टिले हेर्दा प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रमा शब्द भण्डार अन्तर्गत शब्दार्थ, शब्दज्ञान र वाक्यमा प्रयोग गर्ने प्रश्नबाट १२ अङ्क, हिज्जे अन्तर्गत शुद्धीकरणका लागि ५ अङ्क, व्याकरण अन्तर्गत शब्दवर्ग, शब्द निर्माण, काल, पक्ष, भाव र वाक्य परिवर्तनबाट १८ अङ्क, बोध (अदृष्टांश रचना) बाट ५ अङ्क, स्वतन्त्र रचनाका लागि चिठी, वाद

विवाद, संवाद तथा निबन्ध लेखनबाट २० अङ्क, संक्षिप्त उत्तरका लागि जीवनी निबन्ध र कविताबाट १० अङ्क, तार्किक प्रश्नका लागि रूपक विधाबाट ५ अङ्क तथा विवेचनात्मक प्रश्नका लागि कथा, जीवनी, निबन्ध विधाबाट १० अङ्कका प्रश्नहरु समान रूपमा समावेश गरिएका छन् ।

यसरी पाँचै विकास क्षेत्रका प्रश्नपत्रका प्रश्नपत्रको शीर्ष भागमा नै १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरिएको छ भने प्रत्येक प्रश्नको दायाँ भागमा त्यस प्रश्नको अङ्क निर्देश गरिएको छ तर समय भने शीर्ष भागमा नै एकमुष्ट रूपमा सबै प्रश्नपत्रहरु समान रूपले उल्लेख गरिएको हुँदा पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा एकरूपता रहेको देखिन्छ ।

## ६.२.२ भाषिक पक्षहरुको संयोजन र सन्तुलन

भाषिक पक्षहरुको संयोजन र सन्तुलनका दृष्टिले माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका पाँचै विकास क्षेत्रका प्रश्नपत्र अन्तर्गत पढाइ सिप, शब्द भण्डार क्षमता तथा व्याकरणिक ज्ञान र सिप परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएका छन् ।

प्रत्येक विकास क्षेत्रका प्रश्नपत्रहरुमा जम्मा १०० पूर्णाङ्कका प्रश्नहरु सोधिएका छन् । यी प्रश्नहरुमा पढाइ सिप परीक्षणका लागि पठन बोध ५ अङ्क, सप्रसङ्ग व्याख्या ५ अङ्क, संक्षिप्त उत्तर लेख्ने प्रश्न १० अङ्क र विवेचनात्मक प्रश्न १० अङ्क गरी जम्मा ३० अङ्कका प्रश्नहरु सोधिएका छन् । यस्तै लेखाइ सिप अन्तर्गत सारांश लेखन ५ अङ्क, वाद विवाद, संवाद वा मनोवाद लेखनका माध्यमबाट ५ अङ्क, कथा वा जीवनी लेखन सिप अन्तर्गत ५ अङ्क, चिठी लेखन ५ अङ्क, निबन्ध लेखनका लागि १० अङ्क, तथा तार्किक लेखनबाट ५ अङ्क गरी जम्मा ३५ अङ्कका प्रश्नहरु सोधिएका छन् । यस्तै हिज्जे अन्तर्गत शुद्धाशुद्धी ५ अङ्क, शब्द भण्डार अन्तर्गत शब्दार्थ ४ अङ्क, शब्दज्ञान ३ अङ्क र वाक्यमा प्रयोग गर्ने प्रश्न ५ अङ्क गरी जम्मा १२ अङ्कका प्रश्नहरु सोधिएका छन् भने व्याकरण अन्तर्गत शब्दवर्ग ४ अङ्क, शब्द निर्माण, ४ अङ्क, काल, पक्ष र भावबाट ५ अङ्क तथा वाक्य परिवर्तनबाट ५ अङ्क गरी जम्मा १८ अङ्कका प्रश्नहरु सोधिएका छन् ।

यसरी सबै प्रश्नपत्रहरुमा समान रूपले पढाइ सिप परीक्षणका लागि ३० प्रतिशत लेखाइ सिप परीक्षणका लागि ३५ प्रतिशत, व्याकरण सम्बन्धी सिप परीक्षणका लागि १८ प्रतिशत, हिज्जे (वर्ण विन्यास) परीक्षणका लागि ५ प्रतिशत तथा शब्द भण्डार क्षमता परीक्षणका लागि १२ प्रतिशत प्रश्नहरु समावेश गरिएकाले प्रतिनिधि प्रश्नपत्रहरुका बिचमा समानता रहेको देखिन्छ ।

### ६.२.३ प्रश्नपत्रमा हुनु पर्ने गुणहरु

प्रश्नपत्रको आन्तरिक पक्ष सबल पार्न प्रश्नपत्रमा हुनु पर्ने गुण अन्तर्गत विश्वसनीयता, वैधता, विभेदकारिता तथा व्यावहारिकता जस्ता विशेषता हुन जरुरी हुन्छ । यिनै विशेषताका आधारमा प्रतिनिधि प्रश्नहरुको तुलना गरिएको छ ।

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका पाँचै विकास क्षेत्रका प्रश्नपत्रलाई विश्वसनीयताका आधारमा तुलना गर्दा सबै प्रश्नपत्रमा केही कमजोरीहरु रहेको देखिन्छ । जस्तो प्रतिनिधि सबै प्रश्नपत्रको प्रश्न नं २ को प्रश्न निर्देशनमा खाली ठाउँमा उपयुक्त शब्दहरु भर्नुहोस् मात्र लेखिएको छ । यस्तै प्रश्न नं ६ को उपप्रश्न ‘ख’ को निर्देशनमा समास र विग्रह गर्नु होस् मात्र भनिएको छ । त्यस्तै प्रश्न नं १० को प्रश्न निर्देशनमा तलको गद्धांशबाट चार वटा बुँदाहरु टिपी सारांश लेख्नु होस् मात्र भनिएको छ । यसरी हेर्दा पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा समान त्रुटि भएकाले यिनका बिचमा समानता रहेको देखिन्छ ।

विषयगत वैधताका दृष्टिले उपयुक्त रहेका पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरु रचनात्मक वैधताका दृष्टिले पनि समान किसिमका रहेका छन् ।

विभेदकारिताका दृष्टिले पाँचै विकास क्षेत्रका प्रश्नपत्रलाई तुलनात्मक रूपमा हेर्दा सबै प्रश्नपत्रमा विभेदकारिताका लागि समान अङ्कभार छुट्ट्याएको पाइन्छ । यस्तै व्यावहारिकताका दृष्टिले सबै प्रश्नपत्रमा १०० पूर्णाङ्कका लागि ३ घण्टा समय निर्धारण गरी १८ वटा प्रश्नहरु सोधिएका छन्, जसमा लामो उत्तर लेख्नु पर्ने प्रश्नका लागि धेरै अङ्कभार तथा छोटो उत्तर लेख्ने प्रश्नका लागि थोरै अङ्कभार छुट्ट्याइएको छ । यसरी हेर्दा पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा समानता रहेको देखिन्छ भने अन्य विविध हिसाबले पनि प्रश्नपत्र व्यावहारिक नै रहेका देखिन्छन् ।

### ६.२.४ प्रश्नका विविध पक्षहरु

भाषिक परीक्षणका लागि मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न नसकेको अवस्थामा लिखित परीक्षा नै विकल्प हुने देखिन्छ । लिखित परीक्षा सञ्चालनका निम्ति विषयगत तथा वस्तुगत प्रकृतिका प्रश्नहरु निर्माण गर्नु पर्ने हुन्छ भने यस्ता प्रश्नहरुले पहिचानात्मक तथा उत्पादानात्मक क्षमताको पहिचान गर्न सक्नु पर्दछ । विषयगत प्रश्नले उत्पादानात्मक तथा वस्तुगत प्रश्नले पहिचानात्मक क्षमताको परीक्षण गर्न सक्नु पर्दछ । पाँचै विकास क्षेत्रका प्रश्नहरुको यस आधारमा अध्ययन गर्दा विषयगत प्रश्न अन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक,

सश्लेषणात्मक तथा सिर्जनात्मक लेखन सम्बन्धी परीक्षण गर्ने प्रश्नहरु समावेश गरिएका छन् भने वस्तुगत प्रकृतिका प्रश्न अन्तर्गत शब्दार्थ, शब्दज्ञान, शब्द प्रयोग, वर्ण विन्यास तथा व्याकरण तत्त्वको पहिचान गर्ने किसिमका प्रश्नहरु समावेश गरिएका छन् । तसर्थ प्रतिनिधि प्रश्नपत्र प्रश्नका विविध पक्षका दृष्टिले उपयुक्त रहेका देखिन्छन् ।

### ६.२.५ भाषा

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएको पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा समावेश भाषा सैद्धान्तिक तथा व्यावहारिक दृष्टिले उपयुक्त देखिन्छ भने सबै प्रश्नपत्रमा उल्लेख गरिएका प्रश्नमा केही अस्पष्टता देखिए पनि समग्रमा प्रश्नपत्रको भाषा सरल, स्पष्ट र शुद्ध तथा स्तर अनुकूल समान किसिमको देखिन्छ ।

## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

### ७.१ सारांश

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य सम्पन्न गर्नका लागि पाँच वटै विकास क्षेत्रका प्रश्नपत्रलाई लिई प्रश्नहरुको तुलनात्मक अध्ययन गरिएको छ । यसका लागि प्रश्न विश्लेषणका सैद्धान्तिक आधार अन्तर्गत आन्तरिक र बाह्य विशेषतालाई मुख्य आधार मानिएको छ ।

प्रस्तुत शोधकार्यको पहिलो अध्यायमा शोधको परिचय समावेश गरिएको छ । यस अध्ययन अन्तर्गत पृष्ठभूमिका रूपमा मूल्याङ्कन परीक्षण र प्रश्नपत्रको अवधारणालाई लिइएको छ । माध्यामिक शिक्षा परीक्षा २०७३ मा सोधिएका पाँचै विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नपत्रमा समावेश प्रश्नहरु विशिष्टीकरण तालिका अनुरूप निर्माण गरिएका छन् वा छैनन् ? प्रतिनिधि प्रश्नपत्रहरु आन्तरिक र बाह्य वैधताका आधारमा निर्माण गरिएका छन् वा छैनन् ? प्रतिनिधि प्रश्नपत्रमा के कस्ता समानता वा भिन्नताहरु रहेका छन् ? आदिलाई मूख्य समस्याको रूपमा लिदै विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु, प्रश्नपत्रको सैद्धान्तिक आधारमा विश्लेषण गर्नु र तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य निर्धारण गरिएका छन् । भने माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको विश्लेषण र तुलनात्मक अध्ययनमा प्रस्तुत अध्ययन सीमित रहदै अगाडि बढाइएको छ र अन्तमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । पूर्वकार्यको पुनरावलोकन अन्तर्गत शोध शीर्षकसँग सम्बन्धित पुस्तकहरु र पूर्व गरिएका सम्बन्धित शोधकार्यहरुको विवरणलाई प्रस्तुत गरिएको छ । सैद्धान्तिक अध्ययन अन्तर्गत मूल्याङ्कनको अवधारणा तथा प्रश्नपत्र निर्माण र विश्लेषणका सैद्धान्तिक आधारहरु अन्तर्गत प्रश्न निर्माण र विश्लेषणका बाह्य र आन्तरिक आधारका उपआधारहरुको बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत अध्ययनको तेस्रो अध्यायमा अध्ययन विधिलाई समावेश गरिएको छ । शोधकार्यमा राखिएका उद्देश्यहरु पुरा गर्नका लागि अपनाइने पद्धति वा अध्ययनको तौर तरिका अध्ययन विधि हो । अनुसन्धानको निश्चित् उद्देश्य प्राप्त गर्न अपनाइने नमुना छनोट र तथ्याङ्क सङ्कलन विश्लेषण गर्ने प्रक्रिया अध्ययन विधिभित्र पर्दछ । यस अध्ययनमा प्राथमिक र द्वितीयक तथ्याङ्क

सङ्कलन गरी प्रश्नहरुको व्याख्या, विश्लेषण तथा तुलना गरिएको छ । प्रस्तुत शोधको अध्याय चारमा पाँच वटै विकास क्षेत्रका प्रश्नपत्रहरुको विशिष्टीकरण तालिकाका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । यस अन्तर्गत शब्द भण्डारका आधारमा अध्ययन, हिज्जे, वर्ण विन्यास र लेख्य चिह्नका आधारमा अध्ययन, व्याकरणका आधारमा अध्ययन, बोध तथा बुँदा टिपोटका आधारमा र सारांश लेखनका आधारमा अध्ययन, निर्देशन तथा स्वतन्त्र रचनाका आधारमा अध्ययन, सप्रसँग व्याख्याका आधारमा अध्ययन, संक्षिप्त उत्तरात्मक प्रश्नको अध्ययन र लामो उत्तर दिने प्रश्नको अध्ययन तथा विश्लेषण गरी शोध कार्यलाई अगाडि बढाइएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ अध्यायका रूपमा प्रतिनिधि प्रश्नहरुको बाह्य र आन्तरिक आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्रश्नपत्रको बाह्य आधारमा व्याख्या गर्दा निर्देशन, अङ्क विभाजन, समयको निर्धारण प्रस्तुतिको अनुक्रम, प्रश्नपत्रको स्वरूप तथा भाषा जस्ता आधारमा आधारित भएर प्रतिनिधि प्रश्नहरुको अध्ययन विश्लेषण गरिएको छ ।

आन्तरिक आधारमा प्रश्नहरुको विश्लेषण गर्दा पाठ्यक्रम अनुरुपता, भाषिक पक्षहरुको संयोजन र सन्तुलनका प्रश्नहरु हुन्, जुन प्रश्नका विभिन्न पक्ष र भाषालाई आधार बनाइएको छ । भाषिक पक्षको संयोजन र सन्तुलनका आधारमा हेर्दा पढाइ सिप परीक्षण, लेखाइ सिप परीक्षण, शब्द भण्डार परीक्षण, व्याकरणात्मक सिप परीक्षणका साथै प्रश्नहरुको भाषिक दृष्टिले व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको छैटौं अध्यायमा पाँच वटै विकास क्षेत्रका प्रश्नहरुको विश्लेषणका बाह्य तथा आन्तरिक आधारमा तुलना गरिएको छ । तुलनाका क्रममा बाह्य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नहरुको स्वरूप तथा भाषाका आधारमा र आन्तरिक आधार अन्तर्गत पाठ्यक्रम अनुरूपता भाषिक पक्षको संयोजन र सन्तुलन प्रश्नपत्रमा हुनु पर्ने गुणहरु प्रश्नका विविध पक्ष र भाषाका आधारमा तुलना गरिएको छ ।

प्रस्तुत शोधपत्रको सातौ अध्यायमा सारांश, निष्कर्ष तथा उपयोगिता खण्डलाई प्रस्तुत गरिएको छ । यसमा उपयोगिता तथा सुधारका आवश्यक सुझावलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य निर्माणका लागि विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरुको अध्ययन विश्लेषण गरिनुका साथै प्रश्नपत्र विश्लेषणका सैद्धान्तिक आधार अन्तर्गत बाह्य र आन्तरिक विशेषताका आधारमा प्रश्नको विश्लेषण गरी यिनै विशेषताका आधारमा पाँचै विकास क्षेत्रका प्रश्नपत्रको तुलना गरिएको छ ।

प्रश्न विश्लेषण गर्दा विशिष्टीकरण तालिका अन्तर्गत शब्द भण्डार, हिज्जे, वर्ण विन्यास, बोध प्रश्नोत्तर, बुँदा टिपोट र सारांश लेखन निर्देशित रचना र स्वतन्त्र रचना, सप्रसँग व्याख्या, संक्षिप्त उत्तरात्मक प्रश्न तथा विवेचनात्मक प्रश्नका आधारमा प्रश्नहरुको विश्लेषण गरिएको छ । यस्तै प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारहरुमध्ये मुख्य उपआधारहरु रहनुका साथै यिनै प्रश्न विश्लेषणका बाह्य र आन्तरिक विशेषताका आधारमा तुलनात्मक विश्लेषण गरी निम्नानुसार निष्कर्ष निकालिएको छ :

- माध्यामि शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका पाँचै विकास क्षेत्रका प्रश्नपत्रमा समावेश गरिएका प्रश्नपत्रहरु विशिष्टीकरण तालिका अनुसार रहेको पाइन्छ ।
- विशिष्टीकरण तालिकाले प्रश्नपत्रमा समावेश प्रत्येक प्रश्नका लागि अङ्भारका आधारमा छुट्टाछुट्टै समय निर्धारण गर्न भनिएको छ; तर यसो नगरी एकमुष्ठ रूपमा समय उल्लेख गरिनुले प्रश्नपत्र त्रुटिपूर्ण रहेको पाइन्छ ।
- अनिवार्य नेपाली विषयको प्रतिनिधि प्रश्नपत्रको शीर्ष भागमा नै अंग्रेजीमा SEE 2073 (2017) लेखिनु भाषिक दृष्टिले त्रुटिपूर्ण रहेको पाइन्छ ।
- प्रतिनिधि प्रश्नपत्रको पृष्ठ निर्देशन उपयुक्त ढङ्गले गरिएको छ । सबै प्रश्नपत्रहरुमा पृष्ठको अन्त्यमा अर्को पृष्ठलाई जनाउन स्पष्ट रूपमा क्रमश: लेखिएको छ भने अन्तमा समापनका लागि समापक सङ्केत चिह्न प्रयोग गरिएको पाइन्छ ।
- प्रश्न निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रका प्रश्न निर्देशनमा प्रश्न निर्देशनलाई गाढा गरिनु उपयुक्त देखिन्छ भने प्रश्न निर्देशनमा तलको गद्धांशबाट चार वटा बुँदामा टिपी सारांश लेख्नु होस् मात्र भनिएको छ । कस्ता चार वटा बुँदा टिप्ने भनी स्पष्ट निर्देशन नदिइएको हुँदा उक्त निर्देशन त्रुटिपूर्ण रहेको पाइन्छ ।

- प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरु सरलदेखि जटिलताको क्रममा मिलाएर राखिएको पाइन्छ ।

- स्वरूपका आधारमा प्रतिनिधि प्रश्नपत्र अन्य दृष्टिले उपयुक्त रहे तापनि प्रश्नपत्रको दायाँ बायाँ आधा/आधा इन्च र तलमाथि एक/एक इन्च मात्र किनारा खाली छोड्नुले प्रश्नपत्र केही त्रुटिपूर्ण रहेको पाइन्छ ।

- पाठ्यक्रमले निर्देशन गरे अनुरूप प्रतिनिधि प्रश्नपत्रमा समाबेश प्रश्नहरु पाठ्यक्रमका उद्देश्य, विधा, क्षेत्र, प्रश्नपत्रको अङ्कभार, प्रश्न सन्तुलन आदि दृष्टिले उपयुक्त रहेको पाइन्छ ।

- प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सिपका लागि ३५ प्रतिशत, पढाइ सिपका लागि ३० प्रतिशत, शब्द भण्डार क्षमता परीक्षणका लागि १२ प्रतिशत तथा हिज्जे र व्याकरण सिप परीक्षणका लागि २३ प्रतिशत पाठ्यभार भएका प्रश्नहरु समावेश गरिनुले भाषिक पक्षको संयोजन र सन्तुलन उपयुक्त रहेको पाइन्छ ।

- प्रश्नपत्रमा हुनु पर्ने गुण अन्तर्गत प्रत्येक प्रश्नपत्रमा समावेश प्रश्नहरु विश्वसनीयताका दृष्टिले केही कमजोर रहे पनि अन्य दृष्टिले भने उपयुक्त नै रहेको पाइन्छ ।

- एउटै प्रश्नपत्रमा संयुक्त वर्णहरु कतै जोडिएर (गद्यांश, महत्त्व) तथा कतै छुट्याएर (शुद्ध, उपयुक्त) लेखिनु भाषिक एकरुपताका दृष्टिले त्रुटिपूर्ण भए पनि अन्य दृष्टिले प्रतिनिधि प्रश्नपत्रमा समावेश भाषा उपयुक्त रहेको पाइन्छ ।

- पाँचै विकास क्षेत्रका प्रश्नपत्रलाई बाह्य तथा आन्तरिक विशेषताका आधारमा तुलनात्मक अध्ययन गर्दा भाषिक दृष्टिले केही सामान्य भिन्नताहरु रहे तापनि अन्य दृष्टिले प्रश्नपत्रहरुमा एकरूपता रहेको पाइन्छ ।

## ७.३ उपयोगिता

कुनै पनि शोधकार्यको उद्देश्य नयाँ कुराको खोजी गर्नु र पहिले गरिएका अध्ययनहरुको पूर्ण व्याख्या गर्नु हो । अध्ययन अनुसन्धानबाट निस्किएको नयाँ निष्कर्ष र सुझाबलाई कार्यान्वयन गर्ने विभिन्न क्षेत्र नै शोधका उपयोगिताका क्षेत्रहरु हुन् । प्रस्तुत शोधपत्र विभिन्न क्षेत्रमा उपयोगी हुन सक्छ ।

'माध्यामिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार पारिएको छ । यसको समग्र उपयोगितालाई निम्नलिखित बुँदाहरुमा प्रस्तुत गर्न सकिन्छ :

- प्रश्न निर्माणमा सक्रिय व्यक्ति र संस्थालाई विशेष रूपमा सहयोग हुने
- प्रश्न निर्माणमा हुने कमीकमजोरीहरुका बारेमा औंल्याइएको हुनाले भाषिक प्रश्न निर्माणमा संलग्न हुनेहरुलाई सहयोगी हुने
- प्रश्न निर्माणका वैज्ञानिक तथा सैद्धान्तिक आधारहरु निर्माण गर्न सहज हुने
- पाठ्यक्रमका उद्देश्य अनुरूप प्रश्नहरु निर्माण गर्न सहज हुने
- आगामी दिनमा प्रश्नपत्रसँग सम्बन्धित शोध गर्ने शोधार्थीहरुका लागि उपयोगी हुने
- भाषिक प्रश्न निर्माण र विश्लेषणका क्षेत्रमा काम गर्नेहरुलाई महत्त्वपूर्ण आधार प्राप्त हुने र
- भाषिक दृष्टिले पाठ्य पुस्तक र अभ्यास पुस्तिका निर्माण गर्ने क्षेत्रमा उपयोगी आधार प्राप्त हुने आदि ।

# सन्दर्भ ग्रन्थ सूची


खनाल, पेशल र अन्य (२०७१), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

गौतम, रेनुका (२०६६), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

ज.व.रा. स्वयम् प्रकाश र अन्य (२०६८), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जैसी, भूमि प्रसाद (२०७३), *सेती अञ्चलका कक्षा आठको जिल्ला स्तरीय परीक्षाका प्रश्नपत्रहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दुर्गा दहाल (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम. के. पब्लिसर्स डिष्ट्रिव्युटर्स ।

थापा, बिमला (२०७२), *स्नातक तह अनिवार्य विषयका पुराना र नयाँ प्रश्नहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

निरौला, वासुदेव (२०६७), *प्रवेशिका परीक्षा २०६६ मा सोधिएका नेपाली विषयका प्रश्नहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली शिक्षा भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

पराजुली, तीर्थराज र अन्य (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाईट पब्लिकेसन ।

पोखरेल, भगवता (२०६४), *प्रवेशिका परीक्षा २०६४ को अनिवार्य नेपाली विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०६८), *भाषिक मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०७०), *भाषिक परीक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि. ।

बन्धु, चुडामणि (२०७०), *अनुसन्धात तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बस्नेत, कमल बहादुर (२०६२), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नपत्रको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्ट, नारायण दत्त (२०६२), *वि.एड. प्रथम वर्ष २०६८ र २०६९ मा साधारण नेपाली विषयका प्रश्नपत्रको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि रामनाथ ओझा रडोलराज अर्याल (२०५८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

रिमाल, विष्णु राज (२०७३), *उ.मा.वि. तह अनिवार्य नेपाली विषयक प्रश्नहरुको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामीछाने, यादव प्रकाश (२०६५), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, छुनु (२०६९), *एस.एल.सी. पूर्व योग्यता परीक्षा २०६८ मा निजी तथा सरकारी विद्यालयले प्रयोग गरेका नेपाली प्रश्नपत्रको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चूडामणि र निर्मला शर्मा (२०६६), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम. के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शाह, पुष्पा (२०६६), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।